वार्षिक प्रकाशन, अङ्क ६

# अग्रज

## Retired but not Tired

२०७५

***RETIREMENT*** is not the end of the road

It is the beginning of the ***OPEN HIGHWAY***

## नेपाल पूर्व सशस्त्र प्रहरी संघ

केन्द्रीय कार्यालय, स्वयम्भू, हलचोक

फोन नं. ०१४२८३४४०, फ्याक्स नं. ०१४२८३४४०

Email : exapf.acn@gmail.com, Website : www.nepalexapf.org.np

नेपाल पूर्व सशस्त्र प्रहरी संघको एघारौं संघ दिवस तथा केन्द्रीय परिषद् सभाको सफलता एवम् उत्तरोत्तर उन्नती प्रगतिका लागि हार्दिक मङ्गलमय शुभकामना

फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि. २०६६

Flash Multipurpose Co-operative Ltd.

फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.

संस्थाको सहकार्यमा समर्पित

WESTERN UNION®
मनी ट्रान्सफर
विदेशबाट तुरुन्त रकम प्राप्त गर्ने माध्यम

NABILBANK®
देशव्यापी रकम पठाउने भरपर्दो माध्यम
NABILREMIT
सेवा यहाँ उपलब्ध छ ।

himal remit
हिमालरेमिट
सम्पन्न पार्दैछ जिन्दगी

काठमाण्डौ म.न.पा. वडा नं. ४, धुम्बाराही चौबाटो, रिङ्गरोड, पोष्ट बक्स : २४०७३, फोन : ०१-४३७३२३२
फ्याक्स : ०१-४३७१०२८, इमेल : flashcop4@yahoo.com, flashcop4@gmail.com

## प्रकाशन सल्लाहकार मण्डल / Publication Advisory Board

प्रमुख सल्लाहकार | Chief Advisor
श्री किशोर कुमार लामा | Mr. Kishor Kumar Lama
अध्यक्ष | *Chairperson*

सल्लाहकार | Advisor
श्री बासुदेव बली | Mr. Basudev Oli
निबर्तमान अध्यक्ष | *Former Chairperson*

सल्लाहकार | Advisor
श्री सनत कुमार बस्नेत | Mr. Sanat Kumar Basnet

सल्लाहकार | Advisor
श्री शैलेन्द्र कुमार श्रेष्ठ | Mr. Shailendra Kumar Shrestha

सल्लाहकार | Advisor
श्री कोषराज वन्त | Mr. Koshraj Onta

सल्लाहकार | Advisor
श्री दुर्ज कुमार राई | Mr. Durja kumar Rai

सल्लाहकार | Advisor
श्री सिंह बहादुर श्रेष्ठ | Mr. Singha Bahadur Shrestha

## सम्पादक मण्डल / Editorial Board

प्रधान सम्पादक | *Chief Editor*
डा. कृष्ण कुमार तामाङ | Dr Krishna Kumar Tamang
सल्लाहकार | *Advisor*

सम्पादक | Editor
श्री दिवाकर के.सी. | Mr. Deewakar K.C.

सम्पादक | Editor
श्री भीमबहादर पन्थ | Mr. Bhim Bahadur Pantha

सम्पादक | Editor
श्री बलराम तिमिल्सिना | Mr. BalaramTimilsina

कम्प्युटर | Computer
श्री शिव प्रसाद भट्ट | Mr. Shiva Prasad Bhatta
सप्रनानि | *Sub-Insp, APF Nepal*

3G PRINTERS
मू.अ.क.नं. : ३०४१४३१३७

श्री जी प्रिन्टर्स
3 G PRINTERS
त्रिपुरेश्वर, काठमाडौं, फोन : ४२६१३४६
ईमेल : 3GPrinters.hq@gmail.com

कम्प्युटर डिजाइन
श्री शैलेस बज्राचार्य

# प्रकाशन समिति



संयोजक

**डा. श्री कृष्ण कमार तामाङ**

स.प्र.अ.म.नि. (अ.प्रा.)

**AIG, Dr Krishna Kumar Tamang (Rtd)**



सह–संयोजक

**श्री दिवाकर के.सी.**

स.प्र.ना.म.नि.(अ.प्रा.)

**DIG Diwakar KC (Rtd)**



सदस्य

**श्री धन बहादुर थापा**

स.प्र.ब.उ.(अ.प्रा.)

**SSP Dhan Bahadur Thapa (Rtd)**



सदस्य

**श्री प्रल्हाद के.सी.**

स.प्र.उ.(अ.प्रा.)

**SSP Prahlad KC (Rtd)**



सदस्य

**श्री अजय कुमार सिंह**

स.प्र.उ.(अ.प्रा.)

**SP Ajay Kumar Singh (Rtd)**



सदस्य

**श्री भिम बहादुर पन्थ**

स.प्र.उ.(अ.प्रा.)

**SP Bhim Bahadur Pantha (Rtd)**



सदस्य

**श्री कबिराज श्रेष्ठ**

स.प्र.उ.(अ.प्रा.)

**SP Kabiraj Shrestha (Rtd)**



सदस्य

**श्री बलराम तिमिल्सिना**

स.प्र.ना.उ.(अ.प्रा.)

**DSP Balaram Timilsina (Rtd)**



सदस्य

**श्री महेन्द्र बहादुर कार्की**

स.प्र.ना.उ.(अ.प्रा.)

**DSP Mahendra Bahadur Karki (Rtd)**



सदस्य

**श्री गोपाल प्रसाद बि.के.**

स.प्र.ना.उ.(अ.प्रा.)

**DSP Gopal Prasad BK (Rtd)**



सदस्य

**श्री कृष्णराज खतिवडा**

स.प्र.नि.(अ.प्रा.)

**Insp Krishnaraj Khatiwada (Rtd)**



# शुभ-कामना

नेपाल पूर्व सशस्त्र प्रहरी संघको एघारौं वार्षिक दिवसको अवसरमा आफ्ना अनुभव, समन्वय, सहकार्य एवं राष्ट्र राष्ट्रियता तथा जनताको लागि समर्पण भावसहित सशस्त्र प्रहरी बल, नेपालमा सेवारत रही जीवनका उर्वर कालखण्डहरु मातृभूमिको सेवा र सुरक्षामा व्यतित गरी स-सम्मान अवकास हुनुभएका पूर्व सशस्त्र प्रहरी संघमा आवद्ध पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुलाई यस संगठनमा सेवारत रहँदा पुऱ्याउनु भएको योगदानको उच्च प्रशंसा गर्दै हार्दिक शुभकामना तथा उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

संघको एघारौं वार्षिक दिवस तथा केन्द्रिय परिषद् सभाको अवसरमा "अग्रज" नामक पुस्तक प्रकाशन गर्न लागेकोमा म मेरो व्यक्तिगत तथा सशस्त्र प्रहरी बल नेपालका सम्पूर्ण राष्ट्रसेवकहरु तथा परिवारजनको तर्फबाट सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जीवनको स्वर्णिम कालखण्डलाई राष्ट्रसेवामा समर्पण गरी आर्जित सेवाकालिन ज्ञान, सीप तथा अनुभवलाई अवकाश पश्चात् पनि अनवरत रुपमा राष्ट्र र जनताको सेवा, सुरक्षा र सहयोगमा अविछिन्न लागि मातृसंस्था सशस्त्र प्रहरी बल, नेपालको गरीमा तथा मान प्रतिष्ठा अभिवृद्धिमा पुऱ्याएको योगदानप्रति संगठन हमेसा कृतज्ञ रहनेछ । गर्विलो ईतिहासको दरिलो जगमा अडिग यस पवित्र संगठनको साख र गौरवलाई थप उचाई प्रदान गर्न अग्रजहरुको ज्ञान, योग्यता तथा अनुभवको संयोजनबाट प्राप्त मार्गदर्शन एवं रचनात्मक राय सुझावहरुको सशस्त्र प्रहरी बल, नेपाल सदैव अपेक्षा गर्दछ ।

अन्त्यमा, नेपाल पूर्व सशस्त्र प्रहरी संघको एघारौं वार्षिक दिवसको अवसरमा संघको उत्तरोत्तर प्रगति तथा सम्पूर्ण सेवानिवृत्त राष्ट्रसेवकहरु तथा तिनका परिवारजनहरुको सु-स्वास्थ्य दिर्घायु एवं सफल सेवानिवृत्त जीवनको कामना गर्दै "अग्रज" ले सेवा सुरक्षा सहयोगमा थप बल प्रदान गरोस् भन्ने सुभेच्छा सहित पुनः शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद
जय नेपाल ।

(शैलेन्द्र खनाल)
सशस्त्र प्रहरी महानिरीक्षक
संरक्षक नेपाल पूर्व सशस्त्र प्रहरी संघ



# मन्तव्य

नेपाल पूर्व सशस्त्र प्रहरी संघको संघ दिवस मनाउने र वार्षिक साधारण सभा पनि एकै दिन सम्पन्न गर्ने परम्पराको निरन्तरताले संघको परिलक्षित उद्देश्य तर्फको यात्राले एघारौं वर्षको जिवन्ततालाई प्रतिविम्बित गरेको छ । साधारण सभा र एघारौं संघ दिवसको शुभ-अवसर संघका पदाधिकारी एवम् सदस्यहरुका लागि अत्यन्तै महत्वपूर्ण भएकोले सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

एघारौं वर्षसम्मको संघको यात्राको सफलता पूर्व पदाधिकारीज्यूहरु, संघका सदस्यज्यूहरु र हाम्रो अभिभावकत्व निहित रहेको संगठन सशस्त्र प्रहरी बल, नेपालसँगको सौहार्दपूर्ण अन्तर सम्बन्ध, सहयोग र प्रयासहरुको परिणाम हो भन्नु अतियुक्ती नहोला । संघको श्री गणेश गराउनु हुने संस्थापक अध्यक्ष स्व. सहवीर थापा र संस्थापक सदस्य सचिव स्व.पोषेन्द्र ध्वज खाँड प्रति यसै अवसरमा सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । यसै गरी संघका संरक्षक एवम् सशस्त्र प्रहरी बल, नेपालका संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालज्यू, संघका निवर्तमान अध्यक्षज्यू, सल्लाहकारज्यूहरु र सदस्यज्यूहरुको योगदानको लागि आभार र धन्यवाद प्रकट गर्दछु ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघ केन्द्रमा एक दशक अगाडि स्थापना भएको भए तापनि सदस्यहरुको कमीले गर्दा जिल्लास्तरसम्म फैलिन सकिरहेको छैन मातृ संस्था श्री सशस्त्र प्रहरी बल, नेपालको १७ बर्ष अघि स्थापनाकालमा नेपाली सेना र नेपाल प्रहरीबाट आएका केही संख्याका सशस्त्र प्रहरी कर्मचारीहरुले अवकाश प्राप्त गरेपछि मात्रै संघले जिवन्तता पाएको थियो ।

श्री सशस्त्र प्रहरी बल, नेपालको स्थापनाकालमा खास गरी तल्लो तहमा नयाँ नियुक्ती भएका कर्मचारीहरुको सेवा अवधि १६ बर्ष पुगी नियमानुसार निवृत्तीभरणको अधिकार प्राप्त गरी स्वैच्छिक रुपमा सेवाबाट अलग हुने संख्या पनि बढ्दै गएकाले एघारौं बर्षमा आईपुग्दा संघले पनि विस्तार विकासमा गति लिन थालेको छ भने संघले यसै आ.ब. मा कम्तीमा पनि ७ प्रदेशहरुमा प्रदेश संघहरु गठन गर्ने लक्ष्य लिए बमोजिम नै ३ नम्बर प्रदेश र ६ नम्बर प्रदेशमा संघको गतिविधि सुरु भईसकेको छ ।

केही जिल्लाहरुमा बसोबास गर्ने संघका सदस्यहरुले जिल्ला स्तरमा पनि केन्द्रको सहमतिमा गतिविधिहरु सञ्चालन गर्दै गरेको जानकारी पनि प्राप्त भएको छ तापनि पहिलो चरणमा बाँकी

प्रदेशहरुमा सोही स्तरको संघको गठन गरी आवश्यक आर्थिक तथा भौतिक व्यवस्थापन गर्दै लैजाने प्रयास गरिएको छ ।

मुनाफारहित बहुउदेश्यीय जनहितकारी सामाजिक संस्थाको रुपमा स्थापित संघको उद्देश्य प्राप्तिको दिशामा अगाडि बढ्नका लागि सबभन्दा पहिला संघको आफ्नै कोषको व्यवस्था विना सम्भव नै नभएकाले पूर्वाधार स्वरुप संघले सानै रुपमा भए पनि कोष स्थापना गरी केन्द्रीय संघ सञ्चालनार्थ आर्थिक व्यवस्थापन पनि गरिसकिएको छ । भविष्यमा गठन हुने सबै स्तरका संघहरु सम्म यस्तै किसिमका कोषहरुको पनि विकास गर्दै लाने लक्ष्य राखिएको छ । संघको मूल धन नमासिने गरी वार्षिक रुपमा प्राप्त गर्न सकिने आर्थिक पक्षलाई मात्र दृष्टिगत गरी यसैको आधारमा सबै पक्षलाई समेटेर सन्तुलित रुपमा संघले विभिन्न योजनाहरु बनाएर व्यवस्थित रुपमा सञ्चालन गर्ने गराउने प्रणालीको विकास गरिएको छ ।

संघको उद्देश्य प्राप्तिमा आवश्यक सहयोग पुऱ्याउन सकोस् भन्ने उद्देश्यले केन्द्रीय कार्यकारिणी समितिको प्रत्यक्ष मातहतमा रहने गरी विशिष्ट किसिमका ८ वटा वैधानिक उप-समितिहरुलाई सक्रिय तुल्याई प्रत्येक ३/३ महिनामा प्रतिवेदन लिने व्यवस्थाको प्रयास गरिने छ। संघका सदस्यहरुको पीरमर्का बुझी समस्या समाधन गर्नका लागि पनि सबभन्दा पहिला देशब्यापी रुपमा संघको विस्तार विकास र आर्थिक तथा भौतिक व्यवस्थापनका साथसाथै सांगठनिक अनुशासनलाई पनि विधान अनुसार कडाईका साथ सँग-सँगै लैजाने नीति पनि संघले लिएको छ ।

संघले वार्षिक रुपमा प्रकाशन गर्दै आएको अग्रज नामक पुस्तक यस वर्ष पनि प्रकाशन गरेर सहयोग गर्नु हुने प्रकाशन समितका संयोजक लगायत सदस्यज्यूहरु, यस पुस्तकलाई रोचक र ज्ञानवर्द्धक बनाउनको लागि लेख रचनाहरु पठाउनु हुने विज्ञहरु तथा पुस्तक प्रकाशनमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण विज्ञापनदाताहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै पुस्तकको सेटिङ्गर डिजाइन गरिदिनु हुने श्री.जी. प्रिन्टर्सका शैलेस बज्राचार्यज्यू र कम्प्युटर अपरेटर सशस्त्र प्रहरी नायव निरीक्षक शिव प्रसाद भट्ट सहितको टिम धन्यवादका पात्र हुनुहुन्छ ।

**अध्यक्ष**

**किशोर कुमार लामा**

सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.)

## सम्पादकीय

२०६४ असोज २७ गते स्थापति नेपाल पूर्व सशस्त्र प्रहरी संघ अवकाश प्राप्त सशस्त्र प्रहरी राष्ट्रसेवकहरूको साझामिलनबिन्दुका रूपमा सेवारत रहदै आएको सर्वविदितै छ । प्रारम्भमा संघर्ष र चुनौती भरिएका दिनहरूबाट गुज्रदै संघको लक्ष्य र उद्देश्यतर्फको गतिमा क्रमिक प्रगतिको वर्तमान अनुभूतिलाई सफलता उन्मुख सूचक मान्न सकिन्छ । सशस्त्र प्रहरी बल, नेपालको सहकार्य र सहयोगमा संघले विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको परिप्रेक्ष्यमा विकसित लक्षणहरू स्वागतयोग्य छन् । नयाँ नेपालको सन्दर्भमा समग्र देशमा राज्यको नवीन श्रृजनशील एवम् जनमैत्री वातावरणमा संघका गतिविधि तथा भावी योजनाहरू आमजनमानस समक्ष पुऱ्याई अझ एक पाइला नजिक हुन संघका सल्लाहकार स.प्र.अ.म.नि. डा.कृष्ण कुमार तामाङज्यू (अप्रा) को संयोजकत्वमा प्रकाशन समितिले वार्षिक स्मारिका पुस्तकको निरन्तरतालाई अघि बढाउने प्रयत्न गरेको छ ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघले वार्षिक दिवस २०७५ को उपलक्ष्यमा विविध बौद्धिक तथा व्यवसायिक आयामहरू समेटेर "**अग्रज**" वार्षिक प्रकाशनको पुस्तकमा समय सान्दर्भिक विज्ञान, इतिहास, दर्शन, कानुन, आध्यात्म, साहित्य, कला, प्रविधि, खेलकुद, र स्वास्थ्यलगायतका विधाहरू सम्मिश्रित सबैका लागि पठनीय एवम् संग्रहयोग्य अभिलेख बनाउन उद्देश्यको यस अभियानलाई सफल तुल्याउन प्रत्यक्ष वा परोक्ष जुनश्रोत, व्यक्ति, र संस्थाहरूबाट सहयोग उपलव्ध भए त्यसका निम्ति समस्त पक्षहरूमा समिति सादर आभार व्यक्त गर्दछ ।

## Editorial

*Ever since the establishment of Nepal Ex Armed Police Association on Oct 14, 2007 all the retired rank and file officers of Armed Police Force are united through it. Till date whatsoever challenges faced and in the course faced ups and downs brought meagre success onto its achievements for its goals and mission are index of success. The credit goes to Armed Police Force, Nepal as well for sharing and hosting miscellaneous events with NEAPA. In the context of New Era in Nepal Publication Committee coordinated by Dr Krishna Kumar Tamang (Addn'lIns Gen, Rtd) in a bid to get a step closer with general populace of the country, has brought out this Annual Publication in the continuation of a tradition.*

*Nepal Ex Armed Police Association published AGRAZ, 2018 edition has embraced write-ups of academic and professional ingredients from science, history, philosophy, law, spiritual, classic literatures, and sports exclusively making it for all ages and archive, too. Hitherto the Publication Committee extends volley of thanks and gratitude to all concern for their assistance in this regard.*

# विषय सूचि


| | | | |
|---|---|---|---|
| १) | नेपाल पूर्व सशस्त्र प्रहरी संघको परिचय | | १ |
| २) | अनुशासन | – माधवप्रसाद घिमिरे | ७ |
| ३) | बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक | – सोम बहादुर थापा | १० |
| ४) | अन्तरदेशिय संगठित अपरा र | – स.प्र.म.नि.किशोर कुमार लामा (अ.प्रा.) | १४ |
| ५) | भज गोबिन्दम् | – स.प्र.अ.म.नि.रबिराज थापा (अ.प्रा.) | २४ |
| ६) | नानीबाबु | – स.प्र.अ.म.नि.डा.ठाकुर मोहन श्रेष्ठ (अ.प्रा.) | २९ |
| ७) | Contextualization of | - AIG Dr. Krishna K. Tamang (Retd.) | ३० |
| ८) | Armed Police Force, | - AIG Rajesh Shrestha (Retd.) | ३२ |
| ९) | सहकारी सरोकारका विषयहरू | – राधादेवी घले तामाङ | ३८ |
| १०) | ज्येष्ठ नागरिक प्रति राज्यको | – स.प्र.ब.उ.छत्र प्रधान | ३९ |
| ११) | अजम्बरी नाता | – स.प्र.ना.उ.योग्य बहादुर बस्नेत | ४० |
| १२) | मनाङ यात्रा | – श्रीमती अनुराधा थापा | ४१ |
| १३) | यो मन त मेरो नेपाली हो | – स.प्र.उ.विशेश्वर थापा | ४१ |
| १४) | संघको दीर्घकालीन उद्देश्य, | – स.प्र.ना.उ.बलराम तिमिल्सिना (अ.प्रा.) | ४२ |
| १५) | सशस्त्र प्रहरी परिवार महिला | – श्रीमती लक्ष्मी श्रेष्ठ पोखरेल | ४६ |
| १६) | नारी सम्वद्ध प्रसङ्गहरु | – सपना पौडेल | ४८ |
| १७) | विडम्बना | – विष्णुलाल श्रेष्ठ | ४९ |
| १८) | नेपालको संविधान र मुलुकी | – श्रद्धादेवी मानन्धर | ५२ |
| १९) | सशस्त्र प्रहरी बल | – स.प्र.स.ह.ओम प्रकाश | ५३ |
| २०) | Scientific Discoveries | - Manish Marasini | ५३ |
| २१) | विज्ञान र प्रविधिको | – कृष्ण ओझा | ५४ |
| २२) | मेरो देश नेपाल | – प्र.ज.हिमला श्रेष्ठ | ५५ |
| २३) | Best Friend | - Barsha Budhathoki | ५५ |
| २४) | कार्यकारिणी समितिहरू | | ५६ |
| २५) | वर्तमान केन्द्रीय कार्य समितिका पदाधिकारीज्यूहरू | | ५८ |
| २६) | नेपाल पूर्व सशस्त्र प्रहरी संघका सल्लाहकार सदस्यहरू | | ५९ |
| २७) | वर्तमान उपत्यका संघ प्रस्तावित ३ नं. प्रदेश संघका पदाधिकारी एवम् सदस्यहरू | | ६० |
| २८) | पूर्व राष्ट्रसेवक समन्वय परिषदको परिचय | | ६१ |
| २९) | संस्थापक अध्यक्षज्यूको योगदान | | ६४ |
| ३०) | निर्वतमान अध्यक्षज्यूको योगदान | | ६५ |
| ३१) | सशस्त्र प्रहरी बल संगठनबाट अनिवार्य, स्वैच्छिक, अशक्त अवकास, | | ६६ |
| ३२) | आजीवन सदस्यहरूको नामावली | | ६८ |

# नेपाल पूर्व सशस्त्र प्रहरी संघको परिचय

सशस्त्र प्रहरी बल नेपालमा अनवरतरुपमा सेवा गरी संगठनको ऐन नियम अनुसार स-सम्मान रुपमा अवकाश प्राप्त गरेका सशस्त्र प्रहरी कर्मचारीहरुका बीचमा प्रजातान्त्रिक र अनुशासित तवरबाट आपसी एकता, भातृत्व, सद्भाव कायम गरी पूर्व कर्मचारी र तिनीहरुका परिवारको हक, हित, कल्याण एवम् बौद्धिक, सामाजिक, आर्थिकस्तरको अभिवृद्धी गराउँदै लैजानुका साथै सशस्त्र प्रहरी बल, नेपालको विस्तार र विकासमा आवश्यक सहयोगका लागि निरन्तर सहकार्य गर्ने र अझ समष्टिगत रुपमा भन्नु पर्दा खारिएको अनुभवी जनशक्तिलाई राष्ट्र हितमा संगठित गर्ने उद्देश्यले मिति २०६४ साल आश्विन २७ गते नेपालको संविधान तथा प्रचलित कानुन अनुसार जिल्ला प्रशासन कार्यालय काठमाण्डौको सि.नं. ४६० मा दर्ता भई नेपाल पूर्व सशस्त्र प्रहरी संघको स्थापना भएको हो ।

यो संघ स्थापनाको नेतृत्व अवकाश प्राप्त गर्ने बित्तिकै सशस्त्र प्रहरी बल नेपालका दोस्रा संगठन प्रमुख तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक स्वर्गीय सहवीर थापाले गर्नुभएको थियो । संघको संस्थापक अध्यक्षको जिम्मेवारी समेत ग्रहण गर्नु भएका स्वर्गीय थापाले एउटा कार्यकाल पनि संघको नेतृत्व सम्हाल्न भ्याउनु भएन । मिति २०६७ जेष्ठ ३ गते उहाँको देहवासन भयो । उहाँले जुन पवित्र उद्देश्यका साथ यो संघको स्थापना गराउने सन्दर्भमा दिनु भएको प्रेरणा, नेतृत्वदायी भूमिका र योगदानको बारेमा कसैले पनि भुल्न सक्ने अवस्था नै आउँदैन । स्वर्गीय थापाको नेतृत्वमा बनेको बिधान २०६४ मा उल्लेखित लक्ष्य एवं उद्देश्यलाई प्राप्ती गर्ने दिशा तर्फ संघलाई अझ सक्रिय जिम्मेवारीका साथ सशस्त्र प्रहरी बल संगठनका तेस्रा संगठन प्रमुख तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक श्री वासुदेव वलीज्यूले मिति २०७३/०४/१६ गते सम्म पूर्ण सफल नेतृत्व प्रदान गर्नु भई संघको उचाई निकै बढाउने प्रयास गर्नु भएको थियो । केन्द्रीय कार्य समितिको सर्वसम्मतीबाट मिति २०७३ श्रावण १६ गते देखि संघका बरिष्ठ सल्लाहकार सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा) श्री किशोर कुमार लामाज्यूले पूर्ण सक्रिय र जिम्मेवारीका साथ अध्यक्षको पदभार ग्रहण गरिरहनु भएको छ ।

संघमा आवद्ध हुन सशस्त्र प्रहरी बल नेपालको आधारभूत तालिम प्राप्त गरी दीक्षान्त समारोहमा सहभागी भएको वा नेपाल प्रहरी र नेपाली सेनाबाट स्थानान्तरण भई सशस्त्र प्रहरी बलको कर्मचारीको रुपमा कानुन बमोजिम अवकाश प्राप्त गरेको हुनु पर्नेछ भने अमर सशस्त्र प्रहरी र पूर्व सशस्त्र प्रहरी कर्मचारीको निधन पश्चात पारिवारीक निवृत्तिभरण पाउने परिवारका सदस्यहरु पनि संघको साधारण सदस्य हुन पाउने र स्वइच्छाले आजीवन वा वार्षिक रुपमा सक्रिय सदस्यता प्राप्त गर्न सक्नेछन् । त्यस्तै संघलाई विशिष्ट योगदान पुर्‍याए वापत पूर्व सशस्त्र प्रहरी कर्मचारी वाहेकका अन्य स्वदेशी तथा विदेशी महानुभावहरुलाई पनि संघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । त्यसै गरी संघले स्वदेशी तथा विदेशी संघ संस्थाको संस्थागत सदस्यता लिन पनि सक्नेछ ।

सशस्त्र प्रहरी बल नेपाल र नेपाल पूर्व सशस्त्र प्रहरी संघबीचको सामिप्यतालाई अझ बढि गाढा बनाउन संघमा आबद्ध पूर्वजहरुको योगदानलाई संगठनले कदापि बिर्सन मिल्दैन भने संघका तर्फबाट सम्भव भए सम्मको सहयोग खास गरी जनमानसमा संगठनको छवीलाई उजिल्याउने, सूचनाको आदान प्रदान र संगठनलाई अप्ठ्यारो परेको अवस्थामा आवश्यक सहयोग पुर्‍याउने सवालमा प्रभावकारी भूमिका निर्वाह गर्न जरुरी छ । जसका लागि मैदान उपलब्ध गराउने दायित्व संगठनकै हो । संगठनले

नचाहेसम्म यस्तो कार्यको थालनी सम्भव छैन । नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई व्यवस्थित र मर्यादितरुपमा उद्देश्य अनुरुप परिचालित गर्ने अभिप्रायले वर्गीय हक, हीत तथा मातृ संस्थाको गरिमामा प्रतिकूल असर नपर्ने गरी आचार संहिता समेत निर्माण गरी संघमा आवद्ध हुने सदस्यहरुमा लागू गर्ने व्यवस्था गरी सकिएको छ भने नेपाल पूर्व सशस्त्र प्रहरी संघको आशा र भरोसाको केन्द्र नै सशस्त्र प्रहरी बल नेपाल हो ।

खासगरी अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको हित तथा भलाईका लागि आवश्यक कार्य गर्न नेपाल पूर्व सशस्त्र प्रहरी संघको स्थापना भएको हुँदा अवकाश भएर संघको सक्रिय वा आजीवन सदस्यता लिन नभ्याउनु भएका अवकाश प्राप्त व्यक्तित्वहरुलाई स्वैच्छिक रुपमा सक्रिय वा आजीवन सदस्यता लिएर संघमा आबद्ध भई परिचय पत्र बनाउने, अवकाश प्राप्त जीवनलाई सक्रिय बनाई राख्ने जस्ता कार्य गर्ने दायित्व अवकाश प्राप्त कर्मचारीको कर्तब्य नै हो । संघको हाल बार्षिक सक्रिय सदस्यता शुल्क रु २००/- (दुई सय मात्र) र आजीवन सदस्यता शुल्क रु ५,०००/- (पाँच हजार मात्र) लिने व्यवस्था गरेको छ । आजीवन सदस्यता लिए वापत स-सम्मान प्रमाण पत्र प्राप्त हुने र अन्य मानार्थ सदस्यताको हकमा कार्य समितिको निर्णयअनुसार हुने व्यवस्था विधानले निर्धारण गर्ने गरेको छ । संघमा आबद्धताले सदस्यहरुमा एक्लोपनबाट छुटकारा मिल्ने, बर्षौदेखिका पुराना साथी भाईहरु सँग भेटघाट, हाँसी खुसी वातावरणले स्वास्थ्यलाभ समेत हुने, जिम्मेवारी र आयु समेत बढ्ने र अझ भन्नु पर्दा समाजमा अझ केही काम गर्न बाँकी छ, मेरो जिम्मेवारी पूरा भएको छैन भन्ने मनस्थिति बन्ने र शरीरमा एक किसिमको जोश र जाँगरको उर्जा प्राप्त हुने सम्भावना रहन्छ ।

उद्धेश्य प्राप्तिमा संघको एकल प्रयासबाट मात्रै सम्भव नहुने भएकाले नेपाल सरकारका विभिन्न निकायबाट अवकास प्राप्त राष्ट्रसेवकहरु संगठित भई स्थापित संघ, संगठनहरु समान उद्धेश्य प्राप्तिमा एकजुट भई नेपाल पूर्व कर्मचारी संगठन राष्ट्रिय समन्वय परिषदको गठन भएको र उक्त कार्यमा नेपाल पूर्व सशस्त्र प्रहरी संघले पनि संस्थापक सदस्य भई निरन्तर रुपमा उल्लेखनीय भूमिका खेलिरहेको छ ।

**संघका उद्देश्यहरु :-**

(क) नेपाल पूर्व सशस्त्र प्रहरी संघ गैर नाफामूलक, गैरराजनीतिक तथा मुनाफारहित बहुउदेश्यीय जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) संघले अवकाश प्राप्त सशस्त्र प्रहरीका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वागीण विकासमा सहयोग पुऱ्याउने प्रयास गर्नेछ ।

(ग) संघमा आवद्ध सेवानिवृत्त सशस्त्र प्रहरीहरुले सेवामा रहंदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक, मानसिक तथा शारीरिक रुपमा अशक्त बालबालिका लगायत अवकाश प्राप्त सशस्त्र प्रहरीहरुका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो संघ प्रयासरत हुनेछ ।

(घ) जेष्ठ नागरिकहरु, पूर्व राष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकका पिछडीएका वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमूलक योजना तालिम र कार्यक्रमहरु संचालनका लागि प्रयास गर्नेछ ।

(ङ) संघले अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका बीच समाजका विविध कल्याणकारी कार्यका साथै एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ

र राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

(च) संघले राष्ट्रलाई आवश्यक परेमा सुशासन स्थापित गर्न भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सशस्त्र प्रहरी बल लगायत सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिने र सक्दो सहयोग पुऱ्याउन प्रयास गर्नेछ ।

(छ) विश्वको बदलिंदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र नेपाल सरकारको अग्रिम स्वीकृति लिई अन्तर्राष्ट्रिय संगठनहरुसंग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिक हितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।

**हालसम्म संघबाट भए गरेका मुख्य मुख्य गतिविधिहरुको संक्षिप्त विवरणः**

१. संघको विधान परिमार्जन र करछुटको व्यवस्था ।

२. सानै भएपनि संघको आफ्नै कोषको व्यवस्था ।

३. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको सहयोगमा व्याजमात्रै खर्च गर्न पाउने गरी रु.४० लाखको अक्षयकोष स्थापनाको व्यवस्था ।

४. संघको केन्द्रीय कार्यालयको लागि हलचोक स्थित ए.पि.एफ.वेलफेयर प्लाजाको दोश्रो तलामा उपयुक्त कार्यालयको व्यवस्था ।

५. नियमित लेखा परीक्षण गराई बार्षिक रुपमा केन्द्रिय परिषदको सभा बोलाउने पद्धतिको विकास ।

६. संघको वेभसाइट संचालन गरी विविध जानकारी मूलक गतिविधिहरु राख्ने व्यवस्था ।

७. अवकास प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु स्वतः संघको सदस्य हुने व्यवस्था ।

८. पारिवारीक निवृत्तिभरण प्राप्त गर्ने परिवारका सदस्य पनि स्वतः संघको सदस्य हुने व्यवस्था ।

९. बार्षिक रुपमा संघका गतिविधिहरु सदस्यहरु सम्म पुऱ्याउन कम्तिमा पनि एउटा पुस्तक प्रकाशन गर्ने परम्पराको व्यवस्था ।

१०. सम्मान पुरस्कार र विविध सहयोगको व्यवस्था सुरु गरिएको ।

११. आजीवन सदस्य बनाउने र प्रमाण पत्र दिने व्यवस्था ।

१२. सदस्यहरुको फोटो सहितको व्यवस्थित अभिलेख राख्ने र परिचय पत्र पनि प्रदान गर्ने व्यवस्था ।

१३. सहयोगी दाताहरुलाई सम्मान गर्ने परम्पराको थालनी ।

१४. संघका सदस्यहरुमा आपसी सहयोग आदान प्रदानको व्यवस्था ।

१५. पूर्व कर्मचारी संगठन राष्ट्रिय समन्वय परिषदमा आवद्धता भई परिषदको गतिविधिमा सक्रिय सहभागिता जनाउने व्यवस्था ।

१६. सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयसँग निकट रहेर विविध सहयोग र सहकार्यको व्यवस्था ।

१७. पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट परिचय पत्र उपलब्ध गराउने व्यवस्था ।

१८. अमर सशस्त्र प्रहरीका परिवार तथा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलाई मात्र ए.पि.एफ.अस्पतालबाट औषधि उपचारको सुविधा रहेकोमा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका आश्रित परिवारहरुलाई समेत सम्भव भए सम्म औषधि उपचारको व्यवस्था ।

१९. अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको निधन भएमा क्रिया खर्च बापत रु.३०,०००।-

(तिस हजार मात्र) स.प्र.बल कल्याणकारी सेवाकेन्द्रबाट आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था ।

२०. अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले पालना गर्ने गरी आचारसंहिताको व्यवस्था ।

२१. नेपाल ए.पि.एफ.अस्पताललाई सानै भए पनि भविष्यमा अरु थप गर्दै जाने गरि रु.१,११,१११।०० रुपैयाँको अक्षयकोष स्थापनाको व्यवस्था ।

२२. नेपाल ए.पि.एफ.स्कुललाई रु.५०,०००।- रकम बराबरको भौतिक सामाग्री सहयोग स्वरुप उपलब्ध र भविष्यमा पनि आवश्यकता अनुसार उपलब्ध गराउने व्यवस्था ।

२३. दैवी प्रकोपको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने स.प्र.बल नेपालका २ जना जवानहरुलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार सहित सम्मान गरिएको र भविष्यमा निरन्तरता गर्ने व्यवस्था ।

२४. संघको आर्थिक गतिविधिहरुलाई पारदर्शी र व्यवस्थित रुपमा संचालन गर्न आर्थिक प्रशासन सम्बन्धि नियमावली निर्माण गरी कार्यान्वयन गरिएको ।

२५. सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रको सञ्चालक समितिमा संघको तर्फबाट पनि प्रतिनिधित्वको लागि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयसँग अनुरोध गरिएको ।

२६. स-सम्मान अवकाश प्राप्त ७० बर्ष उमेर नाघेका सशस्त्र प्रहरी कर्मचारी प्राकृतिक वा मानवजन्य कारणले परिवारका सदस्य जीवित नभई एकल जीवन व्यतित गर्नु पर्ने अवस्था हुनुको साथै विरामी वा वृद्ध अवस्थाले हिडडुल गर्न नसक्ने दयनिय अवस्था भएमा जीवन यापनका लागि आजीवन बार्षिक रु.२ लाख रुपैयाका दरले जीवनयापन सहयोग उपलब्ध गराउने व्यवस्था भएको र संघको तर्फबाट उमेरको हदबन्दी हटाउन अनुरोध गरिएको ।

२७. स-सम्मान अवकाश ग्रहण गरेका सशस्त्र प्रहरी कर्मचारीहरु काम विशेषले काठमाडौं आउँदा हलचोक स्थित प्रधान कार्यालयसँगै रहेको ए.पि.एफ.ट्रान्जिट क्याम्पमा बस्ने सुविधाको व्यवस्था ।

२८. सशस्त्र प्रहरी बल, नेपालको पेट्रोल मिति २०७२/०५/२९ गतेदेखि २ जना अशक्त अवकाश पाएका कर्मचारीहरुलाई कामकाज गर्ने व्यवस्था ।

२९. विधान बमोजिम संघको कार्यकारिणी समितिलाई सहयोग गर्न वटा विभिन्न उप समितिहरुको व्यवस्था ।

३०. संघको विस्तार विकासको लागि नेपालको संविधान २०७२ अनुसार स्थापित प्रदेशहरुमा प्रदेश संगठनका लागि संघको विधानमानै गरिएको ।

३१. संघलाई विकास गराउँदै लाने क्रममा आर्थिक वर्ष ०७४/०७५ मा ४७ जनालाई आजीवन सदस्यता प्रदान गरी हालसम्म २०६ जनालाई आजीवन सदस्यता प्रदान गरिएको ।

३२. संघलाई समाज कल्याण परिषदमा समेत आवद्ध गराईएको ।

३३. प्रदेश तथा जिल्ला प्रदेश तहमानै सदस्यता प्रदान गर्न र सानै भए पनि कोष स्थापनाको व्यवस्थापन गर्न प्रदेश तथा जिल्ला अध्यक्षज्यूहरुलाई अख्तियारी प्रदान गर्ने नीति निर्धारण गरिएको ।

३४. भूकम्प पीडित नागरिकहरुको सहयोगार्थ संघका सदस्यहरुबाट स्वेच्छिक रुपमा उठेको रकम सघको तर्फबाट प्रधान मन्त्री दैवी प्रकोप राहत कोषमा १,५१,०००।०० (एक लाख एकाउन्नन हजार रुपैया) जम्मा गराईएको ।

३५. एक ठाउँमा एउटा मात्रै घर भएका खास गरी

जुनियर तहबाट अवकाश प्राप्त गरेका भूकम्प पीडित संघका सदस्यहरुलाई गठीत समितिको सिफारिसको आधारमा संघका सदस्यहरुबाट स्वेच्छिक रुपमा उठेको रकमबाट राहत स्वरुप जनही रु. १०,०००।- का दरले आर्थिक सहयोग उपलब्ध गराईएको ।

३६. सघको विस्तार विकासको क्रममा उपत्यका, पूर्व क्षेत्र र मध्ये क्षेत्रमा क्षेत्रीयस्तरका र सिन्धुली तथा नुवाकोट जिल्लामा धादिङ रसुवालाई समेत समेटेर जिल्लास्तरको कार्यकारीणी समितिको गठन भई उपत्यकाको काठमाण्डौ जिल्लामा कानुन बमोजिम दर्ता समेत भईसकेकोमा दर्ता भएको उपत्यका संघलाई ३ नम्बर प्रदेश संघमा रुपान्तरण गर्ने र जिल्लाहरुलाई यथावत राखी तत्कालीन पूर्व क्षेत्रीय दर्ता नभएको संघलाई १ नम्बर प्रदेश संघको रुपमा दर्ता गराउने योजना रहेको ।

३७. संघका भूकम्प पिडित सदस्यहरुको सहयोगार्थ संघका सल्लाहकार एवं अन्तरार्ष्ट्रियस्तरको रामकृष्ण आश्रमका सचिव श्री रविराज थापाज्यूको पहलमा उक्त संस्थाबाट प्राप्त भएको मण्डी १०५ थानबाट पीडित सदस्यहरुलाई २/२ थानका दरले वितरण गरिएको ।

३८. संघको विशेष पहलमा भूकम्प पीडित सदस्यहरुलाई पनि मातृ संस्था सशस्त्र प्रहरी बल संगठन मार्फत कल्याणकारी सेवा केन्द्रबाट ४४ जना रु. ३०,०००।-, का दरले आर्थिक सहयोग उपलव्ध भई सम्बन्धित भूकम्प पीडित सदस्यलाई हस्तान्तरण गरी सकिएको ।

३९. संघका आजीवन सदस्य स.प्र.ज.(अ.प्रा.) गंगादत्त पुडासैनीको वर्ष २ को छोरा तातो तेलले जली कान्ति बाल अस्पतालमा उपचारार्थ रहेकोमा तत्काल संघको तर्फबाट रु.५,०००।- र संघका पदाधिकारीहरुबाट स्वईच्छाले दिनु भएको रकम समेत गरी जम्मा रु. १४,५००।- आर्थिक सहयोग उपलव्ध गराईएको ।

४०. अमर सशस्त्र प्रहरीका परिवारहरुले पाउने पेन्सन लगायतको सुविधा नेपाल प्रहरीका अमर प्रहरीका परिवारले पाए सरह नभएको भन्ने गुनासोहरु बारम्वार संघमा आईरहेको हुँदा समान वा सो भन्दा बढी बनाउने तर्फ संगठनबाट भरपुर पहल हुनका लागि पटक पटक अनुरोध पत्र पठाईएको ।

४१. अमर सशस्त्र प्रहरीका सन्तति मध्ये अत्यन्त न्यून संख्यामा नेपाल एपीएफ स्कुलमा अध्ययन गरिरहेकोले ती अम्मर प्रहरीका सन्ततिलाई सम्भव भएसम्म नि:शुल्क अध्ययनको व्यबस्था हुन अनुरोध पत्र पठाईएको ।

४२. गिजाको क्यानसर भई उपचार गराईरहनु भएका आजिवन सदस्य स.प्र.ना.नि.(अ.प्रा) पवन आचार्यलाई रु. १५,०००/- र श्रीमतीलाई स्तन क्यान्सर भई उपचार गराईरहनु भएका सक्रिय सदस्य स.प्र.ना.नि.(अ.प्रा.) शंकर सिंह कार्की लाई रु.१०,०००/- सहयोग रकम प्रदान गरिएको ।

४३. आ.ब. २०७४/०७५मा नेपाल एपिएफ स्कुलको कक्षा १० मा अध्यनरत अमर सशस्त्र प्रहरीको जेहेन्दार सन्तती वीरेन्द्र बुढालाई पुरस्कार स्वरुप रु. १०,०००/- प्रदान गरिएको ।

४४. २०७५ श्रावण देखि ३/३ महिनामा ब्याज मात्रै प्राप्त हुने गरी कल्याणकारी सेवा केन्द्रबाट रु. ६० लाखको अक्षयकोष स्थापना भएको भन्नेहरु लिखित जानकारी प्राप्त ।

४५. संघका आजीवन सदस्यहरुको निधन भएमा क्रिया खर्च वापत तत्काल संघको तर्फबाट रु.१०,०००/- उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

**भावि योजनाः-**

**१) संगठन बिस्तार तथा श्रोत व्यवस्थापनः-**

क) संघको विस्तार विकासमा विशेष पहल गर्ने ।

ख) विधान बमोजिम गठीत उप समितिहरुलाई सक्रिय तुल्याउन प्रयास गर्ने ।

ग) संघको अक्षय कोषमा कम्तिमा पनि १ करोड सम्म पुऱ्याउने तर्फ पहल गर्ने ।

घ) संघलाई आत्मनिर्भर बनाउँदै लैजान आर्थिक तथा आवश्यक विविध भौतिक सामाग्रीहरुको सहयोग प्राप्त गर्ने तर्फ पनि पहल गर्ने ।

**२) कल्याणकारी कार्य तर्फः-**

क) अवकाश प्राप्त कर्मचारीहरुलाई दृष्टिगत गरि रोजगारीको व्यवस्थापन गर्दै जाने ।

ख) अशक्त परिवारको पहिचान र सहयोग ।

ग) शिक्षा र तालिमको क्षेत्रमा सेवा र सहयोग ।

घ) पूर्व कर्मचारी संगठन राष्ट्रिय समन्वय परिषदसँगको सहकार्यमा गरिने विभिन्न कल्याणकारी कार्यहरु ।

**३) बर्गीय हक हीत संरक्षणः-**

क) सशस्त्र प्रहरी बलमा भर्ना हुन ईच्छुक र योग्य परिवारका सदस्यहरुको हकमा विशेष सिफारिशको व्यवस्था ।

ख) स्वास्थ्य सेवा लगायत अन्य सुविधाको लागि पारिवारिक परिचय पत्र दिने व्यवस्था ।

ग) कल्याणकारी सेवा केन्द्र सँगको सहकार्यमा गरिने कल्याणकारी कार्यहरु

घ) आवश्यकता अनुसारको अन्य कार्यहरु

**४) सामाजिक उत्तरदायित्व बहनका कार्यहरुः-**

क) बृद्ध-बृद्धा, अपाङ्ग, अशक्त, अनाथ बालबालिका तथा दैवी प्रकोप पीडितहरुलाई सहयोग ।

ख) सरसफाई वृक्षारोपण त्यस्तै अन्य सामाजिक एवं धार्मिक कार्यहरु ।

ग) सशस्त्र प्रहरी बलसँगको सहकार्यमा गरिने विभिन्न सामाजिक कार्यहरु ।

घ) पूर्व कर्मचारी संगठन राष्ट्रिय समन्वय परिषदसँगको सहकार्यमा गरिने विभिन्न सामाजिक कार्यहरु ।





श्रीकृष्ण इलेक्ट्रोनिक्स सप्लायर्स

सुन्धारा, काठमाडौं, फोन : ९८५१०३४५१०

हाम्रा सेवाहरु

★ मोवाइल ★ क्यामेरा ★ ल्यापटप कम्प्युटर ★ डेस्कटप कम्प्युटर ★ टिभी ★ रेफ्रिजेरेटर

# अनुशासन

–माधवप्रसाद घिमिरे

अनुशासनको खडेरी छ भन्ने जनमानसमा परेको छ । नयाँ पुस्तामा यसको कमी रहेको कुरा गरिन्छ। जानिफकारहरू घरको वातावरण नै अनुशासन पालना गर्ने किसिमको छैन भन्छन् । घरमै वेथिति भए पछि समाजमा यस्तो वेथितिको वाछिट्टा पर्नु स्वाभाविक हुन्छ। वाछिट्टा समाजका हरेक क्षेत्रमा परेको भान हुन थालेको छ। यस्तो किन भयो भन्ने कुरामा विचार गर्नु आवश्यक हुन्छ।

नेपाली शब्दसागर अनुसार 'अनुशासन' भन्नाले मर्यादापालन, आज्ञापालन, नियमपालन, आत्मसंयम आदि बुझिन्छ । समाजलाई व्यवस्थित, अनुशासित र मर्यादित राख्न केही मूल्य र मान्यता स्थापित गरिएको हुन्छ। मूल्य र मान्यतालाई आत्मसात गरी सोही अनुसार परिवार र समाजका सदस्यहरूले व्यवहार गर्ने हो भने परिवार र समाजमा अमनचयन कायम हुन्छ र सबै सुख र शान्तिका साथ आपसी प्रेम र सदभावनापूर्वक रहन सक्दछन् भन्ने मनसाय हो। प्रत्येक व्यक्तिले अर्को व्यक्तिसँग गर्ने व्यवहार, चालचलन परिभाषित भएको हुन्छ। यसलाई नियममा बाँधिएको हुन्छ। नियमपालना गर्नु सबैको कर्तव्य हो। मर्यादा, कर्तव्य, आज्ञापालन जस्ता चारित्रिक गुणहरू बालककालदेखिनै सिकाईन्थ्यो र अभ्यास गराइन्थ्यो। विभिन्न विषयहरूको पढाइमा नीति शिक्षालाई विशेष स्थान दिइन्थ्यो। अनुशासन कडाईका साथ पालना हुन्थ्यो। अनुशासन तोड्नेलाई कडा दण्ड दिइन्थ्यो। चाणक्यका अनुसार समाजलाइ व्यवस्थित र मर्यादित बनाउन दण्डनीति नै महत्वपूर्ण हुन्छ। अपराध अनुसारको दण्ड दिनुनै राजधर्म हो। काँक्रो चोरलाई मुड्की सास्ती भन्ने नेपाली उखान चलनचल्तीमा छ।

आस र त्रासबाट व्यक्ति र समाजलाई अनुशासनमा राख्न सकिन्छ । राम्रो काम गर्नेलाई प्रोत्साहन स्वरूप पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड दिई अरूलाई नराम्रो काम गर्दाको परिणाम कस्तो हुन्छ भन्ने उदाहरण दिनु पनि हो। यसमा राम्रो काम के हो ? राम्रो काम को मापदण्ड के हो ? नराम्रो काम के हो ? मापदण्ड तोकिदिनु पर्ने हुन्छ। मापदण्ड आफै जीवन्त हुने होइन यसलाई जीवन्त राख्ने नेतृत्वमा रहने व्यक्ति र उनका सहयोगीले हो। मापदण्ड कार्यान्वयन गर्दा कार्यान्वयनको जिम्मा लिएका व्यक्तिहरू निष्पक्ष हुनु अनिवार्य हुन्छ। केटाकेटी हुँदा मेरो आमाले र धेरैका आमाले पनि ठूलावडाको आदर गर्नु, उनीहरूको आज्ञा पालन गर्नु, अदवसाथ बोल्नु, दिएको काम मेहनतसाथ गर्नु, खानेकुरा मिठोमानी बाँडेर र सिनित्त पारेर खानु भनी यस्तै अर्ति उपदेश दिएको हुनुपर्दछ । थालको भात खाँदा सिता छोडेमा अथवा पोखिएमा गाली पाइन्थ्यो। त्यस्तै सरस्वती वन्दनावाट स्कुलको समय शुरू हुन्थ्यो र विद्याददाति विनयम् भनी कक्षाकोठाको पढाई प्रारम्भ हुन्थ्यो । नीति शास्त्रको रूपरेखा कथाको माध्यमबाट बुझाइन्थ्यो। महत्वपूर्ण विषयहरू सरल तरिकाले सरल भाषामा सिकाइन्थ्यो। अझै सम्झना छ स्यालले चलाकी गरी झुक्याई जन्तुजनावर, चराचुरूङ्गीमाथि राज गर्न खोज्दा कसरी मारियो भन्ने निलवर्ण श्रृगाल कथा र निरन्तर मेहनतसाथ लागि परेमा सफल होइन्छ भन्ने खरायो र कछुवाको कथा प्रेरणदायी थियो। यस्ता धेरै प्रसंगहरू छन। घरमा र स्कूलमा दिइने शिक्षा महत्वपूर्ण हुन्छन। त्यो समय अनुशासन र आत्मसंयमलाई नै जीवनको लागि अति आवश्यक मानिन्थ्यो। यसो भनेर पहिलेको समय सवै राम्रो थियो भन्न

खोजिएको होइन । त्यो वेलामा पाखण्ड पनि त्यत्तिकै थियो । केटाकेटीलाई चुरोट तमाखुको धुवाँले फोक्सो खान्छ भनी उपदेश दिइन्थ्यो तर आफू भने चुरोटको सर्को नतानी अथवा एक हुक्का तमाखु नतानी पेटनै सफा हुदैन भन्ने सुनिन्थ्यो । जुवाले सम्पत्ती नास हुन्छ भनी केटाकेटीलाई अर्ति उपदेश दिएर सचेत गराइन्थ्यो तर जताततै तास, पासा कौडा खेल्नेहरू दिनदिन भरी घुँडा धसेर भिडेको भेटिन्थ्यो । यस्तो पाखण्ड नभएको होइन । समाजले राम्रो मान्दैनथ्यो । तर पनि नैतिक शिक्षा तथा धार्मिक आस्थाको प्रभाव असरदार थियो । अहिलेको जस्तो वेथिति र अनुशासनहीनता थिएन । त्यसैले समाजमा अमनचैन कायम थियो । मानमर्दन होला, इज्जत जाला भन्ने त्रास सबैमा थियो । आत्मसंयम थियो, आकाक्षा ठूलो थिएन जे छ त्यसैमा सन्तोष मान्ने धेरै थिए । राणाकालमा ऐनकानुन कडाईका साथ लागु गरिन्थ्यो । ईच्छाले नभई कर र त्रासले अनुशासनमा जनता थिए भनी त्यो वेलाका मानिसको गुनासो भने रहेको थियो ।

२००७ साल पछिको प्रजातन्त्रकालमा जनताले मुक्ति पाए तर छाडापन धेरै भयो । ऐन कानुन बने तर कार्यान्वयन फितलो देखियो । सरकारी संरचनाहरूमा अन्योल देखियो । राणा शासनका संरचनाहरू काम नलाग्ने भनियो । तर ती संरचनाहरू धेरै कालसम्म रही रहे । राजनीतिका खेलाडीहरू समाजमा कालान्तर सम्मको सोचेर व्यवस्था कायम गर्न समयानुकूल ऐननियम र संरचनाहरू निर्माण र ऐननियम कार्यान्वयन पट्टि ध्यान दिनु भन्दा सरकार बदलिए पिच्छे कर्मचारीको दोहोलो काट्न तिर लागे । शक्ति संघर्ष नै प्रमुख कारण बन्यो । फलस्वरूप आफना मानिसको बोलवाला भयो । यसले गर्दा राजनैतिक व्यवस्था जे जस्तो स्वरूपको भए पनि अनुशासनहीनता बढदै गयो । नेताको स्तुति गाउने र आसेपासेहरूलाई ऐन नियम नलाग्ने देखियो । अपराध गर्ने व्यक्तिलाइ पुलिसको खोरबाट छुटाउन नेताहरूको नाङ्गो नाचका सम्बन्धमा अखवारहरूले लेख्न थाले तर राजनीतिक हस्तक्षेप रोकिएको छैन । शान्तिकायम गर्न पर्ने निकायहरू पनि मूकदर्शक भएर बस्नु पर्ने अवस्था आयो । यस्तो हुनु राष्ट्रको लागि राम्रो हुदैन । कौटिल्य अर्थशास्त्रको अध्ययन गर्दा अनुशासन पालना गर्नका लागि र पालना नभएमा दण्डको भागीदार बनाउन काम गर्ने सबै पदाधिकारीहरूको काम तोकी दिनुपर्ने, जिम्मेवारी प्रष्ट रूपमा लेखिनु पर्ने, अधिकार खुलाउनु पर्ने, जिम्मेवारी पूरा नगर्ने वा हेलचक्रयाइ गर्नेलाई के कस्तो दण्ड हुन्छ त्यो समेत खुलाउनु पर्ने कुरा उल्लेख भएको पाइन्छ । यति मात्र नभएर पदको काम कर्तव्य खुलाई त्यो कामको लागि नियुक्त हुने व्यक्तिको योग्यता, अनुभवको विवरण समेत प्रष्ट्याइएको हुन्थ्यो । राजादेखि तवेला प्रबन्धक, गोठ प्रबन्धकसम्मको काम कर्तव्य खुलाइएको पाइन्छ । ती सबैको परीक्षण गर्ने परीक्षकको समेत जिम्मेवारी तोकिएको देखिन्छ । काम कर्तव्यसँग दण्ड जोडिएको धेरै उदाहरणहरूमध्ये एउटा उदाहरण यस्तो छ । "कालीगढ, कपडा बुन्ने जुलाहाको त कुरै छोडौं, धोवीसम्मको पनि कार्यपद्धति निर्धारित गरिएको छ । काठको फलेक वा चिल्लो ढुङ्गामा कपडा धुनुपर्दछ । त्यसो नगरी अरू कुनै खस्रो वस्तुमा धोई लुगा फटाएमा धोवीले क्षतिपूर्ति गर्नुपर्दछ र सरकारलाई छ पण (अर्थात मुद्रा) दण्ड बुझाउनुपर्दछ इत्यादि" (अनुवादकको वक्तव्य, आचार्य विष्णु गुप्त चाणक्य अनुवादक विनोदप्रसाद धिताल साझा प्रकाशन २०२२)

निजामती प्रशासन सञ्चालनको लागि ऐन नियम, संगठन, संरचना काम कर्तव्य सबैका लेखोट छन आधुनिक प्रशासनका सबै अंगहरू छन् र लागु

पनि भएका छन् । देश विकासका लागि आवश्यक सबै संरचनाहरू सिर्जना भएका छन् तर चित्तबुझ्दो काम कतैबाट भएको छैन । सबैले अधिकारमा जोड दियौँ कर्तव्य र उत्तरदायित्व बिर्स्यौँ । कर्तव्य र उत्तरदायित्व सिकाउने र बलियो पार्ने भनेको नैतिक र गुणस्तरीय शिक्षाले हो । नैतिक शिक्षाको जग जति बलियो हुन्छ त्यतिनै अनुशासित र संयमी व्यक्तिहरूको संख्या बढ्दै जान्छ । पेशागत कामको लागि उक्त पेशाको उद्देश्य प्राप्तिका लागि शारीरिक तन्दुरूस्ती, मानसिक चनाखोपन र अनुशासन आवश्यक हुने भएकोले सुरक्षा निकायहरूमा प्रवेश गर्ने नव प्रवेशीहरूलाई जुन किसिमको तालिम दिइन्छ त्यसबाट अनुशासन, मर्यादा, आज्ञापालन, लगनशीलताको ज्ञान प्राप्त हुन्छ र विभिन्न तरीकाबाट अभ्यास गराइन्छ । यसले अन्ततोगत्वा सुरक्षाबललाई बलियो बनाउँछ र समाजको लागि अनुशासित र लगनशील जनशक्ति पैदा गर्दछ । यसमा एउटा महत्वपूर्ण पक्ष के हो भने नियम मिचेमा अथवा उल्लंघन गरेमा तत्कालै कडा दण्ड दिइन्छ ।

आर्थिक अनुशासन देशको आर्थिक प्रशासनको मेरूदण्ड हो यसले गर्दा नै जनताले तिरेको करको हिनामिना हुदैन र खर्चको दुरूपयोग हुदैन भन्ने कुरामा जनता विश्वस्त हुन्छन । जनताको विश्वास नै राजनीतिको मूल आधार हुन्छ । आर्थिक अनुशासन हुन नसकेको कुरा महालेखापरीक्षकको प्रतिवेदन हेरे हुन्छ । खर्बौ रूपैयाँको वेरूजू औंल्याइएको छ । समाधानका उपायहरू पनि छन् तर सरकार सञ्चालन गर्ने व्यक्तिहरूले नै चासो नलिए पछि आर्थिक अनुशासनकायम गर्न नसकिने रहेछ । अनुशासनमा अगुवाहरू नै अग्रसर भई नैतिक मूल्य र मान्यता कायम गर्नु पर्नेमा त्यो हुन सकेको देखिदैन । संसद बैठकमा सांसदहरूको उपस्थितिलाई हेर्ने हो भने पनि उन्साहित हुनु पर्ने देखिँदैन ।

प्रजातान्त्रिक व्यवस्थामा ऐनकानुनको अधिनायकत्व रहन्छ । यसमा अरूको मर्यादा राख्नु, आफु अनुशासित र आन्मसयमी भई व्यवहार गर्नु नै मूल कुरा हुन्छ । यो परिधि र सीमाभित्र नरहने र नबस्नेहरूको लागि दण्डको व्यवस्था गरिएको हुन्छ । दण्डहीनता रहनु भनेको अनुशासनहीनतालाई बढावा दिनु हो । यो कुरालाई विचार गरी राजनीति र समाजका अगुवाहरूले नैतिकता र अनुशासनको उदाहरण बन्नु हुनेछ भनी आशा गरौँ । विद्यार्थीको चरित्र निर्माणका सम्बन्धमा राष्ट्रपति हुँदा नै अब्राहम लिङ्कनले छोरा पढ्ने स्कुलका प्रधानाध्यापकलाई स्कुलको पहिलो दिनमा लेख्नु भएको पत्रको चर्चा गरौँ ।

**“छोराले यस्तो शिक्षा प्राप्त गरोस् कि आफ्नो मेहनतले कमाएको पैसामा गर्व गरोस् र कसरी मेहनतसँग पैसा कमाउने भन्नेमा तल्लीन होस् । विकट परिस्थितिमा पनि आशाको किरण देखोस्, आफ्नो मात्र स्वार्थ नहेरी मानवीय सम्वेदनशीलतामा ध्यान देओस्, बुद्धिको भन्दा हृदयको आवाज सुनोस्, प्रतिकूल अवस्थामा पनि मुस्कुराउन सिकोस्” ।**

अब्राहम लिङ्कनले आफ्नो छोरा भविष्यमा असल, अनुशासित र चरित्रवान नागरिक बनोस् भनी प्रधानाध्यापकलाई सो उद्देश्य प्राप्तिका लागि अध्यापन होस् भनी लेखेको पत्रको आशय प्रत्येक बाबुआमाको पनि अभिव्यक्ति हो भन्दा अत्युक्ति नहोला । आफ्ना सन्तानको भलो चिताउने आमा बाबुले थोरै समय मात्रै पनि सन्तानको चरित्र निर्माणमा ध्यान दिने हो भने अहिलेको जस्तो अनुशासन, मर्यादा र आत्मसंयममा आएको ह्रास कम हुन्थ्यो भन्ने विश्वास गर्न सकिन्छ ।

अस्तु

*(लेखक पूर्व सचिव, नेपाल सरकार एवम् पूर्वराष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषदका अध्यक्ष हुनुहुन्छ ।)*

# बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहायताको लागि बंगालका खाडीका देशहरू(बिमस्टेक)को सम्मेलनको उपलव्धीकोसमीक्षा

**–सोम बहादुर थापा**

**१. प्रारम्भः**

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहायताको लागि वंगालका खाडीका देशहरु (बिमस्टेक) सदस्य राष्ट्रहरुमा आर्थिक तथा प्राविधिक सहायता र सहयोगको लागि स्थापना गरिएको क्षेत्रीय संस्था हो । यो संस्था गतिशील र प्रभावकारी भएमा यसले दक्षिण एशियाली सहयोग संगठन, सार्क र आसियानलाई समेत जोड्न सक्ने देखिन्छ । यसको लागि सदस्य राष्ट्रहरुमा विशाल र उदार चित्त चाहिन्छ । विश्वको अन्य क्षेत्रको दाँजोमा दक्षिण एशिया र दक्षिणपूर्व एसियाका राष्टहरुमा गरीवी, पछौटेपन, अशिक्षा, वेराजेजगारी, कुपोषण, स्वास्थ्य सुविधामा कमी, पूर्वाधारको विकासमा सुस्तता, आर्थिक समृद्धिमा कठिनाई जस्ता धेरै समस्या छन् । त्यति मात्र नभएर यस क्षेत्रमा विश्वका लगभग २५ प्रतिशत अर्थात लगभग पौने २ अर्व मानिस बसोवास गर्दछन् र ती मध्ये अधिकांश मानिस गरिबीको रेखामुनी जीवनयापन गरिरहेका छन् ।

सन् १९९७ मा यो संस्था बंगलादेश, भारत र श्रीलंका र थाईल्याण्ड *(BISTEC)* बाट आर्थिक सहयोगको गर्ने उध्देश्य लिई शुरु भएको थियो । बिस्टेक अहिले बिमस्टेक बनेकोछ र यसमा अहिले वंगाल खाडीको तट र यसको आसपासका दक्षिण एशियाका ५ मुलुकहरु खासगरी भारत, नेपाल, वंगलादेश, भुटान, श्रीलंका र दक्षिण पूर्व एसियाका दुई मुलुकहरु, थाइल्याण्ड र म्यानमार गरी ७ राष्ट्रहरु सदस्य छन् । भविष्यमा यसमा अरु देश पनि थपिन सक्ने देखिन्छ ।

बिमस्टेकमा दक्षिण एशियाली सहयोग संगठन सार्कका दुई सदस्य राष्ट्रहरु पाकिस्तान र माल्दिभ्स समेटिएका छैनन् । भारत र पाकिस्तानबीच सुसम्बन्ध नभएको कारणले भारतले यसमा पाकिस्तानलाई समेट्न नचाहेको भन्ने पनि गरिन्छ । त्यसरीनै माल्दिभ्ससँग पनि केही वर्ष यतादेखि भारतको सम्बन्ध विग्रन गएकोछ । यसै अवस्थालाई हेरेर भारतले माल्दिभ्सलाई पनि समेट्न नचाहेको भन्ने गरिन्छ । जेहोस, आर्थिक र प्राविधिक सहयोगको लागि क्षेत्रीय वा उपक्षेत्रीय संगठन खोल्दा विचार मिल्दोसँग खोल्नु स्वभाविक पनि देखिन्छ र संसारभरी यही चलन पनि छ । अर्को कुरा, संगठनको सफलता र प्रभावकारिताको लागि विमतीको भन्दा सहमतीको वातावरण वढी प्रभावकारी हुन्छ ।

त्यसमा पनि नेपाल र भूटान जस्ता दुई भूपरिवेष्टित एवम हिमाली राष्टहरुलाई सदस्यमा समेट्ने प्रयास गरिएबाट र यसले हिमालदेखि समुद्रसम्मको निर्वाध पहुचमा सदस्य राष्ट्रहरुलाई सुविधा र सहुलियत दिने लक्ष्य राखेको देखिन्छ । यो नितान्त नौलो प्रयास हो । यो संस्था वंगालको खाडीमार्फत सात सदस्य राष्टलाई जोड्ने एउटा बलियो माध्यम बन्ने छ । नेपालको लागि त यो संस्था सदस्य राष्ट्र र विश्व बजारमा पुग्ने एउटा सुनौलो द्वार पनि हुन सक्तछ । त्यसैले यो संस्थाको सदस्य हुनु नेपालको लागि अत्यन्त ठूलो अवसर प्राप्त हुनु हो । यसबाट नेपाललाई वाह्य जगतमा चिनिने र व्यापार विविधीकरण गरी निर्यात बढाउने राम्रो अवसर प्राप्त गरेको छ । यसलाई नेपालले आफनो हितमा उपयोग गर्न सक्नु जरुरी देखिन्छ ।

**२. बिमस्टेकका सिद्धान्त तथा आदर्श :**

सरसर्ती हेर्दा, बिमस्टेकका निम्न सिद्धान्त तथा आदर्श रहेको देखिन्छ ।

क) सबै सदस्य राष्ट्रहरुको सार्वभौमिकतालाई समानरुपले सम्मान गर्ने,

ख) क्षेत्रीय एकतालाई सुदृढ गर्ने,

ग) सवै देशको राजनैतिक स्वतन्त्रताको सम्मान गर्ने,

घ) कुनै पनि सदस्य राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने,

च) शान्तिपूर्ण सह अस्तित्वको सम्मान गर्ने,

छ) आपसी लाभको सिद्धान्त अनुसार सबैसँग मिलेर विभिन्न क्षेत्रको विकास गर्ने,

ज) सदस्य राष्ट्रहरुलाई प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराई पूर्वाधार र आर्थिक विकास लगायत विभिन्न क्षेत्रको विकासमा कार्य गर्ने,

झ) सदस्य राष्ट्रबीच जनस्तरमा सम्बन्ध बनाउँदै जाने,

**३. काठमाडौं घोषणापत्रः**

बिमस्टेकको चौंथो दुइदिने शिखर सम्मेलन २०७५ भदौ १४ र १५ (अगष्ट ३० र ३१, २०१८,) काठमाडौंमा सम्पन्न भए पछि १८ बुँदे काठमाडौं घोषणापत्र जारी भएको छ र यसमा खासगरी निम्न विषयहरुलाई समेटिएको पाइन्छ ।

**काठमाडौं घोषणापत्र**

*i.* सदस्य राष्ट्रबाट गरीबी निवारण गर्ने,

*ii.* यातायात र सूचना तथा संचारका प्रविधिहरुको विकास र विस्तार गर्ने,

*iii.* आतंकवाद तथा मानववेचविखन विरुद्धको कारवाहीमा एकरुपता र दृढता ल्याउने,

*iv.* भूपरिवेष्टित राष्ट्रहरुलाई समुन्द्रसम्मको सहज पहुँच दिने,

*v.* सदस्य राष्ट्रबीच जनस्तरको सम्बन्ध र सञ्जालको विकास र विस्तार गर्ने र सहज आवगमनको व्यवस्था गर्ने,

*vi.* प्राकृतिक प्रकोप नियन्त्रण तथा व्यवस्थापनलाई प्रभावकारी वनाउने,

*vii.* वातावरण, उर्जा, कृषि, जनस्वास्थ्य, सांस्कृतिक आदान प्रदान, प्रविधिको विकास, पर्यटन विकास, पर्वतीय क्षेत्रको विकास तथा समृद्ध अर्थ व्यवस्था निर्माण जस्ता विषयलाई सहकार्यको एजेण्डा बनाउने र

*viii.* बिमस्टेकलाई गतिशील र प्रभावकारी बनाउने, कोषको सुदृढीकरण तथा चार्टर बनाउने र सचिवालयको पुनर्संरचना गर्ने ।

उपरोक्त घोषणापत्रले सदस्य राष्ट्रहरुले भोगिरहेका मुख्यमुख्य विषयहरुलाई समेटेर समस्याको पहिचान गर्ने जस्तो सराहनीय काम कुरा गरेकोछ । तर यसमा जान्नु पर्ने कुरा के छ भने घोषाणापत्र राम्रो भएर मात्र बिमस्टेक सफल, प्रभावकारी र गतिशील बन्न सक्तैन, घोषणापत्रलाई राम्रो र सबै सदस्य राष्ट्रको हितको विषय बनाउन घोषणापत्रमा उल्लेखित विषयहरुलाई ईमान्दारितापूर्वक कार्यान्वयन गर्ने तर्फ पाईला चाल्नु आवश्यक देखिन्छ । घोषणापत्रमा उल्लेखित विषयहरुलाई प्राथमिकताका साथ प्रभावकारीरुपमा कार्यान्वयन गर्न सकिएन भने काठमाडौं घोषणापत्रको खासै अर्थ नरहन पनि सक्तछ । साथै सदस्य राष्ट्रहरुको राजनीतिक नेतृत्वको सोच र कार्यशैलीले पनि काठमाडौं घोषणापत्रलाई सफल र असफल बनाउन सक्तछ । किनभने घोषणापत्र भनेकै राजनीतिक निर्णयसँग सम्बन्धित कुरा हो ।

**४. भारतको स्वार्थ र चाहना :**

नेपालका दुई छिमेकी देशहरु, भारत र चीन केही वर्ष पछि विश्वकै महत्वपूर्ण आर्थिक शक्तिको रुपमा विकसित भैरहेका छन् । यस सन्दर्भमा भारतले आफना उत्पादनको सहज बजारीकरणको लागि विभिन्न राष्ट्रहरुसँग सम्बन्ध बनाउँदै जानु पर्ने हुन्छ

र यसको लागि भारतले बिमस्टेक जस्ता संस्थाको श्रृजना र स्तरोन्नती गर्दै जानु आवश्यक छ र सबै राष्ट्रहरुसँग सहकार्य गर्न सुसम्बन्ध पनि स्थापित गर्दै जानु पर्दछ ।

अहिले चीनले बाटो, रेल वा हवाई वा अन्य सन्जाल मार्फत विश्वका बढीभन्दा वढी देशसँग सम्बन्ध र व्यापार तथा सहायता विस्तार गर्ने नीति नै बनाएको छ। आफनो प्रभाव र व्यापार तथा सम्बन्ध बढाउने चीनको यो असाध्यै राम्रो नीति हो । यस मामिलामा भने भारत चीनभन्दा धेरै पछाडिनै छ । भारतले पनि बिमस्टेकलाई यही हिसाबले उपयोग गर्न खोजेको देखिन्छ ।

विश्वमा उदयमान अर्थतन्त्रको रुपमा उदाइ रहेको भारत र चीनले आफनो अर्थतन्त्र र उत्पादनलाई बढाएर मात्रै पर्याप्त हुँदैन, यिनले आफनै हिसाबले विभिन्न देशबीच सम्बन्ध, सम्पर्क, सहायता र व्यापार बढाउने नीति पनि लिनु पर्ने हुन्छ। भारतले बिमष्टेकलाई पनि यही रुपमा सोचेको हुन सक्तछ। दक्षिण एसियाली सहयोग संगठन, सार्कको बैठक अहिले भारत र पाकिस्तानबीचको तिक्तताको कारण अवरुद्ध भैरहेको छ । यसले सार्कको अस्तिव माथि नै प्रश्न उठाएको छ । अहिले विमष्टेकलाई सार्कको विकल्पको रुपमा हेर्नेहरु पनि धेरै देखिएका छन् । भारत सार्क राष्ट्रहरुमध्ये सबैभन्दा ठूलो देश भएको नाताले भारतले सार्कको बैठकलाई अवरुद्ध गर्नेतिर भन्दा यसलाई निरन्तरता दिनेतिर बढी ध्यान दिनु भारतकै लागि पनि हितकारी देखिन्छ ।

यस सम्बन्धमा जान्ने हो भने सार्कको रोकिएको वैठक छिटोभन्दा छिटो बोलाउन पनि सहयोग गर्न आवश्यक छ । हाल सार्कको अध्यक्ष भएको नाताले नेपालले भारतसँग विशेष छलफल गरी सार्कको रोकिएको वैठक सञ्चालनमा जोड दिनु आवश्यक छ । अर्को कुरा, बिमस्टेकलाई सफल र प्रभावकारी बनाउने सबैभन्दा ठूलो जिम्मेवारी पनि भारतले निभाउनु पर्ने देखिन्छ ।

**५. नेपालले बढी फाईदा लिन गर्न पर्ने तयारी :**

नेपालले बिमस्टेक सदस्य भएर के फाईदा पाउँछ भन्ने कुरा आम नेपालीको चासो र चिन्ताको विषय बनेको छ । यस्तो चासो वा जिज्ञासा आम जनतामा उठ्नु पनि स्वभाविक नै देखिन्छ । किनभने सदस्य बन्दा, सम्मेलनमा सहभागी हुँदा र सम्मेलन आयोजना गर्दा राज्यकोषवाट धेरै रकम खर्च हुन्छ । त्यो खर्च राज्यले उठाउन सक्छ वा सक्तैन भन्ने कुरा एकातिर हुन्छ भने अर्कोतिर यो विषय राजनैतिक जवाफदेहीताको विषय पनि बन्दछ । यसलाई सफल र प्रभावकारी बनाउनु राजनीतिक नेतृत्वको क्षमताको कुरा पनि हो । यसै भएर प्रधानमन्त्री केपी शर्मा ओलीले यसलाई प्रभावकारीरुपमा कार्यान्वन गर्ने कुरा राख्नु भएको छ (कारोबार दैनिकः ०७५ भाद्र १८) ।

बिमस्टेको माध्यमबाट नेपालले स्थापनाको लगभग २५० वर्षपछि समुद्रसम्मको निर्वाध पहुँच तथा सुविधा पाएको छ र अरु देशसँग सीप, ज्ञान, प्रविधि तथा आर्थिक सहुलियत लिएर कनेक्टिभिटीका मार्फत अगाडि बढ्ने राम्रो अवसर पाएको छ । नेपालले यसबाट के कसरी फाईदा लिने भन्ने सम्बन्धमा विचारविमर्श गर्न जरुरी छ । यसको लागि सबैभन्दा पहिला हालका नीति र कामकारवाहीमा पुनर्विचार (*Revisit*) गर्नुपर्ने देखिन्छ । हाम्रा वर्तमान नीति र कार्यक्रम तथा योजनाहरुलाई परिवर्तन गरी समयसाक्षेप बनाउनु जरुरी छ र यसको लागि तिनै तहको सरकार, निजीक्षेत्र, गैरसरकारी क्षेत्रसँग बसी छलफल गर्नु अत्यावश्यक छ ।

नेपालको व्यापार घाटा वर्षेनी बढेर गैरहेको छ । विविधीकरण गरेर वा धेरै किसिमका उत्पादन

गर्नुभन्दा थोरै तथा बढी माग भएका र निर्यात बढी गर्न सक्ने वस्तुहरुको पहिचान गरी त्यस्ता वस्तु तथा सेवा सरकार वा निजी क्षेत्र कसले गर्ने र सरकारले कसरी त्यस्मा सहजीकरण गर्ने भन्ने कुरामा छलफल केन्द्रित हुन जरुरी छ । यसपछि नेपालले आफ्नो सेवा वा वस्तु उत्पादनको बजार कुनकुन देश हुन सक्तछ भन्ने अध्ययन तथा अनुसन्धान गरी मार्केटिङ गर्दै जानु आवश्यक छ ।

यसमा सबैभन्दा ठूलो भूमिका सरकारले खेल्नु पर्ने हुनेछ । यसको लागि खुल्ला बजार तथा प्रतिस्पर्धात्मक वातावरण तथा सहयोगी भएर प्रस्तुत हुन सक्नु पर्दछ । यसो गर्न सकेमा मात्रै नेपालले आफनो व्यापारघाटाको सीमालाई निश्चित सीमामा झार्न सक्तछ । अहिले नेपालले समुद्रसम्मको निर्वाध पहुँच पाउने स्थिति छ । यो अवस्थामा नेपालले कसरी बढीभन्दा बढी फाईदा लिने भन्ने तर्फ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन नीति र योजनाहरु बनाई अगाडि बढ्न जरुरी छ ।

बिमस्टेकको सदस्य हुँदैमा नेपालले फाईदा धेरै पाउँछ भन्ने सोचाई लिएर बसे नेपाललाई कुनै फाईदा हुँदैन भन्ने कुरा सबैले बुझ्नु जरुरी छ । अहिले सबै सदस्य राष्ट्रहरुसँग नेपालको सम्बन्ध सामान्य नै छ । यस अवस्थामा नेपाललाई यो संस्थामा रहेर काम गर्न कुनै अप्ठेरो पनि देखिदैन । तसर्थ यस संगठनले लिएका लक्ष्यहरुलाई प्रभावकारी रुपमा उपयोग गर्न तथा कार्यान्वयन गर्न गराउँन नेपालले बढी मेहनत गर्नु आवश्यक छ ।

**५. बिमस्टेकका समस्या तथा चुनौतीहरुः**

समस्या वा चुनौतीरहित संस्था संसारमा कही कतै पाइदैन । बिमस्टेक पनि समस्या तथा चुनौतीरहित छैन । स्थापना भएको २१ वर्षको अवधिमा जम्मा ४ वटा सम्मेलन गर्न सफल भएको छ । संगठन पनि चुस्तदुरुस्त छैन, कोषको व्यवस्था र सञ्चालन मोडालिटी पनि बनिसकेको छैन । अहिलेसम्म चार्टर पनि बनेको देखिँदैन । बल्ल काठमाडौं सम्मेलनले चार्टर बनाउने तथा संस्थालाई चुस्तदुरुस्त बनाउने निर्णय गरेको छ । २१ वर्षको वयस्क भए पनि यो संस्था शैशवकालमै छ । सदस्य राष्ट्रबीच विश्वासको वातावरण र सहकार्यको संस्कृतिको पनि विकास भैसकेको अवस्था छैन । त्यसैले अहिलेसम्म यसले गतिशीलता देखाउन सकेको छैन् । यसका पछाडि धेरै कारणहरु छन् । पहिलो कारण भारत वाहेक बाँकी सबै देशमा राजनीतिक संक्रमण छ । यसले पनि बिमस्टेकको गतिलाई अगाडि बढ्न दिएको छैन ।

दोस्रो कारण, राजनीतिक स्थिरता र दह्रो सरकार बन्न सकिरहेको छैन । तेस्रो कारण सबैजसो देश आन्तरिक द्वन्द्व वा युद्धमा अलमलिईरहेका छन् । चौथो कारण सबैमा दूर दृष्टिको अभाव छ । पाचौँ कारण आर्थिक समृद्धि र विकासको लागि सहकार्य गर्ने  र लगानी जुटाउने संसकृति वा कला बसिसकेको छैन । नेपाल र भुटानलाई त विश्व बजारमा जाने समुद्रसम्मको पहुँचको अभाव नै थियो । यस वाहेक अरु पनि थुप्रै कारणहरु छन् । स्थिर र दृढ राजनीतिक नेतृत्व नहुँदासम्म बिमस्टेकजस्ता क्षेत्रीय संस्थाले गति लिन गाह्रो हुन्छ । अर्को कुरा, सदस्य राष्ट्रहरुका बीचमा वेला वेलामा देखिने तितो सम्बन्धको कारणले पनि यसलाई तिव्रता दिन अप्ठेरो परेको छ । भारतले सबै सदस्य राष्ट्रहरुलाई विश्वासमा लिन नसक्ता पनि संस्थाले अपेक्षित गति लिन नसकेको हो ।

भारतले पनि ईमान्दारिताका साथ बिमस्टेकलाई अगाडि बढाउन सार्थक प्रयास गर्नुपर्ने अवस्था छ । बिमस्टेक गतिशील र प्रभावकारी भयो भने सबैभन्दा बढी फाईदा पनि भारतले नै पाउने हो । यसतर्फ भारतले त्यति ध्यान दिएको देखिदैन । सबैले सहमती

जनाएको बिमस्टेक राष्ट्रबीचको सैन्य अभ्यासमा नेपालले अन्तिममा भाग नलिँदा भारत अप्रसन्न भएको कुरा आईरहेको छ । चीनसँग पारवाहन प्रोटोकलमा सम्झौता भए लगत्तै नेपालले सैन्य अभ्यासमा सहभागिता नजनाएको संयोग भन्दै नयाँ पत्रिका, दैनिकले उल्लेख गरेको विषय निकै महत्वपूर्ण छ । भारतका पत्र पत्रिकाले पनि यस बारेमा गम्भीर टिप्पणी लेखेको पनि देखिन्छ (नयाँ पत्रिका :०७५। भाद२९) ।

**६. निष्कर्ष :**

आर्थिक सहयोगको लागि बंगाल खाडीको प्रयास (बिमस्टेक) को चौथो सम्मेलन २०७५ साल भाद्र महिनाको १४ र १५ गते नेपालमा आयोजना गरी सफलतापूर्वक सम्पन्न हुनु नेपालको लागि साच्चिकै गौरवको विषय हो । बिमस्टेकको स्थापना सन १९९७ सालमा भए पनि यसले जुन किसिमको गतिशीलता र प्रभावकारिता पाउनु पर्ने हो त्यो पाउन सकेको देखिदैन । संगठन स्थापना भएको २१ वर्षको अवधिमा चौथो सम्मेलन आयोजना हुनुले यसको गतिशीलता र प्रभावकारिता सुस्त र मन्द छ भन्ने स्पष्ट गर्दछ । तर यसो भन्दैमा बिमस्टेकबाट केही पनि उपलब्धी भएन भनेर निराश हुनु हुँदैन र यसबाट अहिल्यै धेरै उपलब्धीको आशा गर्नु पनि राम्रो हुँदैन ।

यो संस्थाले निरन्तरता पायो भने सबै सदस्य राष्ट्रले विस्तारै अपेक्षित उपलब्धी पाउन कठिनाई हुँदैन । यसले सबै सदस्य राष्ट्रलाई एक सुत्रमा आवद्ध गर्न सफलता पाएको छ र कनेक्टिभिटीका माध्यमबाट सबै सदस्य राष्ट्रहरुलाई एउटै लक्ष्यमा हिडाउने उद्देश्य राखेको छ । यो नै विमस्टेकको सबैभन्दा ठूलो उपलब्धी हो भन्ने मान्नुपर्दछ । नेपालले त अहिले नै दुईवटा प्रत्यक्ष फाईदा पाएको छ । पहिलो फाइदा समुद्रसम्मको निर्वाध पँहुच र सुविधा हो भने आर्थिक, भौत्तिक, पुर्वाधार र सामाजिक क्षेत्रको विकासको लागि कनेक्टिभिटीको मार्फत लगानी र प्रविधि भित्राउने अवसर पाएको छ । सदस्य राष्ट्रहरुसँग मिलेर अगाडि बढ्दा सबै क्षेत्रमा नेपालले बढी फाइदा लिन सक्तछ ।

अहिले साझा विश्व आतंकवाद, गरिबी, युद्ध, लडाई, झगडा, द्वन्द्व, मानव वेचविखन, अपराध, गरीवी, पछौटेपनजस्ता जटिल र कठिन समस्याबाट घेरिएको छ । बिमस्टेक राष्ट्रहरु पनि कुनै न कुनै रुपमा यी समस्याबाट पीडित भैरहेका छन् । एउटा राष्ट्रले मात्रै यी समस्या समाधान गर्न सक्ने अवस्था अहिले छैन । यी समस्या समाधान नहुँदासम्म कुनै पनि राष्ट्रको आर्थिक, सामाजिक, पूर्वाधार तथा औद्योगिक विकासका क्षेत्रमा प्रगति हुन सक्ने देखिदैन । त्यसैले यी संयुक्त र एकतावद्ध भएर यी समस्यासँग जुध्न पनि बिमस्टेकजस्ता क्षेत्रीय संस्थाहरु स्थापना गरी संयुक्तरुपमा अगाडि बढ्न अत्यावश्यक छ। यही कुरालाई आत्मासात गरेर काठमाडौं घोषणापत्रले आतंकवाद तथा संगठित अपराध नियन्त्रण तथा गरीवी निवारणको लागि संयुक्त भएर अगाडी बढ्ने प्रतिवद्धता जनाएको छ । नेपालमा र वाहिर पनि बिमस्टेकलाई सार्कको विकल्पको रुपमा स्थापना गरिएको भन्ने धारणा पनि राखेको पाइन्छ । बिमस्टेक स्थापनामा मुख्य भूमिका खेल्ने भारतले आफनो प्रतिस्पर्धी र शत्रुको रुपमा हेरिएको पाकिस्तानलाई क्षेत्रीय संगठनबाट निकाल्न बिमस्टेक स्थापना गरेको हो भन्ने चर्चा र अनुमान व्यापक छ ।

सार्कको सम्मेलन गर्न भारतले त्यति उत्सुकता नदेखाउनुले पनि यस्तो आशंका गर्नेहरुलाई थप बल दिएको छ। यसलाई सबै सदस्य राष्ट्र मिलेर सही किसिमले यो समस्यालाई समाधान गरी सार्कलाई नियमित र व्यवस्थित बनाउन जरुरी छ । अर्को कुरा, बिमस्टेक द्विपक्षीय,

क्षेत्रीय वा बहुराष्ट्रिय संस्था वा सञ्जालको विकल्पको रुपमा सृजना भएको होइन भन्ने कुरा पनि बुझ्न आवश्यक छ। त्यसरी नै यसलाई दक्षिण एसियाली सहयोग संगठन, सार्कको पनि विकल्पको संस्था बनाउनु हुँदैन। यसको लागि भारतले विशेषरुपले सकरात्मक भूमिका खेल्न आवश्यक छ। किनभने दक्षिण एसियाली सहयोग संगठन सार्कको गतिशीलता र प्रभावकारिता घटे वा यसको अस्तित्व लोप हुने अवस्था आए, भोली बिमस्टेकको पनि त्यस्तै हालत नहोला भन्न सकिँदैन।

यस सन्दर्भमा सार्कको नियमित सम्मेलन आयोजना गरी सार्कलाई गतिशील बनाउन सार्क र बिमस्टेकमा सदस्य भएका सबै सदस्य राष्ट्रहरुले भारतलाई सम्झाउन आवश्यक छ र यसमा नेपालले विशेष भूमिका खेल्नुपर्ने देखिन्छ। साकलाई गतिशील र प्रभावकारी बनाउन सकिएन भने भोली बिमस्टेकलाई पनि गतिशील र प्रभावकारी बनाउन गाह्रो हुन्छ। विमष्टेक दक्षिण एसिया र दक्षिण पूर्वी एसियाको अर्को एउटा आर्थिक, व्यापारिक, प्राविधिक र सामाजिक क्षेत्रीय संगठन हो। यसले सदस्य राष्ट्रहरुमा आर्थिक, पूर्वाधार विकास, प्रविधि विकास तथा सामाजिक विकासको क्षेत्रमा ठूलो काम गर्ने सक्ने देखिन्छ। नेपालले यस सम्मेलनमा नजिकबाट वर्मा, भारत, थाईल्याण्डलाई नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य उपलब्धीका वारेमा थप जानकारी दिने राम्रो अवसर प्राप्त गऱ्यो। यसलाई ठूलो उपलब्धीको रुपमा लिनु पर्दछ।

यस सम्मेलनमा सदस्य राष्ट्रहरुका राष्ट्रप्रमुख तथा सरकारप्रमुख एवम् परराष्ट्र मन्त्रीहरुको उपस्थितिले हिन्दु सर्किट र वौद्ध सर्किटलाई पनि समेट्ने सोच बनाएको छ। यी दुई सर्किटको विकासले मात्रै पनि नेपालमा धार्मिक पर्यटनको विकास र व्यापार विविधीकरण गरी आर्थतन्त्रलाई सुदृढ गर्न सकिने देखिन्छ।

***(लेखक नेपाल सरकारका पूर्व सचिव हुनुहुन्छ)***



# अन्तरदेशिय संगठित अपराध र संक्रमणकाल
## Transnational Organized Crime And Transitional Period

–स.प्र.म.नि.किशोर कुमार लामा (अ.प्रा.)



अन्तरदेशीय संगठित अपराध मानव सभ्यता र मानविय सुरक्षामा जटिल, गम्भीर तथा खतरनाक चुनौती हो । संगठित अपराधले प्रजातान्त्रिक मूल्य मान्यतालाई अवमूल्यन, स्वतन्त्र बजारलाई धराशायी र राष्ट्रिय सम्पति रित्याउने कार्य गर्दै सुदृढ र स्थिर सामाजिक विकासमा अवरोध ल्याउँदछ । संगठित अपराध तथा अन्तरदेशीय संगठित अपराधको संजाल राष्ट्रिय एवम् अन्तराष्ट्रिय रुपमा नै हुने गरेको पाइन्छ । यसको गतिविधीको परिचालन व्यवस्थित एवम् संगठित रुपमा हुने गर्दछ । संगठित अपराध एक औपचारिक समूह हो, जसको मूख्य उद्देश्य अपराधिक गतिविधि सञ्चालन गरेर अर्थोपार्जन गर्नु हो । यस समूहले हिंसा, धम्की, हत्या, अपहरण, भ्रष्ट कर्मचारीहरुलाई आर्थिक प्रलोभनमा पारेर आफ्नो समूहको अस्तित्व र प्रभुत्व कायम गर्दछ । बिशेषतः संगठित अपराध समूहले राज्यको कार्यपालिका, न्यायपालिका र कानुन कार्यान्वयन गर्ने निकायमा कार्यरत भ्रष्ट कर्मचारीहरुलाई साम, दाम, दण्ड, भेद प्रयोग गरेर अवैधानिक गतिविधीमा संरक्षण हासिल गर्दछ । यस अपराधिक समूहले विश्वका मुलुकहरुमा स्थानीय रुपमा रहेको संगठित अपराध समूहहरुलाई अन्तरदेशीय संगठित अपराधिक समूहको संजालद्वारा आफ्नो पकड र प्रभाव कायम गर्दछ । **अमेरिकाको उच्च स्तरीय अनुसन्धान संस्था फेडरल ब्यूरो अफ ईनभेष्टिगेशनले मूल्याङ्कन एवम् विश्लेषण गरे अनुसार संगठित अपराध र अन्तरदेशीय संगठित अपराध समूहहरुको विभिन्न अपराधिक गतिविधिहरु संचालन गर्न वार्षिक रुपमा आर्थिक कारोवारको खर्च हुने रकम करिव १ ट्रिलियन यू.यस.डलर ( रु.सय खरब) बराबर भएको अनुमान निकालेको छ ।**

**संयुक्त राष्ट्र संघ र यूरोपियन युनियनले १९७६ र १९९८ मा लिएको अन्तराष्ट्रिय अभिमत अनुसार संगठित अपराधमा व्यक्ति विशेष विरुद्ध गरिने अवैधानिक गतिविधी र राजनीतिक भ्रष्टाचारका घटनाहरु नै बढी भएको पाईएको थियो । तसर्थ व्यक्ती, समाज, राज्य विरुद्ध गरिने हिंसा र भ्रष्टाचारजन्य मूख्य गतिविधीहरु नै संगठित अपराधको गतिविधीहरु हुन् ।** अन्तरदेशीय संगठित अपराधको वर्तमान अवस्थाको प्रवृत्तिलाई मूल्याङ्कन गर्दा संगठित अपराध अनेकतामा परिवर्तन भई, अन्तराष्ट्रियकरण र विश्वव्यापी भइसकेको छ । गहन एवम् सोचनीय विषय यो छ कि **संगठित अपराधको आर्थिक स्थिति विश्वको अर्थ व्यवस्थामा बराबरीको स्तरमा पुगिसकेको** छ । संगठित अपराधको अपराधिक गतिविधी विश्वको एक महादेशको देशहरुबाट प्रारम्भ हुन्छ भने दोस्रो महादेशको देशहरुमा गतिविधीहरु सञ्चालित हुँदै अन्ततः तेस्रो महादेशको देशहरुको बजार अवैध गतिविधीहरु संचालन हुने गन्तव्य भएको पाईन्छ । अन्तरदेशीय संगठित अपराधमा अर्को गम्भीर चुनौतीलाई लिँदा **आंतकवाद र संगठित अपराधको सम्बन्धको** सम्भावना पनि अत्यन्त खतराजनक रुपमा लिन सकिन्छ । विशेषज्ञहरुले संगठित अपराध र आंतकवादको सम्बन्धको सम्भाव्यता भएको निष्कर्ष निकालेका छन् । संगठित अपराध र आतंकवाद अभिप्रेरित हुने कारणमा आतंकवादको विचार नै प्रमुख हो भने संगठित अपराध अभिप्रेरित गर्ने कारणमा अर्थोपार्जन नै हो । आंतककारी संगठनलाई आंतककारी

गतिविधी संचालन गर्नको लागि आर्थिक श्रोतको आवश्यकता हुन्छ र सो आर्जन गर्नको लागि संगठित अपराध समूहसँग सम्बन्ध राखेर आतंककारी गतिविधीमा अपहरण, बैंक डकैती, कन्ट्रयाक्ट किलिङजस्ता जघन्य अपराधहरुमा आतंककारी समूह र संगठित अपराधिक समूहहरुको सम्बन्ध हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न । यसै गरी अन्तरदेशीय संगठित अपराध र आतंककारी **समुहहरुले न्यूक्लियर, केमिकल र बायोलोजिकल हतियार (वेपन्स अफ मास डिस्ट्रक्सन)** प्रयोग गरेको खण्डमा उत्पन्न हुन सक्ने भयावह स्थितिको कल्पना समेत गर्न सकिन्न ।आजको अवस्थामा संगठित अपराधको स्थिति परिवर्तन भएको छ । प्रारम्भमा ईटालियन माफियाहरु संगठित अपराधिक समूहको रुपमा स्थापना भएको थियो । ईटालियन माफियाहरु केही देशहरु र स्थानहरुमा परिचालित छन् भने आजको संगठित अपराध समूह विश्वव्यापी र अन्तराष्ट्रिय सञ्जाल विकास गरेर विश्वको सामाजिक, राजनीतिक, आर्थिक क्षेत्रमा समेत प्रत्यक्ष रुपमा प्रभाव पार्न सक्ने समूहहरुमा विकास भइसकेका छन् । हाल साना संगठित अपराध समुहहरु वाहेक विश्वको निम्न संगठित अपराध समूहहरु शक्तिशाली र क्रियाशील छन् :

**(क) सेल्टसेम्सकाया ब्राटभा रसियन माफिया (ख) नाईजेरीयन माफीया (ग) चाईनिज टङ्स, ट्रायाड (घ) जापानिज यामागुछी, बोर्योकुडान, याकुजा, (च) ईटालियन अमेरिकनकामोरा (छ) नडराङघेटा, ईटालियन (ज) दाउद डी कम्पनी (ज) सिनालोआ कारटेल, मेक्सीको**

संगठित अपराधको विशेषताहरु र अपराध गतिविधीहरुमा, संगठित अपराध समूहमा दुईभन्दा बढी व्यक्तिहरुको संलग्नता, असिमित र निरन्तर रुपमा गरिने अवैधानिक गतिविधीहरु, समूहलाई प्रभावकारी रुपमा परिचालन गर्न अनुशासन, प्रशिक्षण र नियन्त्रणको व्यवस्था, जघन्य प्रवृत्तिका अपराधहरुमा सक्रिय संलग्नता, अन्तराष्ट्रिय र अन्तरदेशीय संगठित अपराधिक कारवाहीमा हिंसा र धम्कीको प्रयोग, व्यापारीक संगठनात्मक संरचनाका विशेषताहरु पर्दछन् भने अपराधका प्रकारहरुमा मनी लन्डरिङ, साईबर क्राईम, व्यक्ति पहिचान परिचय चोरी, काउन्टरफिट करेन्सी, मानव वेचविखन, लागु औषध तस्करी, वेश्यावृत्ति, मानवीय अंगको बेचविखन, हातहतियार तस्करी र कर राजस्व छली, अत्यधिक ब्याजमा श्रृण उपलब्ध गराउने, ब्ल्याक मेलिङ, बैक, बिमा ठगी, अर्थ व्यवस्थामा जासुसी, जबरजस्ती सम्पती हडप्ने, सार्वजनिक परियोजनाको ठेक्का धम्काएर लिने, (बुटलेगिङ र बटलेगिङ) अवैध मदिरा र नक्कली चुरोट उत्पादन र विक्री, कन्ट्राक्ट किलिङ, बम्बिङ, अवैध जुवा, प्रकाशनाधिकार उल्लंघन, आणविक हतियार तस्करी, राहदानी किर्ते र ठगी, पुरातात्विक महत्वका वस्तुहरुको तस्करी, शैन्य उपकरण तस्करी, क्यासिनो, उद्योग र फोहर संकलन कार्यमा एकाधिकार, वेश्यावृत्तीजस्ता गम्भीर प्रकृतिका अपराधहरु पर्दछन् । साथै राजनीतिक, सामाजिक, आर्थिक, न्यायिक तथा प्रशासन क्षेत्रमा हिंसा र भ्रष्टाचारको माध्यमद्वारा प्रभाव र पकडलाई मजबुत बनाउने र अन्तत्वगत्वा **सम्पत्ती, सम्मान र शक्तिको (एम.आर.पि., मनी, रेसपेक्ट एण्ड पावर)** उद्देश्य हासिल गर्ने गरी आफ्नो प्रभुत्व कायम गर्नु नै संगठित अपराधका विशेषताहरुमा पर्दछन् । **अन्तरदेशीय संगठित अपराध समुहले विश्वव्यापी रुपमा नै अन्तराष्ट्रिय व्यवस्था, नियमलाई समेत परिवर्तन गरिदिएको पाईन्छ । अन्तराष्ट्रिय राजनीति र अर्थ जगतमा स्थापित शक्ति समेतलाई परिवर्तन गरेर आफ्नो अनुकूलको नयाँ नेतृत्वहरु र शासन व्यवस्थासमेत स्थापना गर्न सफल भएका छन् ।** यस प्रकारको गम्भीर र चुनौतिपूर्ण अवस्थाको मूल्यांकन र पुर्वानुमान गर्न विश्वका सरकार र अन्तराष्ट्रिय संगठनहरु समेत असफल भएको तथ्य बारेमा

अन्तराष्ट्रिय विज्ञहरुको प्रतिवेदनमा समेत उल्लेख भएको पाईन्छ । अन्तरदेशीय संगठित अपराधको अन्तराष्ट्रियकरणको विद्यमान अवस्थालाई विश्लेषण गर्दा निम्न विशेषताहरु पाईन्छ :

(क) अपराधिक संजालको सम्बन्धलाई कुनै पनि राष्ट्रको भौगोलिक सिमाले सिमित गरेको छैन ।

(ख) भौगोलिक, सामाजिक, सांस्कृतिक, भाषिक विविधता भन्दा माथि रहेर अपराध गर्ने मान्यताको पालना गर्नु

(ग) कुनै पनि नयाँ अपराधको परिस्थिति र प्रवृत्ति संग तत्कालै घुलमेल हुन सक्ने क्षमता र अस्थिरता कायम नगर्ने प्रवृत्ति ।

(घ) अपराधिक संजालको सम्बन्धमा विश्वव्यापी रुपमा सहज पहुँच र उच्चस्तरीय आधुनिक वैज्ञानिक भौतिक स्रोत साधनको प्रयोग ।

उपरोक्त विशेष प्रकारका विशेषताहरुले मानविय, सामाजिक, सांस्कृतिक, राजनीतिक संस्कारहरु समेतमा प्रत्यक्ष रुपमा प्रभाव पारेर संगठित अपराध वा अन्तरदेशीय संगठित अपराधको प्रवृत्ति एक प्रकारको जीवन शैली वा संस्कार रुपी मान्यताको रुपमा स्थापित हुँदै गएको देखिन्छ । विगतमा संगठित अपराध समूहहरु विभिन्न मुलुकहरुमा विभिन्न समुदाय, जातिका सदस्यहरु मात्र भएको र पारिवारिक पृष्ठभूमिमा आधारित समूहहरु हुने गर्द थियो । तर अन्तरदेशीय संगठित अपराध समूहमा वर्तमान प्रवृत्ति अनुसार कुनै जातिको मात्र नभई सबै जातिको प्रतिनिधित्व हुने **संयुक्त राष्ट्रिय ग्याङ्गको (युनाईटेड नेशन ग्याङ)** नामले संगठित अपराध समुह गठन भएको पाईन्छ । यस समूहको नामले विश्वव्यापी रुपमा कुनै पनि राष्ट्रका नागरिकहरुलाई यस ग्याङ्गको सदस्य हुन स्वागत गरेको देखिन्छ साथै कुनै जातिय रुपमा समेत आधारित नभई बहुजातिय सदस्यहरु रहेको विश्वव्यापी रुपमा छुट्टै अपराधिक समाज नै विकास गर्न अन्तराष्ट्रिय अपराधीहरु अग्रसर रहेको महसुस गर्न सकिन्छ । यस प्रकारको संयुक्त राष्ट्रिय ग्याङ्गले विद्यमान वैधानिक संयुक्त राष्ट्र संघ सरहको संघको स्थापना गरेर भविष्यमा यू.एन.लाई चुनौती दिन सक्ने स्थिति उत्पन्न हुन नसक्ला भन्न सकिन्न । तसर्थ यस प्रकारको स्थितिलाई विश्लेषण गर्दा भविष्यका दिनहरु अत्यन्त जटिल, चुनौतिपूर्ण र उत्पन्न अत्यन्त भयावह हुने सम्भावनाहरु देखिन्छ । संयुक्त राष्ट्रसंघको खतरा विश्लेषण र मूल्याकन समितिका एक सदस्यको भनाई अनुसार विगतमा **विश्वका नीति निर्माताहरुले राज्यको नीति निर्माण गर्दा १९ औं शताब्दीमा उपनिवेशलाई मुलभुत आधारको रुपमा लिने गरेको थियो भने २० औं शताब्दीमा शित युद्ध नै आधार रहेको थियो । २१ औं शताब्दीमा नीति निर्माणको मुलभुत आधार अन्तरदेशीय संगठित अपराध हुने निष्कर्षको प्रतिवेदन** संयुक्त राष्ट्र संघको खतरा विश्लेषण र मूल्याकन समितिले प्रकाशन गरेको छ ।

**सन् २००४ मा संयुक्त राष्ट्रसंघको खतरा विश्लेषण गर्ने समूहले २१ औं शताब्दीको दस प्रमुख अत्यन्त जटिल र चुनौतीपूर्ण खतराहरु निम्नानुसार उल्लेख गरेका छन् ।**

**१. गरीबी, २. सरुवा रोग, ३. वातावरणीय ह्रास, ४. अन्तर राज्य युद्ध, ५. गृह युद्ध, ६. मानवता विरुद्धको अपराध, ७. महिला र बालिकाहरुको यौन शोषण र मानवीय शरीरको अंगहरुको बिक्री र तस्करी, ८. न्युक्लियर, केमिकल र वायोलोजिकल हतियारको वृद्धी, ९. आतंकवाद, १०. अन्तरदेशीय संगठित अपराध**

हाल सबै संगठित अपराध समूहहरु एक आपसमा एकता कायम गर्दै अन्तराष्ट्रिय संजालको छातामा रहेर परिचालित भएकाले अन्तराष्ट्रिय अपराधिक संगठनहरु शक्तिशाली रुपमा विकास भएका छन् । संगठित अपराधको नयाँ प्रवृत्ति र अत्यधिक रुपमा हुने अपराधिक गतिविधीमा व्यक्ति

पहिचानको परिचयको चोरी गर्ने, अनलाईन एक्सटर्सन साथै ई-कमर्सको प्रयोगहरु अभिवृद्धी भएको छ । यसै गरी संगठित अपराधिक समूहले अत्यधिक रुपमा कम्प्युटर ईन्टरनेटको प्रयोग गरी साईबर क्राईमको घटनाहरु विश्वब्यापी रुपमा चुनौतीपूर्ण हुँदै गएको पाईन्छ । जसलाई **ह्याक्टिभिज्म** भनिन्छ । साईबर कप्सहरु परिचालित भएता पनि साईबर अपराधीहरुलाई पक्राउ गर्न ज्यादै नै कठिन भएको छ । १९८९ ताका सोभियत संघ विभिन्न राज्यहरुमा विभाजित भएको अवस्था, साथै पूर्वी युरोपमा भएको क्रान्ति पश्चातको समयको परिणामस्वरुप संगठित अपराधको गतिविधी अभिवृद्धी हुने अनुकुल वातावरण सृजना भएको थियो । किनकी कुनै पनि मुलुकमा राज्य सरकार कमजोर हुनु, विधिको शासनको प्रभावकारीतामा कमि हुनु, भ्रष्टाचारमा संलग्नता, सरकारप्रति जनविश्वासको कमि, सामाजिक, राजनीतिक र आर्थिक अस्थिरता, अस्थिर सरकार, संक्रमणकाल, सरकारको शासन पद्धतीमा परिवर्तनको अवस्था आदि जस्ता परिस्थितिहरुले गर्दा संगठित तथा जघन्य प्रवृत्तिका अपराधिक गतिविधीहरु पूर्वी युरोपमा अत्यधिक रुपमा अभिवृद्धी भएको थियो । विश्वका प्राय जसो संगठित अपराध समुहहरुले अपराध गतिविधीहरु संचालन गर्ने कार्य योजना तयार गर्दा लक्षित गरिएको क्षेत्र, बजार वा राज्यको खतरा मुल्यांकन गर्ने परिपाटी रहेको छ । गतिविधी सञ्चालन गरिने देश, भौगोलिक अवस्था, कार्यरत कर्मचारीहरुको क्षमता वा धारणा, सुरक्षाकर्मीको नियत, कार्य लगाव, सुरक्षा प्रविधिको अवस्था, सरकारको सामर्थ्य, सरकारप्रतिको जनमानसको विश्वास र धारणा, सामाजिक, राजनीतिक, आर्थिक परिवेश, राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा भएको भ्रष्टाचारको स्थितिको विश्लेषण गरेर अपराध गतिविधी सञ्चालन गरेको पाईन्छ । साथै कानुनको प्रावधान र प्रभावकारीता र विधीको शासन प्रतिको अवस्था पनि महत्वपूर्ण प्रभाव पार्ने तत्वहरुमा पर्दछ । तसर्थ संगठित अपराध समुहहरुले गतिविधी संचालन गर्नको लागि उल्लिखित परिस्थितिहरु कमजोर भएका राज्यहरुलाई लक्षित गर्ने गरेका छन् । संगठित अपराध गतिविधीको प्रभाव पार्ने प्रवृत्ति **हावा भरेको बेलुन जस्तो हुन्छ, एकातिर थिच्दा अर्कोतर्फ फुल्ने हुन्छ**, त्यसकारण विधीको शासन र सुरक्षा व्यवस्था कडा र प्रभावकारी भएको राज्यहरुको खतराबाट बच्न सुरक्षा स्थिति कमजोर भएको मुलुकहरु तर्फ सगठित अपराधको गतिविधीहरु केन्द्रित हुने गरेको पाईन्छ । उदाहरणको लागि फ्रान्सको क्रान्ति पश्चात फ्रान्समा सबल राज्यहरु निर्माण भएको कारणले अपराध समुहहरु फ्रान्सबाट कमजोर राज्यहरुमा बल्कान, ईटली तर्फ पलाएन भएका थिए । ईटलीमा यहि अपराध समूहहरुबाट सिसिलिएन माफिया समुह स्थापना भएको थियो । हाम्रो मुलुकको अवस्थालाई विश्लेषण गर्दा निम्न अवस्थाहरुलाई समेट्न उपयुक्त देखिन्छ । १० वर्षे विद्रोहको अवस्था, शान्ति सुरक्षाको अवस्था, मुलुकको शासन पद्धतीमा भएको परिवर्तन, राजतन्त्रको वहिर्गमन, गणतन्त्रको स्थापना, सेना समायोजन र शान्ति सम्झौता, जन आकांक्षाको अभिवृद्धी र आकांक्षा परिपूर्ति गर्न राज्यको सिमित क्षमता, संविधानसभा भंग भएको अवस्था, संविधान निर्माण हुन नसकेको स्थिति, राजनीतिक अस्थिरता, राजनीतिक दलहरुबीच भएको मतभिन्नता, संघीयताको विषयहरुलाई दृष्टिगत गर्दा १९८९ मा रसियामा भएको शासन पद्दतिको परिवर्तन, विभिन्न राज्यहरुमा विभाजन र पूर्वी यूरोपको गृहयुद्ध, विद्रोह, क्रान्तिमा संगठित अपराधको गतिविधीहरु अभिवृद्धी भए जस्तै नेपालको विद्यमान अवस्था पनि रसिया र पूर्वी यूरोपको अवस्थासँगकेही हदसम्म समान रहेको कारणले गर्दा संगठित अपराध अभिवृद्धि हुन सक्ने अनुकूल वातावरण बन्न सक्ने सम्भावनाहरु बढ्दै गएको देखिन्छ । नेपालमा विगतमा भएका विभिन्न घटनाहरुलाई संकेतहरुको रुपमा लिएर विश्लेषण

तथा मुल्यांकन गर्न सकिन्छ । नेपालमा पूर्व अवस्थामा भएका घटनाहरुको विश्लेषण गर्दा संगठित अपराधको गतिविधी आरम्भ भइसकेको महसुस गर्न सकिन्छ । राष्ट्रिय पंचायतका पूर्व सदस्य एवं **मन्त्री मिर्जा दिल साद वेगको हत्या र संगठित अपराध समूहको संलग्नता, लागु औषाध उत्पादन हुने (गोल्डन क्रिसेन्ट) अफगानिस्तान, पाकिस्तान, र ईरानबाट अवैध तस्करी भई ट्रान्जिटको रुपमा नेपालमा आउने लागु औषाध र अपराधमा संलग्न अफगानी नागरीक वाहिद खान (अफगानिस्तानस्थित संगठित अपराधको सदस्य) यसै गरी अफ्रिकन संगठित अपराध समूहको सदस्य नाईजेरीयन नागरीक चिमा, नेपाललाई अन्तराष्ट्रिय आंतककारीहरुले सुरक्षित स्थानको (सेफ हेभेन) रुपमा प्रयोग, अन्तराष्ट्रिय आतंककारी पक्राउ हुनु, अत्यधिक परिमाणमा नक्कली भारतीय रुपियाको तस्करी, भारतमा चोरी भएका गाडीहरुको नेपालमा हुने तस्करी र चोरीको गाडीको लागि कर्मचारीहरुबाट बन्ने नक्कली कागजातहरु, मानवतस्करी, आई.सी. ८१४ ईण्डियन एयरलाईन्सको प्लेन हाईज्याक भएको घटना, नेपालमा वरामद भएका उच्चस्तरको विष्फोटक पदार्थहरु, अपहरण, अनलाईन एक्सटर्सन, सर्वोच्च अदालतका न्यायाधीशको हत्यामा प्रयोग भएको हिंसा,** जस्ता गम्भीर र जघन्य प्रवृतीका गतिविधीहरुलाई संगठित अपराध तथा अन्तरदेशीय संगठित अपराधको गतिविधीहरु हुने गरेको संकेतको रुपमा लिन सकिन्छ । यसैगरी बैंक तथा बिमा ठगी, राजस्व एवम् कर छली, घरमा बनाएको मदिरा र नक्कली रक्सीको उत्पादन र तस्करी, यस बाहेक मुलुकमा सङ्क्रमणकालले गर्दा श्रृजित तरल अवस्थाले संगठित लगायत अन्तरदेशीय संगठित अपराधको नकारात्मक परिस्थितिहरु अभिवृद्धी हुन सक्ने सम्भावनाहरु बढेर गएको छ । नेपालमा राजनीतिक अस्थिरताको समय र द्वन्द्वकालको समयमा नै सामान्य लगायत जघन्य र विभिन्न प्रवृत्तीका घटनाहरु भएको पाईन्छ । विगतको उदाहरणमा प्रजातन्त्र पुनर्स्थापना भएपछिको सबै भन्दा **ठूलो भ्रष्टाचार प्रकरण प्रतित पत्र घोटाला प्रकरण (एल.सि.स्क्याम)** हो । स्व. पूर्व प्रधान मन्त्री गिरीजाप्रसाद कोइरालाको कार्यकालमा कांग्रेस पार्टी कै माननीय सदस्यहरुको असहयोग र मतभेदको कारणले गर्दा विश्वासको मत हासिल गर्न नसकी सरकार बिघटन भएको थियो । परिणामस्वरुप मध्यावधी निर्वाचन घोषणा भएको थियो । अस्थिर र तरल समय, सरकार पनि नबनेको अवस्थामा मुलुकमा राष्ट्रिय एवम् अन्तराष्ट्रियस्तरको नियोजित, योजनावद्ध, ठोस तयारीको साथ अत्यन्त चर्चित र गम्भीर अपराध **प्रतित पत्र घोटाला काण्ड** भएको थियो । यस बहुचर्चित अपराधका मूख्य अपराधीहरु प्रकाश टिवडेवाला र आनन्द अग्रवालले बैकहरुमा प्रतित पत्र खोली बैकका कर्मचारीरुको मिलोमतोमा ३ करोड ६१ लाख ५६ हजार अमेरीकी डलर घोटाला गरेको थियो । यस अपराधले सरकार र जनमानसबीचमा विश्वासको संकट पैदा भएको थियो । मेडिया, जनमानस, राजनीतिक समूह, वुद्धीजीवी लगायत अन्तराष्ट्रिय प्रतिनिधीहरु समेतले सरकारको आलोचना गरेको थियो । अपराधीहरुलाई पक्राउ गरी तत्काल कारवाही गर्न चौतर्फी दवाबहरु श्रृजना हुदै थियो । जुलुस, विरोध सभा, सरकारी कार्यालयहरु घेराउ, र अपराधीहरु पक्राउ गर्न नसकेमा मुलुक नै ठप्प पार्ने किसिमको आन्दोलन हुन सक्ने सम्भावनाहरु बढ्दै गएको थियो । सरकार एवम् प्रहरीले आफ्नो भरमग्दुर प्रयासहरु गर्दै थिए । तर जनदवाब र अस्थिर स्थितिको कारणले गर्दा सरकारले तत्कालिन ए.आई.जी ध्रुव बहादुर प्रधान (निवर्तमान प्रहरी महनिरीक्षक) को अध्यक्षतामा उच्चस्तरको अनुसन्धान विशेष समिति गठन गरेको थियो । उक्त अनुसन्धान विशेष समितिले दुईवटा रणनीति कार्यान्वयन गरेको थियो । मुलुक भित्रको अनुसन्धान गतिविधी र मुलुक बाहिरको अनुसन्धान गतिविधीको पहुँचहरु अपनाइको थियो । जसमा

मुलुक भित्रको जिम्मा अनुसन्धान विशेष समितिको अपरेसन कमाण्डर तत्कालीन प्र.ना.उ. किशोर कुमार लामाको (निवर्तमान सशस्त्र प्रहरी महानिरीक्षक) जिम्मेवारीमा थियो भने मुलुक बाहिरको अन्तराष्ट्रिय क्षेत्रको अनुसन्धान स्वयं कार्य विभाग प्रमुख अनुसन्धान विशेष समितिको अध्यक्ष तत्कालिन अतिरिक्त महानिरीक्षक ध्रुव बहादुर प्रधानको जिम्मेवारीमा थियो । यही विशेष टोलीले व्यवसायिक क्षमता प्रयोग गरेर अपराधीहरु मध्य प्रकाश टिवेडवालालाई पक्राउ गरी कारवाही गरेको थियो । परिणामस्वरुप यस सफलताले सरकार लगायत राजनीतिक तथा सुरक्षा अंगका नेतृत्वहरु प्रति उठेको चौतर्फी आक्रोश र जनदवाब शान्त र मत्थर हुदै सामान्य भएको थियो । आनन्द अग्रवाल मुलुक नै छाडेर हालसम्म फरार छ । वर्तमान अन्तरदेशीय संगठित अपराधलाई प्रभावकारी रुपमा नियन्त्रण र सफलतापूर्वक सामना गर्नको निमित्त राज्य सरकार र राज्यको सुरक्षा संयन्त्रले सयुक्त राष्ट्र संघ, इन्टरपोल तथा विभिन्न राज्यका सुरक्षा संयन्त्रसंग सुदृढ सम्बन्ध कायम गरी, खवर आदानप्रदानको आधारमा नियन्त्रणका कारवाहीहरु गरिरहेका छन् । तर हालको स्थितिमा नियन्त्रण र अनुसन्धानका कारवाहीहरुमा फरक नीति, प्रविधि र पहँचहरु अपनाउन आवश्यक देखिन्छ । यदि यस गम्भीर र भयावह परिस्थितिलाई राज्य सरकारले समयमै वहु-संस्था नियन्त्रणको पहुँच र प्रविधि लागु गर्न नसकेमा २१ औं शताब्दीको अत्यन्त खतराहरु मध्यको अन्तरदेशीय संगठित अपराध अभिवृद्धी हुन सक्ने अनुकुल वातावरण बन्न सक्नेछ । अन्तरदेशीय संगठित अपराधले सामाजिक, राजनीतिक, आर्थिक क्षेत्रमा नकारात्मक असर गर्दै राष्ट्रिय सुरक्षामा नै प्रतिकुल प्रभाव पार्दै छिमेकी मुलुकहरु भारत, चाईना लगायत दक्षिण एसिया क्षेत्र र अन्तराष्ट्रिय स्तरको सुरक्षामा नै खतरा पुऱ्याउन सक्ने सम्भावना देखिन्छ । तसर्थ यस प्रकारको अवस्थाबाट राज्य र जनतालाई सुरक्षित राख्दै र अन्तराष्ट्रिय क्षेत्रमा समेत राज्यले प्रभावकारी रुपमा अन्तरदेशीय संगठित अपराधको चुनौतिलाई नियन्त्रण गर्न सक्ने कार्य सक्षमतालाई प्रमाणित गर्न राज्यका जिम्मेवार संयन्त्रहरुले आवश्यक पहलहरु गर्नु पर्ने देखिन्छ । **वर्तमान अवस्था बारेमा तत्कालीन महामहिम राष्ट्रपति डा.राम वरण यादवज्यूको भनाईमा सङ्क्रमणकाल जति लम्बिन्छ, विसंगतिहरु पनि बढ्दै जानेछ (अन्नपुर्ण पोष्ट) ।** सरकार र सुरक्षा संयन्त्रले राज्य र जनताको सुरक्षा गर्नु अहम् कर्तव्य हो । राज्यले सुरक्षाको समुचित व्यवस्था गर्नु पर्दछ र जनताले सुरक्षाको अनुभूति र आभाष पाउनु पनि पर्दछ । अन्यथा जनता र सरकारबीचको विश्वासको कडिमा दरार आउन सक्दछ । आफ्नो राज्य र जनता वाहेक छिमेकी राष्ट्रहरु र विश्वका अन्य राष्ट्रहरु समेतमा आफ्नो राज्यमा भएको अपराधिक गतिविधिहरुले छिमेकी र अन्य राष्ट्रहरुको राष्ट्रिय सुरक्षामा नकारात्मक असर परेमा, सम्बन्धित छिमेकी राष्ट्रहरुले चासो लिन पर्ने स्थिति आउन सक्दछ । **हाम्रो असक्षमताको कारणले छिमेकी मुलुकहरुको राष्ट्रिय सुरक्षामा गम्भीर खतरा हुने, क्षेत्रीय र अन्तराष्ट्रिय क्षेत्रमा खतरा उत्पन्न हुने सम्भावना भएमा सम्बन्धित मुलुकहरुमात्र नभई संयुक्त राष्ट्र संघले खतरा उत्पन्न भएको र सुदृढ सुरक्षा व्यवस्था गराउन नसक्ने मुलुकमा सुरक्षा स्थिति सुधार गर्न गराउनको लागि संयुक्त राष्ट्र संघको कानुनी प्रावधानको आधारमा हस्तक्षेप गर्न सक्ने अधिकारलाई हामीले विर्सन हुँदैन ।** यस प्रकारको गम्भीर परिस्थितिप्रति नेपाल सरकार, राजनीतिक नेतृत्वहरु, प्रशासनिक तथा सुरक्षा अंगहरु संवदनशील भई कार्यान्वयन पक्षमा प्रभावकारी गतिविधीहरु सञ्चालन गर्न अग्रसर हुनु पर्ने देखिन्छ । विद्यमान अवस्थामा सरकार तथा सुरक्षा लगायत सम्बन्धित अंगहरुबाट हरसम्भव प्रयासहरु भएका छन् । अनुसन्धानको क्षेत्रमा विशिष्टीकरण र विज्ञ, अनुभवी

र दक्ष जनशक्तिहरु रहेका विशेष समुहहरु समेत परिचालन भएका छन् । सिमित श्रोत साधनको स्थिति भए तापनि सम्बन्धित प्रशासक र सुरक्षाकर्मीहरुको भरमग्दुर प्रयासले सकारात्मक परिणामहरु हासिल भइरहेको छ । तर संगठित अपराधको बहुपक्षीय विशेषताहरुमा अन्तराष्ट्रिय संजाल, वैज्ञानिक प्रविधि, ईन्टरनेटको सुविधा, हवाई तथा सडकमार्ग यातायातको सुविधा, अत्याधुनिक संचार सुविधा, (स्याट फोन), मुलुकको खुल्ला सिमानाजस्ता अवस्था र परिस्थितिहरुले समेटेको मुलुकको विद्यमान स्थिति, संगठित र अन्तरदेशीय संगठित अपराध फष्टाउन सक्ने अनुकुल वातावरणको सम्भावना देखिन्छ । मुलुकको दक्षिण र उत्तरस्थित रहेको खुल्ला सिमानाहरु संवेदनशिल छन् । उत्तर भन्दा दक्षिणको सिमा भौगोलिक कारणले समेत थप संवेदनशील छ । तर उत्तरतर्फ पनि अपराधिक गतिविधीहरु पनि दिनानुदिन अभिवृद्धि हुंदै गईरहेको छ । अपराधिक गतिविधीहरुमा रक्तचन्दन, यार्चागुम्बा, सुन तस्करी, चाईनिज सामानहरुको चोरी पैठारी र अवैध हातहतियारको तस्करी समेत हुने गरेको पाईन्छ । यस प्रकारको बहुपक्षीय विशेषताहरु भएको जटिल, संवेदनशील संगठित अपराधको चुनौतीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्नको लागि राज्यले पनि **बहुपक्षीय संस्थाहरुको पहुँचको नीति र कार्य योजना तर्जुमा गरी लागु गर्नुपर्दछ । अमेरिकाको टुईन टावरमा भएको घटना पश्चात सुरक्षालाई सुदृढ गर्नको लागि सुरक्षा अवस्थालाई पुनरावलोकन गरेर विभिन्न मन्त्रालयहरु मातहतमा रहने गरी नयाँ मन्त्रालयको रुपमा होम ल्याण्ड सेक्युरिटी स्थापना भएको थियो ।** अमेरिकाको **होमल्याण्ड सेक्यूरीटी मन्त्रालयको उद्देश्य र कार्य रणनीति पनि बहुपक्षीय संस्थाहरुको पहुँचको नीति र कार्य योजनामा नै आधारित छ** । तसर्थ नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनको लागि प्रत्यक्ष रुपमा संलग्न हुने निकायहरुमा स्थानीय प्रशासन, अध्यागमन, भन्सार, सञ्चार र सम्बन्धित गृह, अर्थ मन्त्रालयहरु, विभाग, सुरक्षा संयन्त्रहरु र अप्रत्यक्ष रुपमा सम्बन्ध हुने मन्त्रालयहरु, विभागलाई संलग्न गराई नीति निर्माण, कार्य योजना तयार गरी सोही अनुरुप ज्वाइण्ट भेन्चर र बहुपक्षीय पहुँचको नीतिको कार्यविधी निर्देशिका तयार गरी आवश्यकतानुसार सामुहिक रुपमा परिचालन गर्न आवश्यक देखिन्छ । **संक्रमणकाल हो, केही घटनाहरु भई हाल्छ भन्ने सोचमा परिवर्तन** गरी **संक्रमणकाल भएकोले नै** अपराध घटनाहरुप्रति संवेदनशील भएर घटनाहरुलाई वैज्ञानिक र आधुनिक तरिकाबाट अध्ययन विश्लेषण गर्ने र नियन्त्रणको लागि आवश्यक रणनीति र उपायहरु समेत विकास गरी नेतृत्व वर्गलाई नीति निर्माण गरी उपलब्ध गराउनको लागि **खतरा व्यवस्थापन संयुक्त समिति (थ्रेट म्यानेजमेन्ट ज्वाईन्ट कमिटी )** स्थापना गर्न आवश्यक देखिन्छ । यसैगरी ईन्टेलीजेन्सलाई भरपर्दो र प्रभावकारी बनाउनको लागि सक्षम **सुराकीहरुको विकास, एकिकृत ईन्टेलीजेन्स सिद्धान्तको प्रयोग र विश्लेषण** कार्यलाई व्यवहारमा थप सुदृढ र कार्यान्वयन गरिनु पर्दछ । अन्यथा मुलुकले राष्ट्रिय साथै अन्तराष्ट्रिय जघन्य प्रवृत्तिको अपराधका चुनौतीहरु सामना गर्नु पर्नेछ । **परिणाम स्वरुप मुलुकको छविमा नकारात्मक असर पर्नेछ, जस्तै संगठित अपराध र सम्पति सुदृढीरणकरणको कानुनी अभावको कारणले गर्दा अन्तराष्ट्रिय आर्थिक ज्वाईन्ट टास्क फोर्सले नेपाललाई कालो सूचीमा सुचीकृत गर्न लागेको थियो ।** अपराध बारेमा **क्राईम प्याटर्नएनालाईसिस** प्रयोग गरेर **अपराध घडी, अपराध हुने पिक आवर**को पहिचान गर्दै **अपराधमा केन्द्रित विन्डो अफ क्राईम** पत्ता लगाइ **इन्टेलीजेन्स गाईडेड अपरेशन कार्य**, नियन्त्रण विधीहरु र श्रोत साधनहरु प्रयोग गर्न सकेमा अपराध व्यवस्थापनमा आधुनिक र वैज्ञानिक शैली तथा प्रविधि लागु हुनेछ । साथै अपराध वा अपराधी केन्द्रित अनुसन्धान कार्य आरम्भ गर्न अपराधको

परिस्थितिलाई विश्लेषण गर्न आवश्यक छ । परिचालन पक्षमा पनि **एकिकृत संयुक्त परिचालन प्रणाली ( ईन्टग्रेटेड ज्वाईन्ट अपरेशन सिस्टम)** लागु गर्न उपयुक्त र आवश्यक देखिन्छ । यसैगरी सुरक्षा निकायमा लागु गरिएको **कार्य विशिष्टीकरणमा थिन्कर्स र सुटर्सको सिद्धान्त** लागु गरेर विशेष ज्ञान, शीप र रणकौशलता विकास गर्न आवश्यक देखिन्छ । विशिष्ट व्यक्तिहरु, महत्वपूर्ण प्रतिष्ठान, निवास, कार्यालयहरुको भरपर्दो सुरक्षा व्यवस्थाको लागि **थ्रेट एसेसमेन्ट म्याट्रिक्स, मार्ग विश्लेषण, (रुट एनालाईसिस) ईनभ्यारोमेन्टल स्क्यानिङ र भाईटल ईन्सटलेसन भलनरेविलिटी एसेसमेन्ट मुल्यांकनको विधीहरु** लागु गर्न आवश्यक देखिन्छ । (**सर्भिलेन्स डिटेक्सन)** निग्रानी पहिचान समुह बनाई विशेष प्रशिक्षण प्रदान गरेर दक्ष जनसक्ती उत्पादन गर्ने र आवश्यक भौतिक श्रोतसाधनहरु सहित परिचालन गरीनु पर्दछ । यसैगरी **सर्भिलेन्स डिटेक्सन र बोर्डर सर्भिलेन्स टिम** पनि विकास गरेर परिचालन गर्न आवश्यक देखिन्छ । **बोर्डर सर्भिलेन्समा ज्वाईन्ट टिम** सुरक्षा संयन्त्र, भन्सार र अध्यागमनको संयुक्त टिम बनाई परिचालन गरिनु पर्दछ । अन्तराष्ट्रिय जगतमा राष्ट्रिय अस्तित्वलाई निरन्तर रुपमा कायम गर्नको लागि हामीले हाम्रो मुलुकलाई अन्तरदेशीय संगठित अपराध र अपराधीहरुले चलखेल गर्ने, ट्रान्जिट विन्दु र लुकीछिपी बस्ने सेल्टरको रुपमा प्रयोग गर्ने गतिविधीहरु नियन्त्रण गर्न अत्यावश्यक भएको विगतका घटना आई.सि. ८१४ को ईण्डियन एयरलाईन्सको प्लेन अपहरण र संगठित अपराध र सम्पति शुद्धिरणकरणको कानुनी अभावको कारणले गर्दा अन्तराष्ट्रिय आर्थिक ज्वाईन्ट टास्क फोर्सले नेपाललाई कालो सूचीमा सुचिकृत गर्न लागेको अवस्थाहरुले पुष्टी गर्दछ । **तसर्थ राष्ट्रिय, क्षेत्रीय र अन्तराष्ट्रिय सुरक्षाको बिषयलाई प्राथमिकता प्रदान गरेर व्यवहारमा समेत सुरक्षाको स्थिति सन्तोषजनक भएको आम नागरिक लगायत छिमेकी मुलुकहरु र अन्तराष्ट्रिय समुदायहरु समेतलाई विश्वास दिलाउन आवश्यक भईसकेको छ । पूर्वी यूरोपको मुलुकहरुमा भएको अन्तरदेशीय संगठित अपराधको अत्यधिक गतिविधीहरुबाट श्रृजना भएको आक्रान्त स्थितिको प्रभावले गर्दा प्रभावित मुलुकहरुलाई युरोपियन युनियनले सदस्यता दिन अस्विकार गरेको छ ।** विगतमा नेपालीहरुलाई जर्मन र सिंगापुरमा प्रवेश गर्न एयरपोर्टमा नै भिसा पाईन्थ्यो । हाल यो सुविधा रद्ध भईसकेको छ । **तसर्थ भविष्यका दिनहरुमा विश्वका मुलुकहरुले अपराधमा संलग्नता र सुरक्षाको कारण देखाई नेपालीहरुलाई विदेशका मुलुकहरुको प्रवेशमा प्रतिबन्ध नगर्ला भन्न सकिन्न ।** अन्तरदेशीय संगठित अपराधको गतिविधीलाई कुनै पनि राष्ट्रको भौगोलिक सिमाले सिमित नगरेको, विश्वव्यापी संजाल भएको, उच्चस्तरिय आधुनिक, वैज्ञानिक श्रोत साधनको प्रयोग, नयाँ प्रवृत्तिको अपराधमा सहजै तरिकाले घुलमेल हुने क्षमता भएको, नेपालको सन्दर्भमा खुल्ला सिमाना जस्ता विशेषताहरु भएको जटिल चुनौतीलाई सामना गर्न सरकारले गृह मन्त्रालय लगायत अन्य आवश्यकता पहिचान भएका मन्त्रालयहरु र सुरक्षा अंगहरुलाई पनि चुनौतीको जटिल विशेषताहरुसँग सामना गर्न सक्ने दक्ष र प्रभावकारी बनाउनको निमित्त **समयानुसार नीति निर्माण, कानुनी प्रावधान, गुणात्मक जनशक्ति वृद्धि, आधुनिक वैज्ञानिक श्रोतसाधन सम्पन्न, पर्याप्त बजेट उपलब्ध गराउन नितान्त रुपले अत्यावश्यक भईसकेको छ** । साथै प्रोएक्टिभ पुलिसिङको सिद्धान्त अनुसार आम नागरिकको सहयोग प्राप्त हुने सकारात्मक वातावरण बनाउन गृह मन्त्रालयको अध्यक्षतामा **सरकार र जनसमुदाय संलग्न अपराध नियन्त्रण परिषद गठन** गर्न आवश्यक देखिन्छ । यस प्रकारले बहुपक्षीय संस्थाहरुको पहुँच (मल्टी एजेन्सिज एप्रोच) को रणनीतिमा आधारित कार्य योजना लागु गरिनु पर्ने देखिन्छ ।



लेखक : नेपाल पूर्व सशस्त्र प्रहरी संघका
केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।

# भज गोबिन्दम्

–स.प्र.अ.म.नि.रबिराज थापा (अ.प्रा.)



आदि शंकराचार्यकृत (सन् ७८८-८१२) को भज-गोविन्दम नाम गरेको श्लोक आज भन्दा करिब १,५०० वर्ष पहिले लेखिएको हो। तर पनि हामिले गम्भिर रुपले घोत्लिएर बिचार गर्ने हो भने १५०० वर्ष अघिको मानिसको जीवन, व्यावहार, शोचाईमा आदि शंकराचार्य ले जे देखेर जे जसो लेखेका थिए, त्यो आज सम्म पनि जस्ताको त्यस्तै पाईन्छ, त्यसमा रत्तीभर पनि फरक पाइँदैन्। सन् ई. ७५० तिर उनको जन्मथलो केरला (भारतमा) मानिसहरु जत्ती सांशारिक, लोभिएको पापी थिए, आजका नेपालका मानिसहरु त्यो भन्दा बढी होलान, कम भने अवश्यै छैनन्। आज हामी राम्रा राम्रा कुराहरु त धेरै गर्छौं, तर व्याबहारमा भने ठ्याक्कै उल्टो गर्ने गर्छौं। आदि शंकराचार्य जम्मा ३२ वर्ष मात्र बाँचे, तर उनले त्यत्ती छोटो समयमा हिन्दु धर्मको जती गरे, जे जे लेख्न भ्याए, त्यसलाई मात्र हामीले सिक्न र जान्न सक्यौं भने, त्यसलाई हम्रो जीवनमा कत्ती पनि उपयोगमा ल्याउन सक्यौं भने आज पनि हाम्रो जीवन बढी शुखद र आन्दमय हुन सक्छ। किनकी उनले हाम्रो लागि भनेर यती धेरै कुराहरु लेखेर छाडेका छन् र ती अति नै सान्दर्भिक छन्।

तर अचम्म ! हिन्दु बहुल भएको यो  हिन्दु राष्ट्रका वाशिन्दाहरुमा पनि कमैले मात्र आदी शंकराचार्यको नाम नै सुनेका हुन सक्छ। उहाँले आफ्नो ३२ वर्षको जीवनकालमा अनगिन्ती काम गरेर जानु भएको छ। उहाँको वारे जान्न इच्छा गर्नेले ईन्टरनेटदेखि नेपाली भाषामा समेत धेरै किताबहरु पनि पाईन्छन्। अब हामी जस्ता आफ्नो जीवनको सबै बल र बुद्धी फौजी जीवनमा बिसाएर ढाक्रे भैसक्दा पनि अझै के के न गर्छु भनेर आशा र तृष्णाको भारी बोकेर कती हिँड्ने? हैन भने अब हामी ढाक्रेहरुले के के गर्नु पर्ला, बाँकी जीवन के गरी बिताउँदा ठिक होला, यसवारे गम्भीर भएर शोच्ने वेला आएको छ।

त्यसो भए अब के गर्नु पर्ला, कसरी बाँच्नु पर्ला त ? यसमा आदी शंकराचार्यले मानिसको जीवनमा देखेका केही अनुभूति समेटिएका श्लोकहरु लेखेर जानुभएको छ जसले भोलीको दिनमा पनि हामीलाई शारीरिक, मानसिक रुपले बाँच्न केही सजिलो पारिदेला भन्ने आशयले यहाँ केही श्लोकहरुको चर्चा गर्ने प्रयत्न गरेको छु। यसका केही अँशहरु हामी जस्ता बुढा स. प्र. बल, नेपालका ढाक्रेले पनि केही मनन् गर्दा राम्रो होला भन्ने उद्देश्यले लेखिएको हो।

यो भज-गोविन्दम् भन्ने श्लोकहरुलाई "मोह-मुद्‌गर" अर्थात मोह (भ्रम) हटाउने घन (मुग्दल) पनि भनिन्छ किनकी यसल हाम्रो जीवनमा हामीले पाली-पोषी-संगाली राखेका,गलत भ्रम-जाल, माया मोहलाई हटाउन सहायक हुन सक्छ। यी श्लोकहरु भगवानको भगवान प्रतीको भक्ती, भगवान खोज्ने प्रयत्नद्वारा मनिसको मन र आत्मलाई शान्ती दिने धेरै ज्ञान-गुणका कुराहरुले भरिएका छन्। यहाँ भने संस्कृतमा लेखिएको यो भज-गोविन्दम् गीतामा अती-उत्कृष्ट ३२ श्लोकहरुको वारेमा मात्र चर्चा गरिएको छ।

**कथाको पृष्ठभूमि :**

एकपटक आदी शंकराचार्य आफ्ना शिष्यहरुको साथ बनारश (काशी) को घाटमा हिँडिरहेका हुन्छन्। त्यसवेला उनको आँखा हल्ली हल्ली तल्लिन भएर सँस्कृतको ब्याकर्ण एकोहोरो तालले रटिरहेको अती बृद्धबुढामा पर्न जान्छ। त्यो देखेर उनको मनमा यी बृद्धले भगवानको नाम लिने, भक्ति गर्ने वेलामा भर्खरै

पो संस्कृतको कखरा घोकेको देखेर निम्न श्लोकहरु स्वत-श्फुरण रुपले गाउन पुगेछन् । यो श्लोकमा उनको भाषा श्पष्ट र कडा छस यसले कसैलाई बिभिन्न पनि सक्छ । तर १५०० वर्ष अघि उनले भनेका कुरा आज पनि त्यत्तीकै सत्य छन् । यसका केही अँश सान्दर्भिक देखेकोले यहाँ चर्चा गरेर ज्ञान बाँढ्ने प्रयत्न गरिएको छ ।

भज गोबिन्दको पहिलो श्लोकमा उनी भन्छन् :

भज गोबिन्दं भज गोबिन्दं, गोबिन्दं भज मूढमते । संप्राप्ते सन्निहिते काले, नहि नहि रक्षती डूकृञ् करणे ॥१॥

अर्थात, हे मोह-बुद्दीले ग्रशित मानिस अब (यो उमेर, यो अवश्थामा) त गोबिन्दको नाम भजगोबिन्दको नाम लिनथाल् । किनकी भने जव जव मानिसको जीवनको अन्तिम क्षणतिर लम्किँदै जान्छ, त्यसबेला त उसलाई गोबिन्द पो चाहिन्छ ब्याकर्णको श्लोकहरु होईन् । बृद्धावस्ता त गोबिन्दको नामले जीवनमा शान्ती दिन र पार पाउन सकिन्छ । अर्को श्लोकमा उनी भन्छन, यो जीवन भनेको कर्कलाको पात माथी रहेको पानीको थोपा जस्तै अनिश्चित र क्षणभंगुर हो, यसैले अब समयको सदुपयोग गर्दै बुढेशकालमा ब्याकर्ण पढनु को सट्टा सत्संग र भगवानको नाम भजने गरे, भनेर सल्लाह दिन्छन् ।

यसैले उनी उपदेश दिन्छन् : हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुँदैनन् तिम्रो लागि । अनि उनी भज-गोविन्दम को दोश्रो श्लोकमा उनी भन्छन् :

“मूढ़ जहीहि धनागमतृष्णाम, कुरु सद्बुद्धिमं मनसि वितृष्णाम् । यल्लभसे निजकर्मोपात्तम, वित्तं तेन विनोदय चित्तं ॥२॥

अर्थात, हे मोह बुद्दीले ग्रशित मानिस ! मानिसको मन सदा धन आउ, धन आउ भनेर जपिरहेको हुन्छ जीवनको अन्तिम समयसम्म पनि उ लोभ र तृष्णालाई कत्ती पनि त्याग्न सक्दैन् । तसर्थ उनी भन्छन् “आफ्नो मनवाट चौविसै घन्टा धन आओस् भन्ने रटनालाई त्याग र यस्ता लोभ-लालच र तृष्णा त्यागेर परिश्रम र सत्यको कमाई गरेर जे जति मिल्छ, त्यसैबाट सन्तुष्ट हुन पनि सिक । किनकी सत्य र परिश्रमको कमाईबाट मात्र सच्चा सुख र सन्तोष मिल्छ । किनकी हेर त, यो संसारमा आजसम्म पैसाले कोही कतै कसैको चित्त आनन्दबाट भरिएको देखिएको छैन् । यो कुरा आज पनि त्यत्ती नै सत्य हुन सक्छ, जती यो १५०० बर्ष अगाडि उनको समयमा थियो)

यसैले उनी उपदेश दिन्छन  हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुंदैनन् तिम्रो लागि।

अनि उनी भज-गोविन्दम को पाचौं श्लोकमा उनी लेख्छन् :

यावद्वित्तोपार्जनसक्तः, तावन्निजपरिवारो रक्तः, पश्चाज्जीवति जर्जरदेहे, वार्ता कोकपि न पृच्छति गेहे ॥ ५ ॥

तिमीले सम्पूर्ण जीन्दगीभर म, मेरो, मलाई, मेरो जागीर, मेरो घर, मेरो हाकिम, मेरो परिवार, मेरा छोरा छोरी भनेर सम्पूर्ण जीवन सिध्याई सक्यौ अब पुग्यो; अब देखी गोबिन्दको नाम पनि लिने गर। किनकि यो त संसारको नियम नै हो कि जब सम्म कुनै मानिस पद र ओहदामा हुन्छ, धन कमाउन समर्थ हुन्छ, तव सम्म मात्र उसलाई सबैले उसको वर-पर झुम्मिने र मेरो, बाबा, मेरो पति, मेरो साथी, अनेक नामले र निहु पारेर नाता जोडन आउने हुन्। तर हेर, जब जब तिम्रो शरीर क्षिण भएर जान्छ, जागिरसागिर, कमाईसमाई घटेर शुन्य हुन्छ, तब तिमीले थाहा पाउने छौ कि ती सबै आफ्ना भन्ने भनाउनेहरु कोही पनि तिम्रो नजिक बसेर एकछिन भला–कुसारीसम्म गर्न सम्म पनि भेटन आउने छैनन्।

यो कलियुगमा १५०० वर्ष अघि यो कुरा आजको

सफल मानिने शहरीया जीवनमा सफल जीवन जिउने स्वदेशमा बस्ने देखी बिदेशमा खुशी, सुखी र सफल छन् भनि ठान्नेहरुले आज यस्तो अवस्था राम्रै गरी भोगिरहेका पनि होलान् । यसैले हामी ढाक्रे स प्र ले आफ्नो जीवनमा बेलैमा सचेत भएर के गर्ने हो गरिहाल्नु श्रेश्यकार होला ।

यसैले उनी उपदेश दिन्छनः– हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुँदैनन् तिम्रो लागि।

उनी छैठौँ श्लोकमा फेरी भन्छन् :

यावत्पवनो निवसति देहे, तावत् पृच्छति कुशलं गेहे । गतवति वायौ देहपाये, भार्या बिभ्यति तसमिनकाये ॥६॥

अर्थात जब सम्म यो शरीरमा प्राण–वायु रहि–रहन्छ, तब सम्म मात्र अरुले तिम्रो कुशल–मंगलको बारेमा शोध-पुछ गर्ने गर्छन् । जब जब तिम्रो यो शरीरबाट प्राण–वायु सदाको लागि छोडेर जान्छ, तव तिमीसँग संग–सगै सुत्ने जीवन–संगिनी समेत तिम्रो मृत शरीरबाट तर्सेर डराएर भाग्न थाल्दछन् । किनकी मानिस जातैले स्वार्थी हुन्छ । आफु मरेको र आफ्नो शरीर लास भनेको एक घन्टा नपुग्दै आफ्नै स्वास्नी छोरा छोरी आफन्त समेत त्यो आफ्नो (मृत) शरीर देखेर तर्सेर पर पर भाग्न थालिहाल्छन् ।

यसैले उनी उपदेश दिन्छनः– हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुँदैनन् तिम्रो लागि ।

भज-गोविन्दम् को सातौं श्लोकले भन्छन् :

बालस्तवतः, क्रीडासक्तः, तरुणस्तवत् तरुणीसक्त : वृद्दस्तावच्चिन्तासक्त :, परे ब्रह्मणि कोकपि न सक्त : ॥७॥

हुन पनि यो जीवन भनेकै यस्तै ख्याल–ख्यालमै बितेर जान्छ । जब मानिस बालक अवश्थामा हुन्छ, उ खेल्न भनेपछी हुरुक्कै हुन्छ र वाल्यकाल खेल्दाखेल्दै बिताउँछ । जब उ तरुनो हुँदै जान्छ, उसको दिन–रात तरुनी को धुनमै त्यसै सकिँदै जान्छ। अनी जब जब उसलाई बुढेशकालले छोप्न थाल्छ, उ दिन–रात चिन्तै–चिन्तामा पिल्सिन थाल्छ । तर पनि मानिसको जीवनमा आश्चर्य लाग्दो कुरो के छ भने, यस्तो हुँदा–हुदै पनि उसको मनमा कहिले पनि भगवान, ब्रह्मा भन्ने कुरामा भने कमै ध्यान जाने गर्छ ।

यसैले उनी उपदेश दिन्छन :– हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुँदैनन् तिम्रो लागि।

यस्तै गरी भज–गोबिन्दमको आठौँ श्लोकमा आदि शंकराचार्य प्रश्न गर्छन :-

का ते कान्ता कस्ते पुत्रा, संसारोकयमतीव विचित्र :। कस्य त्वं वा कुत अयात :, तत्वं चिन्यत तदिह भात : ॥८॥

तिम्रो पत्नी भनेको को हो? तिम्रो छोरा भन्ने पनि को हो? हेर त यो संसार पनि कति बिचित्र को छ? हे बन्धु, तिमी कहाँ बाट आयौ अनि कता जाँदैछौ? कहिले काहिँ त यस्ता कुराहरुमा पनि घोत्लिने र सोच–बिचार गर्ने पनि गर न ! अर्थात, तिम्रो स्वास्नी छोरा–छोरीको जन्म र मरण र भाग्यको रचना तिमीले गरेको हो कि उनीहरुले नै आफैले प्रारव्धदेखी नै लिएर आएका हुन ?

एकान्तमा बसेर यस्तो कुरामा पनि गम खाने र आत्मा र परमात्माको बारेमा पनि ध्यान दिनु पर्छ – उनी सल्लाह दिन्छन् ।

यसैले उनी उपदेश दिन्छन :– हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुंदैनन् तिम्रो लागि ।

मा कुरु धनजनयौवनगर्व, हरती निमेषात्काल : सर्वं । मायामयमिदमखिलम् हित्वा, ब्रह्मपदम् त्वं

प्रविश विदित्वा ॥ ११ ॥

तिमी आफ्नो धन, शक्ति, यौवनमा कहिल्यै गर्व, घमण्ड नगर; किनकी समय आएपछी त कालले यस्तालाई पनि एकै निमेषमा नै नष्ट गरिदिन सक्छन् । मानिसको जीवन भनेको कर्कलाको पात माथिको पानीको थोपा जस्तो न हो !

यसैले यस्ता क्षणभंगुर वस्तुहरुमा घमण्ड गर्नेलाई यो मायाले घेरिएको विश्वमा ब्रह्मको परमपद प्राप्त गर्ने प्रयत्न गर भनेर उनी सल्लाह पनि दिन्छन्।

यसैले उनी उपदेश दिन्छन :– हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुँदैनन् तिम्रो लागि ।

अर्को श्लोकमा ढोँगी र भगवानको नाममा छली गर्दै पेट पाल्नेहरु १५०० वर्ष अघी उनको पालोमा पनि थिए, ती र त्यस्ता मानिस आज पनि प्रशस्तै छन् । उनी भन्छन् :

जटिलो मुण्डी लुञ्छितकेशः, काषायाम्बरबहुकृतवेष। पसयन्नपि च न पश्यति मूढ :,उदरनिमित्तं बहुकृतवेष :॥१४॥

मानिसको जात कस्तो हुन्छ ? धेरै जस्तो मानिसहरु बाहिर एउटा र भित्र अर्कै हुन्छन् । कती कती मानिसहरु लामो लामो जटा पालेर, कतिले भने कपाल खौरिएर चिन्डे बनेर, झाँक्रो फैलाएर, गेरु वश्त्र धारण गरेर थरी थरीको भेश–भुषा बनएर हिँडने गरेको पनि देखिन्छ :, बगवानको नाममा । तर हे मुढ (मुर्ख) मानिस :, तिमीहरु भने यस्तो ढोँगीलाई चिन्न सक्दैनौ र सबैलाई भगवानको अवतार नै पनि ठान्ने गर्छौ, कहिले काहीँ। तर कतिले यो कुराको ख्याल सम्म राख्दैनन् कि उनीहरु पनि हामी (गृहस्थहरु) जस्तै पेटको खातिर नै यस्ता ना–ना थरीको भेष–भुषामा नक्कल गरेर हिँडिरहेका हुन्छन् । तसर्थ भगवान आफ्नै भित्र खोज्न स्वाध्याय गर्ने हो, उनिहरुको पछि लागेर जे जे भन्यो त्यही गर्न पछि लाग्ने होईन ।

यसैले उनी उपदेश दिन्छन :– हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुंदैनन् तिम्रो लागि।

अङ्ग गलितं पलितं मुण्ड, दशनविहिनं जतं तुण्डम,। वृद्धो याति गृहित्वा दणडं, तदपि न मुञ्चत्याशापिण्डम ॥१५॥

मानिसको अङ्गहरु दुर्वल र क्षीण भै–सक्दा पनि, कपाल झरेर वा फुलेर सेताम्य भैसक्दा पनि, दाँत जति सबै झरेर थोते बनिसक्दा पनि, हातमा लौरोको सहारा लिएर हिंडनुपर्ने अवस्था आईसक्दा पनि मानिस भन्ने जातलाई सयौँ आशा र लोभले जकडिराखैको हुन्छ भने उनीहरु पनि त्यसरी नै जकडिएर बसिरहन मन पनि पराउँछन् ।

यसैले उनी उपदेश दिन्छन्ः–

हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुँदैनन् तिम्रो लागि।

पुनरपि जननं पुनरपि मरणं, पुनरपि जननी जठरे शयनम्। इह संसारे बहुदुस्तारे, कृपयाकपारे पाहि मुरारे ॥२१॥

बारम्बार जन्म, अनि बारम्बार मरण हुँदा हुदै, मृत्यु भोग्दै, बार बार आमाको गर्भमा नौ–नौ महिना सम्म जकडिएर बस्नु पर्ने यो जीव पुन पुन बाच्न र फेरी फेरी मर्दा पनि जीन्दगी देखी कहिल्यै नअघाउने यो मानिस भन्ने जीवलाई यस्तो जन्म–मृत्युको चक्कर बाट पार पाउनु भनेको अती कठिन काम हो । त्यसैले हे भगवान; हामीलाई कृपा गरेर यसबाट रक्षा गर भनेर हामी सबैलाई उनी भन्छन् :–

गोबिन्द भज, गोबिन्द, जीवन–मरणको चक्रबाट मुक्ती पाउन पनि तिम्रो गोबिन्द को कृपा नै चाहिन्छ, त्यस भन्दा अरु केही उपाय छैन । यो पनि मानव जीवनमा मात्र गर्न सकिन्छ ।

अर्थनर्थम् भावय नित्यं, नास्ति तत :सुखलेश :

सत्यम्। पुत्रादपि धनभजाम् भिती :, सर्वत्रैषा विहिता रीतिः ॥२९॥

हेर त सबका सब, पैसा र धन सम्पत्तीको लागि कुदिरहेका ? एउटा कुरा याद राख - धन भनेको तिमीले सोचे जस्तो सदा–कल्याणकारी वस्तु होईन् । धन त मानिसलाई चाहिन्छ, तर यो कुरा याद राख कि धनमा मात्र सुख छ भन्ने कुरा कत्ती पनि शत्य होईन् । हेरत जो जो धनी छन्न, उनीहरु नै आफ्ना सन्तान छोरा–छोरी संग डराउनु पर्ने, पिडित, प्रताडित हुने गर्छन् गरिव कंगालका छोराहरु त यो कंगाल, घर खेत नभएको बाबुको भर गरेर काम छैन भनेर सानैमा घर छाडेर हिंडिसकेको हुन्छ ।

यसैले, "धन भनेको अकल्याणकारी वस्तु हो, यसबाट कत्ती पनि सुख मिल्न सक्दैन" मनमा सदैव यस्तो विचार याद गरी राख्नु पर्छ। धनवान व्यक्तिहरु आफ्नै सन्तानबाट बढी डराउँछन् भन्ने कुरा संसारभरी सबैलाई थाहा भएकै कुरो हो" ।

यसैले उनी उपदेश दिन्छन :– हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुंदैनन् तिम्रो लागि ।

अब यी सबैको उपाय के हुन सक्छ त ? सबैको मनमा यो प्रश्न उठनु पनि अब स्वभााविक नै छ। हामी ढाक्रेले यत्रो लामो जीवन अब कसरी गुजार्ने त ? यो प्रश्न गर्नु पनि स्वाभविकै पनि छ ।

यी सबै प्रश्नको जवाफमा उनी भन्छन् :–

प्राणायामं प्रत्याहारं, नित्यानित्य विवेकविचारम ।
जाप्यसमेत समाधिविधानं, कुर्ववधानं महदवधानम् ॥३०॥

अर्थात नित्य प्रति दिन प्राणायाम गर, उचित आहार र प्रत्याहार गर, नित्य यस संसारको अनित्यताको प्रती सदा ध्यान देउ, हरेक काम कुरा गर्दा कुशल अकुशल कुराको विवेक र विचारको प्रयोग गर, प्रेमको साथ प्रभु–नामको जप गर, धेरै नै आयु ढल्के पछि भने योगा, जप र ध्यानमा समय दिंदै शमाधीमा जाने प्रयत्न गर । बुढेशकाल लागे पछि फुर्सदै फुर्सद भएपछि, धेरैले आफुलाई मतलब राख्न छोडेको अनुभुती भए पछि यस्तै यस्तै कुरामा ध्यान देउ; बहुत ध्यान देऊ। यसैमा तिम्रो कल्याण हुने छ: अवश्यै कल्याण हुनेछ ।

यसैले उनी उपदेश दिन्छन् :–

हे मुढ (मुर्ख) मनुवा, गोबिन्द भज, गोबिन्द, जीवनको अन्तिम क्षण आईपुग्दा तिम्रो लागि गोबिन्द बाहेक कोही हुंदैनन् तिम्रो लागि।

अश्तुः तत् त्वम अशीः अहं ब्रह्मास्मी। ॐ शान्ती, शान्ती शान्ती ।

***(लेखक : संघका आजीवन सदस्य तथा सल्लाहकार हुनुहुन्छ ।)***

**नेपाल पूर्व सशस्त्र प्रहरी संघको एघारौं संघ दिवस तथा केन्द्रीय परिषद् सभाको सफलता एवम् उत्तरोत्तर उन्नती प्रगतिका लागि हार्दिक मङ्गलमय शुभकामना**

Pashupati Road Carrier Pvt. Ltd.

H.O. : Adarshnagar, Birgunj (Nepal)
B.O. : Sundhara, Kathmandu
Phone : 4258808, 5258809, 4221126, Fax : 977-1-4242063



# नानीबाबु

–स.प्र.अ.म.नि.डा. ठाकुर मोहन श्रेष्ठ (अ.प्रा.)

नानीबाबु साना छन्, भोलि ठूला हुने छन् ।
ज्ञान गुण सिकेर, असल मान्छे बन्ने छन् ॥

असल असल बनेर, जीवनमा सफल हुने छन् ।
नेपाली सब मिलेर, देशको विकास गर्ने छन् ॥
मिहिनेत धेरै गरेर, पौरखी हात बढाउने छन् ।
फुटेर होइन जुटेर, विश्वमा देश चिनाउने छन् ।

नानीबाबु साना छन्, भोलि ठूला हुने छन् ।
ज्ञान गुण सिकेर, असल मान्छे बन्ने छन् ॥

स्वतन्त्र शान्त नेपाल, विश्वमा अग्लो हिमाल ।
इतिहास छ देशको गौरव, वीरता हाम्रो कमाल ॥
मिलाइ सबै संस्कृति, सदभाव देशमा राख्ने छन् ।
भुलाइ मनमुटाव जती, एकता कायम गर्ने छन् ।

नानीबाबु साना छन्, भोलि ठुला हुने छन् ।
ज्ञान गुण सिकेर, असल मान्छे बन्ने छन् ॥

सजिन्छ औधी नेपाल, नेपाली भेष भुषामा ।
नपारौ खण्ड विखण्ड, आपसी रिष रागमा ॥
न्यायका पक्षमा बढेर, शान्ति ज्योति छर्नेछन् ।
जुन झै शितल भएर, मानवता रक्षा गर्नेछन् ॥

नानीबाबु साना छन्, भोलि ठूला हुने छन् ।
ज्ञान गुण सिकेर, असल मान्छे बन्ने छन् ॥

हजारौ आशा छन अझ, धरती हाम्रो आकाश ।
सिकेर पाठ सम्झ है, नपठाऔ युवा प्रवास ॥
खाँचो छ देशमा, नेतृत्व राष्ट्रवादी देशभक्तिको ।
धुमेर हेर जगतमा, नेपाल हो स्वर्ग धरतीको ॥

*(लेखक : संघका आजीवन सदस्य हुनुहुन्छ ।)*

# Contextualization of Collective Punishment



*Dr Krishna Kumar Tamang
*Add'lInsp Gen Armed Police Force Nepal(Rtd)*

A Nepali centurion country code in newer version hasevoked Nepali zeal with its promulgation since August 17, 2018. It has drawn attention of every Nepali home and abroadwith provision of collective punishmentto all the members of a group.With the advent of a new Nepal in democratic federal republic system the revision in judiciary fields brings jubilant feelings to all country men and women. Nevertheless there are likelihood of grievances against good governance and that is not exception to Nepal either. Some of Nepal's statutes continue to contradict international standards of justice. Country Criminal Act 2074 has a paragraph focused unto whole group consisting two or more being subject to punishment. Ambiguity somehow deem addressed which is indeed imperative. How could a nation being abject to universal regulations and international norms adjust to outer world is to think out of the box.

**Constitution and International Provisions:** Since 1990 the Government of Nepal has committed itself to penal reform by ratifying all the major international human rights covenants that relate to penal reform. The Constitution of Nepal has Fundamental Rights wherein articles ensuing guarantee for justice and safety of country people. Geneva Convention and law of armed conflict forbid collective punishment. In accordance to Geneva Convention 1949 inflicting punishment without offence is a war crime. Hague Rule 103 defines collective punishment as breach of law of armed conflict and violation of Geneva Convention. ICRC, UNRC and UNICEF alike several institutions have voices against collective punishment.

The Universal Declaration of Human Rights devised by the United Nations also advocates in favor of fair trial. The Article 31 of Nepal Penal Code vizMulukiAparadh (Sanhita) Ain 2074 booking two or more of a group committing crimes to collective punishment would seem one way or the other biased for not being able to avert the group accomplice from commission of the crime. The prohibition of collective punishments is wider in scope as it does not only apply to criminal sanctions but also to sanctions and harassment of any sort, administrative, by police action or otherwise.

**Nepal Connection in International Arena:** Nepal being a member of the United Nations lags not in capacity of International Human Rights concern,too. These days in Nepal the tradition of collective punishment has been bygonein armed forces without any excuses of Esprit de Corps falling enmasse to punitive actions. As such Nepal Army, Armed Police Force Nepal and Nepal Police like security agencies to constitute Peacekeeping Forces of the United Nations counting to peace ambassadors would unfortunately be destined to face dilemma. Though state practice establishes the Rule 103 of the International Humanitarian Law with regard to collective punishment,it is rule as a norm of customary international law applicable in both international and non-international armed conflicts. This prohibition is an application, in part, of Rule 102 that no one may be convicted of an offence except on the basis of individual criminal

responsibility. The enactment of collective punishment in law enforcement agencies including educational institutions would mean reviving of obsolete customary penal system though in peace.

In humanitarian perspective no one else excluding not even children sans offence be meted out punishment. The Indian Penal Code in this respect,too, has differing terms used in explaining the same. The section 34 of IPC reads,

*When a criminal act is done by several persons in furtherance of the common intention of all, each of such persons is liable for that act in the same manner as if it were done by him alone.*

Whereas Nepali Penal Code i.e. MulukiApraradh (Sanhita) Ain 2074 reads,

**समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने** : दुई वा दुईभन्दा बढी व्यक्तिको समूहबाट कुनै कसूर भएकोमा सो समूहका सबै सदस्यलाई त्यसतो कसूर को सजाय हुनेछ ।

**Group committed offence entails punishment to all its members:** Two or more than two of a group committing offence would subject all members to punishment.

In other words the Nepali Penal Code is omitting *in furtherance of common intention.*

Or we can say according to the NPC the IPC also should have read,

*When a criminal act is done by several persons, each of such persons is liable for that act in the same manner as if it were done by him alone.*

This is where MulukiAparadh (Sanhita) Ain 2074 misfires.

The IPC insists - To constitute common intention it is necessary that the intention of each one of them be known to the rest of them and be shared. Practically it is not necessary that all members have common intention or share same idea and plan in commission of an offence.

Many laws in Nepal fail to cover many provisions laid out in the Constitution and international instruments ratified by Nepal. However, it is never too late to mend an error whether it be a minor or of somewhat degree. Though, recently Prime Minister has his words for rectifying flaws noticed in the course. Thus, in the light of facts highlighted the legislature house of Nepal hopefully looks into the matter to fix its failure to incorporate international standards.

*August 19, 2018*

**Author has been panel judge at regional ICRC moot court competitions.*
*lamagole@yahoo.com*

**About Author:**

*Dr Krishna Kumar Tamang joined Nepal Police as an Inspector in 1987 and retired as Additional Inspector General of Armed Police Force in 2017. He has scores of professional training courses in police and military science from India, Kosovo, South Korea, Haiti, USA and China. He started his career from Crime Investigator to the last post of Executive Director of National Armed Police Training Academy. He served United Nations Peacekeeping Missions in Mozambique, Kosovo and Haiti. He has also represented the UN to France, Russia, Greece and Ukraine in the selection of Police Observers to peacekeeping missions.*

*The Nepal Earthquake of 2015 witnessed him as the Chief of Operations Department that mobilized 26 thousand APF troops. Currently he is a freelance professor of his expertise in disaster, security and humanitarian subjects. More of his write ups are at http://drkktamang.blogspot.com/ and https://www.linkedin.com/feed/?trk=*



# Armed Police Force, Nepal and the Use of Force in Public Order Management

*-Rajesh Shrestha*
*Additional Inspector General (Retd)*
*Armed Police Force, Nepal*

## 1. Introduction

Public order' is essentially the absence of disorder – the quiet and orderly behavior of people in public space. It involves people behaving sensibly and rationally, and respecting others. The problem is that one person's excitement on the street often constitutes displeasure to another. Then there are problems of trouble in the form of obstructions on a street or a roadway. The police are often regarded as, primarily, crime fighters. But police officers take an oath to maintain the sovereign's peace, and maintaining the peace can be equated with maintaining 'public order management.

Public order Management is a condition characterized by the absence of widespread criminal and political violence, such as kidnapping, murder, riots, arson, and intimidation in society. Under this condition, such activity is reduced to an acceptable minimum, perpetrators are pursued, arrested, and detained, and the local population no matter which party to the conflict they may belong to is able to move freely about the country without fear of undue violence. Public order Management is the domain of police or other policing agencies, courts, prosecution services, and prisons all of which make up the criminal justice system that all elements need to work together.

"Constitution of Nepal" has guaranteed fundamental rights of the people that people have to entitled in democratic world including "Right to live with dignity (Art 16)" and "freedom to assemble peacefully and without arms(Art 17.2.b)". People's aspiration with various reasons develops as grievances and resentment with regard to real or apparent Political grievances, cultural issues, economic hardships, social injustice, Crime and terrorism, International affairs will have Security, Peace and Law order implications. The form of grievances, resentment could or would be in the form of simply assembly to crowd, mob or riots resorting to violence that warrants response from Law Enforcement Agencies' involvement aimed at protection of the constitutional rights of the people; fair and impartial enforcement of laws; protection of life and property; Protection of vital facilities; prosecution of violators; prevent potential for disruption to commerce and community affairs and so on.

In modern days, peace and national security matter should not be looked into merely responsibility of one law enforcement agency, rather warrants response in wider spectrum of "Comprehensive Security Approach" where each stakeholder has their role to fulfill. As far as security apparatus of Nepal is concerned: Nepal Army(stipulated in Part 28, Article 267) and Armed Police Force, Nepal; Nepal Police and National Investigation Department as enshrined in Part 28, Article 268) envisioned by the constitution of Nepal .

"Armed Police Force Act, 2058" mandates Armed Police Force, Nepal to carry out "To control any ongoing or would be riot within the country" stipulated in Article 6-1(GHA). "Armed Police Force Mobilization Directives-2069" has also entrusted

directives to carry out "Mob and Riots management" as mandated in Armed Police Act, 2058 and warrants specialized response as far as dealing with "mob and riots" situation is concerned. In particular, "Armed Police Force Mobilization Directives-2069" has provisioned that Armed Police Force shall be mobilized as back up force of Nepal Police to fulfill responsibility as provisioned in Article 6(2) and 6(2-KA) of Local Administration Act, 2028; in response to "Mob and Riot" situation and subsequently takes the lead "Mob and riots control Operations" in case efforts from Nepal Police is exhausted.

**2. International norms on the use of force:**

In order to ensure respect and protect the right to life guaranteed by the Universal Declaration of Human Rights, 1948 and the International Covenant on Civil and Political Rights (ICCPR), law enforcement officials must act in accordance with international human rights principles and standards on the use of force. These principles and standards are set out in the "Code of Conduct for Law Enforcement Officials and Basic Principles on the use of Force and Firearms by Law Enforcement Officials", must be adhered to.

Guiding principle for the use of force in law enforcement: Any use of force by law enforcement should be in accordance with principles: Proportionality, legality, Accountability, Necessity, non-discrimination and precaution.

Law enforcement officials may use firearms only in the following specific circumstances: in self defence or in defence of others against imminent threat of death or serious injury; to prevent a particularly serious crime involving grave threat to life; to arrest a person posing such a threat and who is resisting efforts to stop the Threat, or to prevent his escape.

Law enforcement officials must allow persons to participate in lawful and peaceful assemblies, in accordance with the principles embodied in the Universal Declaration of Huam Rights and the ICCPR. In dispersing assemblies which are unlawful but non-violent, law enforcement officials must avoid using force or where this is not practicable, must restrict force to the minimum extent necessary. In dispersing violent assemblies, law enforcement officials may use firearms only when less dangerous means are not practicable and only to the minimum extent necessary.

**3. National norms regarding the use of force:**

Local Administration Act, 2028 has mandated Chief District Officer (CDO) being responsibility for maintaining order, peace and security at district level and is the chairperson of the District Security Committee. The committee also includes the Chief of the District Police Office (DPO), the Chief of the APF local barracks, Chief of the Nepal Army local barracks and the Chief of the District Office of the National Investigation Department as members. Constitution of Nepal has entrusted the state to look after "state police administration and peace and order" and likely to affect the provision as stated earlier once "Provincial laws" will be in effect.

CDO must direct the police to prevent any gathering which are likely to result in a breach of order. If the police are unable to prevent such gathering, the CDO or a subordinate officer must go immediately to the site and try to persuade the crowd to stop. If the crowd does not stop, the police may use force, including batons (lathi), blank shots, teargas

and water cannon, as the situation may require. If peace still cannot be restored, the police may open fire after receiving a written order from the CDO and after warning the crowd that they will be fired upon if they do not disperse. However, if time does not permit the issuance of a written order, the CDO may issue an oral order, to be followed by a written order within 24 hours.

Use of Force Policy adopted by Armed Police Force, Nepal is as: No use of unnecessary force; No use of force in the form of punishment; Use of force to be stopped once objective is achieved.

Section 8, Article 58(3) of the Armed Police Force, Nepal -2072 regulation states, "If an APF personnel is obstructed from discharging his duties or is physically attacked, he may use necessary or final force in order to defend self, maintain law and order and to arrest the attacker." Article 58(4) states "In the course of using force while discharging duties, if a person is injured or killed, no case will be filed against the APF personnel without the consent of Government of Nepal.

## 4. Allegation against Law Enforcement Agencies

Since its inception in 2001 AD, Armed Police Force has been successful in fulfilling its duties and responsibilities as mandated in Armed Police Force Act, 2058 despite of having the fact with respect to lack of resource and appropriate equipment, training and manpower constraint and adversaries. Armed Police Force, Nepal along with other Law Enforcement Agencies and Nepal Army carried out policing mob and riot situations like 2nd JANAANDOLAN, TERAI AND MADHESH MOVEMENT AS WELL AS IN THE HILL MOVEMENT which cost the several lives including security personals.

On 24 August 2015 violence erupted amid street protests by the Tharus in the town of Tikapur in far west region(now Province No.7 Sudur Paschim Pradesh) where eight police officers and a child of eighteen months were killed. Aftermath of the incident, law enforcement blamed to have witnessed houses and shops belonging to Tharu community being vandalized and torched also followed intimidation and torture . Women were manhandled and abused while men were forced to flee across the border fearing arrest. The brutal and insane attack and the use of weapons(apparently homemade) by protesters which was unexpected not only confused the security forces but also shook their confidence. "Mob and riot management/control action plan" were not observed to have executed appropriately and effectively. The incident drawn International community to greater attention and the professionalism, professional proficiency of law enforcement agencies in dealing with the violent protests were strongly questioned. The failure to make actual threat assessment cost the Nepal police and Armed Police personals.

Similarly in central and eastern terai districts during "the madhesh movement", clashes between protesters and law enforcement officers led to death of another 49 lives including police officer, women and children. Law enforcement officials were blamed for being resorted to excessive use of force and firearms not being in consistent with domestic and international standard norms.

## 5. WAY FORWARD

1. Armed Police Force, Nepal since its inception in 2001 has been committed to fulfill its responsibilities being entrusted as

mandated in Armed Police Act 2058 with its highest standard of professional excellence and discipline. Organization must act with strict adherence to policy, procedure and Standard Operating Procedure(SOP) in consistent with International and national standard norms and values that best serve the spirit of "Constitution of Nepal".

2. Winning trust and confidence of the people is one aspect that Armed Police Force strive to.
3. Both Armed Police Force, Nepal and Nepal Police are conducting their policing as far as response to "Mob and Riot Management" is concerned are in unison however their mode of policing operations are not clear and even invite sometime complications in execution of the operational plan. Testing interoperability aimed at achieving operational effective-ness are not adequately applied and not being given appropriate attention.
4. Taking these into account, some of the issues pertaining to this are deemed essential that organi-zation should focus on and discussed below.
   a. Planning for Operations :
   b. A human rights-based approach to law enforcement must incorporate human rights considerations in any stages of any operations including mitigation measures where any risks to human rights are identified. Orders and briefings should include human rights issues, and clear directives should be issued on how human rights should be protected in the specific situation.
5. Superior and command responsibility :
   a. The quality of the work of a law enforcement agency, in particular its compliance with the law and respect for human rights, its effective-ness and professionalism, depends to a large extent on the command leadership and the senior officers of the agency. They are the key decision makers when it comes to such matter as : Developing the operational procedures and instructions that law enforcement officials must respect and apply; Deciding on the appropriate equipment and resources; Determining the training needs of the members of the members of the agency and defining training content; Deciding on the deployments, strategies and tactics in major/large scale operations; Addressing violations of the law or breaches of internal regulations and procedures.
   b. Chain of command : Law enforcement agencies in view of deployment of the force meant to respond to the critical situations as well as the control of the course of

action can be embedded in three-tier chain of command : At strategic level : determines the strategic objectives and set any tactical parameters, retains strategic oversight and overall command and responsibility; At Opera-tional Level : carry out functional or territorial responsibilities; At Tactical Level : Develop, command and coordinate the overall tactical response in accordance with strategic objectives

6. Reporting, supervision and control: It is the role of superior officers to ensure that their subordinates are in a position to carry out their duties in the best possible way – i.e. that they have the necessary professional skills, and are physically and mentally fit for duty. This requires an appropriate set-up of supervision, control and coaching.

7. Coaching and counseling: "Governments and law enforcement agencies shall make stress counseling available to law enforcement officials who are involved in situations where force and firearms are used". The work of law enforcement officials in general, but particularly in situations in which law enforcement officials may have to resort to force can be highly stressful and even traumatizing – e.g. when they are exposed to a life-threatening situation or when death or serious injury occurred in the course of an operation.

8. Guiding Principles : Some issues pertaining to the policies, training, tactics and equipment are discussed below which are deemed essential for improving "policing of Public Order Management" more effectively.

a. POLICY :

i. Policing is a complex profession and every eventuality connected with its activities is unique and cannot be prescribed. These guidelines focus on the key principles; legislation, permission and authority, essential considerations, individual accountability and organizational oversight.

ii. Nepal as a member of the United Nations has an obligation to comply with the "Universal Declaration of Human Rights 1948" and the "International Covenant on Civil and Political Rights (ICCPR)".

iii. International treaties, instruments and national laws as applicable, provide the context and principles for the use of force, special means and firearms.

iv. SWAT teams are to be raised and developed which is one or more specialized units to deal with high-risk situations. Where there is high chance of a violent confrontation, such as arrest squads, SWAT (Special Weapons and Tactics) teams, sniper units, Special Forces or hostage rescue teams. The culture, operational methods and

command structure of such teams tend to have military-type characteristics and they tend to be secretive about their tactical methods because they prefer not to be widely known. They are often well equipped with a variety of firearms and sometimes explosives, distractions and breaching devices. Their operational methods are characterized by stealth, speed and "controlled aggression".

b. TRAINING: It is a fundamental responsibility of commanding authorities to provide law enforcement officials with adequate training so that they can carry out their duties in a professional, law abiding and human rights compliant way- also with a view to protecting their own safety. Training should make sure that law enforcement officials develop a range of professional skills, allowing them to respond to the variety of situations they may face in their day-to-day work. These skills include: Physical Training and use of equipment; Communication skills; Risk assessment and decision making; mental training and stress management : First Aid Training.

c. TACTICS : Law enforcement officials should consider - should not seek to pursue a legitimate objective at all costs; How to decide when to use what type of force should have to be clearly stated in Policies and Guidelines applicable; must justify such use within international and national laws, instruments and guidelines; the type and level of force used should be consistent with the principles of legality, necessity and proportionality.

d. EQUIPMENT: Range of means through providing equipment and developing skills, so that they can choose a differentiated response to situations that is in line with International norms and standards including Basic Principles on Use of Force and Firearms.


**नेपाल पूर्व सशस्त्र प्रहरी संघको एघारौं संघ दिवस तथा केन्द्रीय परिषद् सभाको सफलता एवम् उत्तरोत्तर उन्नती प्रगतिका लागि हार्दिक मङ्गलमय शुभकामना**

NLPL
Nepal Logistics Pvt. Ltd.

**NEPAL LOGISTICS PVT. LTD.**

House No. 139/13, 3rd & 4th Floor, Ward No. 22, Amatya Bhawan, Near Sanima Bank, Khichapokhari, New Road, Kathmandu, Nepal, Tel : 977-1-4242063, 4224739, 4212721, 4212722
Email : prcnepal1@gmail.com, nlplktm@gmail.com

# सहकारी सरोकारका विषयहरू

**- राधादेवी घले तामाङ**
उपाध्यक्ष, ब्राइट फ्युचर बचत तथा ऋण सहकारी संस्था लि.
पूर्व केन्द्रीय उपाध्यक्ष, सशस्त्र प्रहरी परिवार महिला संघ



नेपाल विकासको पथमा अग्रसर हुँदै ऐतिहासिक उपलब्धिहरु प्राप्ति गर्दैछ । नेपालको संविधानमा नेपालको समृद्धिको आधार अर्थ नीति भएको उल्लेख छ । अर्थको स्रोतका अनुसार वर्तमान बचत तथा ऋण सहकारी संस्थाको संख्या १३ हजार ८८८ रहेको छ । अर्थतन्त्रमा सहकारीको चारदेखि पाँचप्रतिशत कुलग्राहस्थ उत्पादनमा योगदान रहेकोले मुलुकको कुल अर्थतन्त्रमा ३ प्रतिशत र वित्तीय क्षेत्रमा २४ प्रतिशत योगदान रहेको तथ्यांक छ । जनतालाई आयआर्जन गर्न, व्यवसायिक बन्न, बचत गर्न र संगठित भई नेतृत्व विकास र क्षमता विकासका लागि सहकारीको योगदान उल्लेख्य रहेको छ ।

सहकारी अर्थतन्त्रको एउटा महत्वपूर्ण अंग भएको कारण राज्य, निजी र सहकारीको आपसी सम्बन्धमा मात्र आर्थिक समृद्धि सम्भव हुन्छ । संविधानले विकास उन्मुख अर्थनीति अवलम्वन गरेको हुनाले सहकारी अभियान कृषि क्षेत्रमा बढी केन्द्रीत हुनुपर्ने हुन्छ । व्यवसायिक शिक्षाविना युवाहरु बेरोजगार हुने भएकोले समाजमा उन्नति हुन् सक्दैन तसर्थ कृषि, गरिबी निवारण र सामुदायिक क्षेत्रहरुमा सहकारी मार्फत कामलिनु अनिवार्य हुन्छ ।

महिलालाई आत्मनिर्भर बनाउन सहकारीको विशेष योगदान हुने गर्दछ । केहि सहकारी संस्थाहरुले महिला सदस्यहरुलाई उद्यमशील बनाउन विनाधितो विनाब्याज ३ महिनासम्म २० हजार कर्जा उपलब्ध गराउने गरेको पाइन्छ । आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सहकारीले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । त्यसैले सहकारी अभियानलाई राज्यले सदैव प्रोत्साहन दिनु पर्दछ । देशको समृद्धिका लागि आर्थिक क्षेत्र कुनै जीवको मेरुदण्ड जस्तै महत्व राख्दछ । सहकारीहरुले जनतालाई उद्यमशिलताको विकास गरी आयआर्जन गर्न, बचत गर्ने बानीको विकास गराउन महत्वपूर्ण योगदानगर्नका साथै जनताको श्रम, सीप र पूँजीलाई अधिकतम उपयोग गर्ने भूमिका निर्वाह गर्नु परेकोले साना तथा घरेलु उद्योग स्थापनातर्फ ध्यानदिनु पर्दछ ।

सहकारीलाई आर्थिक समृद्धिमा लगाउनका लागि सहकारी मैत्री नीति, नियम र समन्वयको आवश्यकता हुन्छ । संघीय संरचनाअनुसार राष्ट्रिय सहकारी बैंकका शाखा तथा उपशाखाहरु विस्तार गर्दै सहकारीमार्फत आर्थिक विकास र सामाजिक रुपान्तरणका क्षेत्रमा बैंकको भूमिकालाई अझ विस्तारित बनाइनु पर्दछ । यसका लागि प्रदेश सरकारको भूमिका सहयोगी र समन्वयकारी हुनु आवश्यक छ ।

सहकारीलाई देश विकासको कार्यमा अगाडि लिएर जान विपन्न कर्जामा प्राथमिकता दिइनु पर्दछ । सहकारी मार्फत विपन्नकर्जा प्रवाह गर्दा जनताको जीवनस्तर सुधार छिटो हुने संभावना रहन्छ । संक्षेपमा सहकारी मार्फत समाजले प्रगतिको फड्को छिटो र छरितो बनाउन सक्दछ ।

### सूक्ति (हितोपदेश)

**हितं मनोहरी च दुर्लभं वचः**
**(हित गर्ने र राम्रो वचन पाउनु दुर्लभ छ ।)**

**विद्याधनं सर्वधनप्रधानम् ।**
**(विद्या नै सबै धनहरूमा ठूलो छ ।)**

# ज्येष्ठ नागरिक प्रति राज्यको भूमिका

– स.प्र.ब.उ.छत्र प्रधान (अ.प्रा.)



ज्येष्ठ नागरिकको लागि, स्वास्थ्य सुरक्षा आनन्दमय जीवनको एक आधारभूत पुर्वशर्त नै हो । तरपनि वृद्ध उमेरमा स्वास्थ्य उनीहरुको जीवनशैली र जीवनभरको व्यवहारमा पनि भर पर्दछ । वृद्धवृद्धाको स्वास्थ्यको अवस्था प्रति नै हाम्रो नीति केन्द्रित हुनु पर्दछ । वृद्धवृद्धालाई रोग लागिसकेपछि गरिने स्याहार भन्दा पहिले नै उनीहरुको स्वास्थ्यमा सुधार गरिनु आवश्यक हुन्छ । मानिसहरु वृद्ध हुदै गर्दा उनीहरुले आफ्नो स्वास्थ्यको तयारी पनि गरिहाल्नु पर्दछ । यसको लागि हरेक वृद्धवृद्धाको लागि आयको सुरक्षा मौलिक अधिकार बन्नु पर्दछ । हरेक समाज आफ्ना ज्येष्ठ नागरिक प्रति ऋणी हुनु पर्दछ । हरेक ज्येष्ठ नागरिकलाई पेन्सन् (वृद्धभत्ता) को व्यवस्था गरिएको हुनु पर्नेछ । आय-वचत, उपार्जनका उपायहरु, भत्ता जस्ता अन्य थप लाभका कुराहरु सबै वृद्धवृद्धाको लागि उपलब्ध गराईनु पर्दछ । यात्रा अनुदान, परिवारमा स्याहारकर्ताको लागि आकर्षण, आवासका योजनाहरुबारे पनि विचार पुऱ्याईनु पर्दछ । यी सबैको लागि विभिन्न सँस्थाहरुले बहुआयामिक कार्यक्रमको रुपमा व्यवस्था गर्नु पर्दछ । त्यस्तै वृद्धवृद्धाको लागि भावनात्मक सुरक्षा पनि निकै आवश्यक कुरा हो । शारीरिक स्वास्थ्यले मात्रै व्यक्तिको सुखको मापन गर्न सकिदैन । विशेषगरी बृद्धावस्थामा मानिसहरुलाई सामाजिक अन्तरक्रिया, उचित सम्मान, माया, आत्मिक सन्तुष्टि जस्ता कुराहरुको आवश्यकता पर्दछ । वृद्धवृद्धाहरु समाजका बोझ होईनन बरु अमुल्य सम्पत्ति हुन भन्ने कुरा समाजमा स्थापित हुनु जरुरी छ । उनीहरुको विवेक र अनुभवको पुर्ण उपयोग गरिनु पर्दछ । यसको लागि, पुस्तान्तरणको समस्यालाई आम सञ्चारमा, शिक्षामा र धार्मिक सँगठनहरुबाट समाधान गरिदै जानु पर्दछ । त्यस्तै गरी, स्वावलम्बन तथा सामाजिक सहभागिताको कृयाकलापहरुलाई पनि व्यापक रुपमा प्रचार प्रसार तथा अभिवृद्धि गरिनु पर्दछ । सामाजिक कृयाकलापमा वृद्धवृद्धालाई सङ्गलग्न गराउनको लागि उचित संयन्त्रको आवश्यकता पर्दछ, यसको लागि सरकारी र गैर सरकारी दुवै क्षेत्रबाट बलियो सहयोगको आवश्यकता पर्दछ ।

राज्यले मात्रै वृद्धवृद्धाहरुको लागि आवश्यक सबै सेवाहरु प्रदान गर्न सक्दैन । निजी क्षेत्रका संघ संस्थाहरुले सानो जनसँख्यालाई सेवा पुऱ्याउन सक्दछन । यस दिशामा राज्यको प्रयाशहरुको परिपुरकको रुपमा गैसस जस्ता संस्थाहरुको सहयोग लिन सकिन्छ । वृद्धवृद्धाका समस्याहरु र उनीहरुलाई प्रदान गरिने सहयोगका सम्बन्धमा गैसस जस्ता संस्थाहरु सँग निरन्तर छलफल र कुराकानीगर्नुको साथ साथै आपसमा सुचनाको आदान प्रदान समेत गर्न आवश्यक छ । वृद्धवृद्धाहरुलाई उनीहरुकै समस्या र सरोकारका विषयहरुमा सहभागी गराई सेवा प्रदान गर्ने सम्बन्धमा उनीहरुलाई प्रोत्साहन गर्न पनि आवश्यक छ ।

नेपालमा संयुक्त परिवार सबैभन्दा पवित्र सँस्था मानिन्छ । अधिकांश वृद्धवृद्धाहरु आफ्ना एक वा बढी छोराछोरीको साथमा रहिरहेका हुन्छन् । विशेषतः यसबेला स्वतन्त्र वा एक्लै बस्न संभव हुदैन । उनीहरुको लागि सबैभन्दा बढी भावनात्मक सन्तुष्टी प्रदान गर्ने र सबैभन्दा मनपर्ने बसोबासको व्यवस्था पनि परिवारबाट नै हुन्छ । परिवार भित्रको एक आपसको सहयोगात्मक सेवाको व्यवस्थाले पनि निरन्तरता पाउदछ र परिवारको जिम्मेवारी पनि बढेर जान्छ । सन्तानहरुमा आफ्नो दायित्व निभाउने चाहनाले पनि बढोत्तरी पाउदछ । आमा-बाबुसँग बस्ने

छोराछोरीलाइ करमा सहुलियत, औषधी खर्चमा सहुलियत, यस्तै बिभिन्न प्रकारका सहुलियत प्रदान गरी प्रोत्साहन गर्ने खालको सरकारको नीति बन्नु राम्रो हुन्छ । आमाबाबुहरु केही कमाउन सक्ने हुँदै दिर्घकालिक बचत तथा स्वास्थ्य विमा जस्ता कुराहरुमा प्रोत्साहित गर्नाले परिवार माथिको आर्थिक भार निकै कम हुन आउदछ । वृद्धवृद्धालाई दिउसोको समयमा दिवासेवा केन्द्रको व्यबस्था भएमा दिनभरिको एक्लो बसाईको पिडा र परिवारको बोझमा पनि केहि कमिआई पारिवारिक वाताबरणमा यसले राम्रो भूमिका प्रदानगर्ने थियो ।

कल्याणकारी कार्यक्रमको सबैभन्दा महत्वपुर्ण भाग भनेको, विपन्न, अशक्त, कमजोर, दिर्घरोगी, र परिवारबाट सहयोग पाउन नसक्ने वृद्धहरु मध्य पनि अझ जोखिममा रहेकाहरुको पहिचान गरि उनीहरुलाई प्राथमिकताको आधारमा सेवा प्रदान गर्नु हो । परिवारको आकार पनि सानो हुदै गएको र महिलाहरु पनि काम गर्न घरबाहिर जाने हुँदा स्याहार गर्ने मानिसको पनि अभाव रहेको कारणले यो कुरा अत्यावश्यक भएको छ । हेरबिचार, रेखदेख गर्ने कोहि पनि नहुनेलाई मात्र वृद्धाश्रममा राख्न उपयुक्त हुन्छ । यस्ता प्रकारका ज्येष्ठ नागरिकलाई हेर्ने दायित्व पनि राज्यको हो ।

वृद्धवृद्धाहरु त्यसमा पनि महिलाहरुले घरमा थाहै नपाई बिभिन्न कामहरु गरिरहेका हुन्छन । वृद्धवृद्धाहरुले घरैमा बसेर गरिरहेका कामहरु अझ त्यसमा पनि वृद्ध महिलाहरु घरदेखि बाहिर काम गर्न असमर्थ रहने बेलामा उनीहरुले घर चलाउन गरेको योगदानलाई परिवारका सदस्यले आत्मसात गरेर सम्मान गर्न सक्नु पर्दछ ।

लेखक : राष्ट्रिय ज्येष्ठ नागरिक महासंघको महासचिव हुनुहुन्छ

**Email: pchhatra@gmail.com**

साभार: दैनिक पत्रिका



# अजम्बरी नाता

**–स.प्र.ना.उ. योग्यबहादुर बस्नेत**
**बाहिनी मुख्यालय**
**महोत्तरी नं. २ बाहिनी**

एकान्तमा टोलाउँदा मन डुलाउने, तिमी भेटें
छहारी झै शितल दिने हज्जारौंमा, एक्ली देखें ।
झरना जस्तै प्यास मेटाउने चाँदनी कै रुप भेटें
अविरल यो यात्रामा साथ दिने एउटी देखें ॥

(१)

कोईली झै मधुर आवाज सुगन्धकी खानी
नजर झधाई ओठ टोक्ने नसालु छ बानी ।
रातो टीका छमछम पाउजु हातमा चुरा पनि
अप्सरा झै सजिएकी मेरी मनकी रानी ॥

(२)

संगीतको धुन हौ, सोह्र शृङ्गार तिमी
सपनीमा राज गर्ने राजकुमारी बनी
पूर्णिमाको जून जस्तै मुस्कुराउने तिमी
सोची सम्झी रचि दिए ईश्वरले पनी ॥

(३)

मन मन्दिरमा सजाउन तिम्रै तस्बिर मनमा राखें
मनको दियो जलाउँदै तिमीसँगै प्रीति साटें ।
मन मनै मनले देवी-देवता सबै भाकें
मेरी प्रिया तिमीसँग अजम्बरी नाता गाँसें ॥

(४)



# मनाङ यात्रा


– श्रीमती अनुराधा थापा
संस्थापक सचिव,
सशस्त्र प्रहरी परिवार महिला संघ


झरनाहरु छन् लामा
छवाङ छवाङ गर्दै झरेका
हिमाल छन् सेतै
सूर्य किरणले रातै

हिमचितुवाको गर्जन
लमजुङ्ग हिमालहरु
पर्वत शिखर आफ्नै
हरियाली बोकेका

हिमाल भिर पहरामा
उफ्रि उफ्रि चरेका
कस्तुरी मृग, नावर
घोरल अनि झारल

सिदाल छन च्याङ्गा
चौरी इत्यादि भेडा
ताल तलैया धेरै
गंगापूर्ण भनेका

हिमनदी छन् थुप्रै
अमृत लिई झरेका
तिलोचो ताल झन
संसारकै उच्च हुन

ठाडै तेर्सै बग्दै
मस्याङ्गदी गन्तब्य तिर
विविध छढा हेर्दै
अन्नपुर्ण पदयात्री सँगै



# यो मन त मेरो नेपाली हो ।


– स.प्र.उ विशेश्वर थापा
स.प्र.बल, नेपाल ८
नं.गण हे.क्वा.महोत्तरी


भोली कै सूर्य किरणमा, नौलो उमङ्ग छाउँदछ
आउछ पक्कै यो देशमा  नयाँ बिहानी आँउछ ।

भूलेका भाषा संस्कृति, सम्झेर फेरी जम्नेछन्
बाटो भुलेका बटुवा, फर्केर यही रम्नेछन् ।

छैन कोही बैर भाव शत्रुता नै कहाँ छ र
यो सिंगो भुगोलमा स्वर्ग तुल्य एउटै घर ।

उर्बर जमिन छ तराईको, पहाडी सुगन्ध मन्द छ
बुकी चौरी हिमालका यही नै त आनन्द छ ।

साझा संस्कृति तराई पहाडी र हिमालीको
जागौं उठौं एक भई यो मन त मेरो नेपाली हो ।

## चुट्किला

एकदिन एउटा मालिक र बिर्खे नाम गरेको नोकर कुरा गर्दै बगैंचामा हिंडिरहेका थिए । त्यत्तिखेरै मालिकले बिर्खेलाई प्रश्न गऱ्यो ।

मालिक : ए बिर्खे फूलको बिरूवामा पानी हालिस् ?
बिर्खे : हालेको छैन हजुर ।
मालिक : किन नहालेको त ?
बिर्खे : आकाशबाट पानी परेकाले हजुर ?
मालिक : त्यसो भए छाता ओडेर हाल् न त ।



# संघको दीर्घकालीन उद्धेश्य, चुनौती र प्रयास ।

– स.प्र.ना.उ.बलराम तिमिल्सिना (अ.प्रा.)

सदस्यको रुपमा एकजुट भएका धेरै व्यक्तित्वहरुको कानुन सम्मत रुपमा संगठित स्वरुप नै संघ हो । संघ रुपी संस्थामा सबैको सामुहिक स्वामित्व रहन्छ, सहयोगको आदान प्रदान हुन्छ र प्रजातान्त्रिक विधिबाट संचालन गरिन्छ । नेपाल पूर्व सशस्त्र प्रहरी संघ पनि त्यस्तै पद्धतिको संस्था हो । अहिले मात्र होईन पछिसम्म संघलाई गुडाउने बाटो निर्माणको अवधारणा र क्षमता अनुसार गर्दै जाने कार्य योजना र विस्तृत विधानको भाव नै संघको दीर्घकालीन उद्देश्य हो भने उद्देश्य प्राप्तिको बाटोमा आइपर्ने आरोह अवरोहहरु नै चुनौती पनि हुन् ।

चुनौतीहरु बाहिरबाट मात्र होईन संघ भित्रैबाट पनि अझ कडा रुपमा आइपर्न सक्दछन् भित्री चुनौतीले संघलाई छिटो आघात पुर्‍याउँदछ । चुनौतीलाई निस्तेज, नियन्त्रण र कडा रुपमा प्रतिकार गर्दै उद्देश्य प्राप्तिमा लम्किने प्रयास गर्नु पर्दछ । विना प्रयासको उपलब्धी हुँदै हुँदैन । जस्तो प्रयास गर्‍यो त्यस्तै उपलब्धी प्राप्त हुन्छ । संस्थागत रुपमा गरिएको प्रयास कहिल्यै असफल हुँदैन उपलब्धी धेरै थोरै हुन सक्दछ ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघको आफ्नो वर्ग समुहभित्र आश्रित बालबालिका तथा ज्येष्ठ नागरिकहरुको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङगीण विकासमा सहयोगको प्रयास । अनुभव, ज्ञान, सीप, योग्यता र दक्षतालाई राष्ट्रको स्वतन्त्रता र सार्वभौमिकताको रक्षाका लागि संगठित रुपमा सहयोगको प्रयास । स्वरोजगारका लागि विभिन्न किसिमका आयमूलक योजना, तालिम र कार्यक्रम संचालनको प्रयास । संघका सदस्यहरुलाई कल्याणकारी कार्यहरु मार्फत समाजमा एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धी गर्दै समाज र राष्ट्रप्रति उत्तरदायित्व बोध गराउने प्रयास । राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको रुपमा भूमिका खेल्ने प्रयास । समान प्रकृति र चरित्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग प्रचलित कानुनको परिधीभित्र रहेर सम्पर्क समन्वय गरी मैत्रीपूर्ण सम्बन्ध र सद्भाव अभिवृद्धी गर्दै मानव कल्याण एवम् सामुहिक हितका लागि प्रयास र आवश्यकतानुसार नेपाल सरकार, सशस्त्र प्रहरी बल नेपाल लगायत सम्बन्धित निकाय र पदाधिकारीहरुलाई सल्लाह, सुझाव दिने र सक्दो सहयोग पुर्‍याउन प्रयास गर्ने मुख्य उद्देश्य रहेको यो नेपाल पूर्व सशस्त्र प्रहरी संघ गैर नाफामूलक, गैर राजनैतिक तथा मुनाफारहित बहुउद्देश्यीय जनहितकारी सामाजिक संस्थाको रुपमा रहने व्यवस्था संघको विधान २०६४ ले गरेको छ भने आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गराउनु पनि उद्देश्य हो ।

कुनै पनि संघ संस्थामा सदस्यको रुपमा आवद्ध हुने व्यक्तित्वहरु एक आपसमा मन व्यवहार मिल्ने भए तापनि कुनै न कुनै स्वार्थबाट प्रेरित भएर आएका हुन्छन् र आफ्नो स्वार्थ अनुकूलताको वातावरण बनेन भने छुट्टिएर जान पनि सक्दछन् । छुट्टिएर जान सक्ने वा अन्य छुट्टै व्यवसाय संचालन गर्न सक्ने स्वतन्त्रताको नैसर्गिक अधिकार कानुन अनुसार हरेक नागरिकले प्राप्त गरेका पनि छन् ।

तर नेपाल पूर्व सशस्त्र प्रहरी संघ मुनाफारहित एउटा त्यस्तो सामाजिक संस्था हो जसमा निश्चियतः एउटा वर्ग समुह जो एउटै शिक्षा दिक्षा र तालिम लिएका एउटै सेवा सर्त अनुरुपको व्यवसायिक धर्म पूरा गरी कानुन अनुसार सशस्त्र प्रहरी बल नेपालबाट

स-सम्मान रुपमा सेवा निवृत्त भएका कुनै स्वार्थमा नलागेका चाहना र उद्देश्य पनि एउटै रहेका व्यक्तित्वहरु बाहेक अन्य कुनै पनि व्यक्तिहरु यसको सदस्य बन्न पाउँदैनन् र सक्दैन पनि ।

पेन्सनको रुपमा नेपाल सरकारको राष्ट्रिय ढुकुटीबाट धेर थोर मासिक खर्च बुझ्ने यो समुह बढी अनुशासित, कर्तव्यनिष्ट र राष्ट्रप्रति जिम्मेवार रहेका कारणले पनि यो संघभित्र टुटफुट र विग्रहको संभावना रहदैन भन्ने गरिन्छ । नेपाल पूर्व सशस्त्र प्रहरी संघ मुनाफारहित सामाजिक संस्था भएकाले संस्थाले आर्जन गरेको मुनाफा वितरणमा समानता र पारदर्शिताको नाममा आउने खटपट पनि यो संस्थामा आउने संभावना रहदैन । तर मुनाफारहित भन्नाले संघ संचालन गर्न आवश्यक पर्ने कर्मचारी र श्रोत साधनको व्यवस्थापन नै नगर्ने भन्ने होइन मुनाफारहित भनेको संघका सदस्यहरुले संघ आर्थिक रुपमा जतिसुकै धनी भए तापनि संघको आय आर्जनबाट कुनै पनि किसिमको मुनाफा लिन नपाउने व्यवस्था हो ।

संघले प्राप्ति गरेका अन्य आय आर्जनबाट उद्देश्य अनुरुपका सेवा सहयोगहरुमा क्षमता अनुसार उपलव्ध गराउने मात्रै नभएर दैवीय विपत्तीहरुलाई समेत दृष्टिगत गरी गर्न सकिने सम्भाव्य सहयोगको योजना नै बन्ने गरेको छ । त्यस्तै पारिवारिक निवृत्तीभरणको सुविधा प्राप्तन गरी रहेका वीरगती तथा स्वर्गीय सशस्त्र प्रहरीका परिवारका सदस्यहरु स्वत: यस संघको साधारण सदस्य हुने व्यवस्था संघको विधान २०६४ ले गरेको छ ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघको दीर्घकालीन उद्देश्य एउटा मात्रै छैन धेरै उद्देश्य रहेको र आफ्नो वर्ग समुहको हितमा मात्रै नभएर जनता र राष्ट्रकै हितमा पनि कार्य गर्ने उद्देश्य भएकाले नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई बहुउद्देश्यीय जनहितकारी सामाजिक संस्था पनि भनिएको हो ।

यो संघ केन्द्रीय स्तरमा मात्रै सिमित रहने पनि होईन । संघको दीर्घकालीन उद्देश्य प्राप्त गर्न पहिलो चरणमा ७ वटै प्रदेशको राजधानी रहने जिल्लाहरुमा सम्पर्क कार्यालय रहने गरी नेपाल पूर्व सशस्त्र प्रहरी.......... प्रदेश संघ गठन हुनेछन् ।

त्यसै गरेर केन्द्रीय र संघीय राजधानी (उपत्यका) का ३ जिल्ला र प्रदेश राजधानी रहने ७ जिल्ला गरी १० जिल्ला बाहेक दोस्रो चरण देखी ६७ जिल्लाहरुमा क्रमश नेपाल पूर्व सशस्त्र प्रहरी.......... जिल्ला संघ गठन हुदै जानेछन् भने पछि गएर सदस्यहरुको बसोबासका आधारमा स्थानीयस्तरसम्म पनि संघको पहुँच पुऱ्याउने योजना रहेको छ । संघको उद्देश्य कार्यान्वयन गर्ने योजना अनुरुप केन्द्रदेखि प्रदेश, जिल्ला हुँदै स्थानीयस्तरसम्म सम्पर्क कार्यालयको लागि घर टहरा फर्निचर कर्मचारी लगायतको व्यवस्थापन कार्य पनि बाँकी नै छ ।

संघको केन्द्रीय कार्यालय राख्नको लागि मातृ संस्था सशस्त्र प्रहरी बल नेपालको दया माया आड भरोसामा कल्याणकारी सेवा केन्द्रले निर्माण गरेको एपीएफ वेलफेयर प्लाजाको एउटा साईटमा स्थान प्राप्ति गरी भेटघाट र सम्पर्क थलो बनाईएको भए तापनि स्थायी प्रकृतिको सम्पर्क थलो व्यवस्थापनको काम पनि बाँकी नै रहेको अवस्थामा पहिलो चरणमा यो वर्ष प्रदेश संघहरु गठनको प्रकृया शुरु गरिएको छ । प्रदेश संघ गठन पश्चात् सम्पर्क कार्यालयका लागि आवश्यक पर्ने घर टहरा लगायत अन्य व्यवस्थापनको कार्य पनि बाँकी नै छ । संघको विस्तार विकासको क्रममा गठन हुदै जाने प्रदेश, जिल्ला र स्थानीय संघको विधान, लोगो र झण्डा एउटै हुने व्यवस्था विधानले नै गरेको छ ।

भरखँरै १७ वसन्त पार गर्दै गरेको मातृ संस्था श्री सशस्त्र प्रहरी बल नेपालको एन नियम अनुसार सेवा निवृत्त हुने सानो संख्याको संस्थापकहरु बाहेक खासै ठूलो संख्या नभएकाले यहाँसम्म आईपुग्न १० वर्ष लाग्यो मातृ संस्था श्री सशस्त्र प्रहरी बल नेपालबाट जति ठूलो संस्थामा कर्मचारीहरु सेवा निवृत्त हुँदै जान्छन् । त्यति नै संघको आकार बढ्दै जाने पनि

भएकाले संघले पूर्ण आकार लिन समय लागेको हो । अब यो वर्ष ७ वटा प्रदेश संघ गठन गर्न सकिने अवस्थाको संख्या पुगिसकेको छ ।

संघको विस्तार विकास भई पूर्ण आकार ग्रहण नगरेसम्म उद्देश्य प्राप्तिमा कठिनाई आईरहन्छ । राष्ट्रको सबै भू-भाग समेट्न संघले पूर्ण आकार प्राप्त गर्नै पर्दछ यो पनि एउटा पहिलो चुनौती हो ।

विभिन्न । स्तरका संघको गठन पश्चात जग्गा टहरा सम्पर्क कार्यालय फर्निचर कार्यालय उपकरण आदिको व्यवस्थापन एक ठाउँमा मात्र होईन धेरै ठाउँमा गर्नु पर्ने हुन्छ संघसँग साधनश्रोत र आर्थिक अभाव रहेकाले अर्को ठुलो चुनौती यही निर रहेको छ ।

हेर्दा सामान्य र सानो देखिए तापनि सेवाबाट निवृत्त भएका सशस्त्र प्रहरी कर्मचारीहरु स्वेच्छिक रुपमा संघको सम्पर्कमा आएर सदस्यता लिने कार्य पनि भएको छैन । धेरैसँग सम्पर्क छैन सम्पर्क भएकासँग पनि आउनुहोस् आइदिनु पर्यो भनेर बारम्बार अनुरोध गर्नु पर्ने अभ्यास गरिएको छ । संघको लागि यो पनि एउटा चुनौती नै हो ।

अर्को चुनौती भनेको पद चाहिने काम गर्न नपर्ने मानसिकता पनि हो । संघमा कुनै पनि जिम्मेवारीका पद लिए पछि ठूलो मान्छे हुने होईन, सेवक बन्नेक हो । सेवा पुर्‍याउने वातावरण बनाउने हो । सबै प्रति समानताको आधारमा पारदर्शी कार्य व्यवहार देखाउने हो । यस्तो हुन सकेन भने उद्देश्य प्राप्तिमा अझ अर्को एउटा कडा चुनौति श्रृजना हुन पुग्दछ ।

अझ अर्को एउटा महारोगको रुपमा यदाकदा देखा पर्न सक्ने सम्भाव्य अर्को घाती चुनौति भनेको संघ भित्रैका सदस्यहरुको गैर जिम्मेवारपूर्ण गतिविधी एवम् कृयाकलाप हून सक्दछन् । मानिसको मन न हो घडीको सुई घुमेको जस्तो घुमिरहन्छ । घडीको सुई घुम्दा घुम्दै कहिले काहीँ बिग्रेर वा ब्याट्री सकिएर अड्किन सक्ने संभावना पनि रहिरहन्छ । त्यस्तै मानिस पनि कहिलेकाहीँ अर्काको देखासिकीमा लाग्न सक्ने सम्भावना पनि रहन्छ । आफ्ना सदस्यहरुबाट यस्ता किसिमका गतिविधीहरु हुन गर्न नपाउने तर्फको व्यवस्थापन संघको कार्यकारिणी समितिले गर्न सक्नु पर्दछ ।

संघमा आइपर्न सक्ने तितो यथार्थ सहितको चुनौतीहरुलाई चिरी संघको उद्देश्य प्राप्तिमा सहयोग प्राप्त गर्नुका साथै सम्मान प्रदान पनि गर्ने प्रयास स्वरुप मातृ संस्था श्री सशस्त्र प्रहरी बल नेपालका बहालवाला संगठन प्रमुखज्यूलाई संघको संरक्षकको रुपमा राख्ने व्यवस्था पनि विधानले नै गरेको छ ।

संघलाई व्यवस्थित बलियो र अनुशासित बनाई राख्ने प्रयास स्वरुप नेपाल पूर्व सशस्त्र प्रहरी संघका सदस्यहरुले जानेर वा नजानेर पनि नेपाल पूर्व सशस्त्र प्रहरी संघ जस्तै प्रकृतिका अन्य संघ संस्था वा मञ्चको सदस्यता लिएमा संघको सदस्यता स्वतः परित्याग गरेको मानिने छ । संघको विधान विपरित आचरण गरेमा वा आर्थिक नोक्सानी पुर्‍याउने कार्य गरेमा पनि संघको सदस्यताबाट वञ्चितत हुन सक्ने र संघभित्र कुनै पनि किसिमको राजनीतिक कृयाकलाप गर्न नपाउने गरे गरायमा संघको सदस्यताबाट निलम्बन हुन सक्ने सम्मका व्यवस्था पनि विधानले नै गरेको छ ।

उद्देश्य प्राप्तिमा प्रभावकारी संघ बन्नलाई सबभन्दा पहिला सदस्यको रुपमा व्यक्तिहरु सक्रिय संगठित हुनु पर्यो, त्यसपछि कोषसहितको साधनश्रोत उपलब्धताको आधारमा सेवा र सहयोगको योजना बन्नु पर्यो र योजनालाई कार्यान्वयन गर्ने संयन्त्र एवम् प्रणालीको विकास गराउदै लैजानु पर्यो । यसो भनेको केन्द्रदेखि स्थानीय तहसम्म संघको पहुँच पुर्‍याएर सेवा सुविधा एवम् सहयोग टाढा टाढाका

स्थानीय दुर्गम बस्तीहरुसम्म पुऱ्याने व्यवस्था मिलाउनु पर्दछ भन्ने नै हो संघको उद्देश्य ।

संघको दीर्घकालीन उद्देश्य प्राप्त गर्ने प्रयास स्वरुप हालसम्म कार्यकारी समितिका पदाधिकारी एवम् सदस्यहरु लगायत सल्लाहकार एवम् सदस्यहरुले बैठक भत्ता, यातायात खर्च लगाएत कुनै पनि किसिमको सुविधा नलिईकन प्राप्त भएका र गरिएका आर्थिक तथा भौतिक साधनहरुको बचत गराउँदै कम्सेकम केन्द्रीयस्तरमा मात्र भए पनि आफ्नै कोष स्थापना गरी व्याज स्वरुप प्राप्त हुने रकमबाट कार्यालय संचालन गर्ने व्यवस्था मिलाईनुका साथै बैठकको लागि ठुलो टेवल लगायत आवश्यक फर्निचर र कार्यालय सामाग्रीहरुको व्यवस्था भएको छ ।

संघको विस्तार विकास गर्दै जाने क्रममा यस वर्ष ७ वटै प्रदेशहरुमा प्रदेश संघ गठन गर्ने लक्ष्य अनुरुप ३ नं प्रदेशमा दर्ता भइसकेको उपत्यका संघलाई नाम संशोधन गरी जिम्मेवारी दिने निर्णय भइसकेको छ भने कर्णाली प्रदेशमा तदर्थ समिति गठन गरी दर्ता प्रकृयामा गइसकेको छ । अन्य ५ वटा प्रदेशहरुमा तदर्थ समिति गठन गर्ने प्रकृया भइरहेको छ । प्रदेश संघको गठन पश्चात सम्पर्क कार्यालय र आवश्यक फर्निचर लगायतको व्यवस्थाका लागि पनि प्रयास गरिएको छ ।

उद्देश्य प्राप्तिमा अझ महत्वपूर्ण भूमिका रहने साधारण सभा संघको सर्वोच्च निकाय हो । यसले आफ्नो संघको बारेमा कानुनको अधिनमा रहेर जुनसुकै निर्णय गर्न सक्दछ । संघको नेतृत्व परिवर्तन गर्ने, कार्यक्रम छनोट गर्ने, सदस्यहरुलाई जिम्मेवारी तोक्ने, कारवाही गर्ने, वार्षिक बजेट पास गर्ने, समितिले गरेका कामको मूल्याङ्कन गर्ने, आवश्यक निर्देशन दिने, विधान संशोधन गर्ने र आवश्यकतानुसार अन्य कार्यहरु पनि गर्ने अधिकार राख्दछ । यति शक्तिशाली साधारण सभालाई कसरी अझ मर्यादित र अर्थपूर्ण बनाउने हो सबैले सोचेर सहयोग पुऱ्याउनु पर्ने आवश्यक देखिन्छ ।

एघारौं संघ दिवसको अवसरमा प्रकाशित हुन लागेको पुस्तक भएकाले आजभन्दा एक दशक अगाडि नेपाल पूर्व सशस्त्र प्रहरी संघको जन्म (गठन) गराउने संस्थापक समुहको नेतृत्वकर्ता संस्थापक अध्यक्ष पूर्व सशस्त्र प्रहरी महानिरीक्षक स्व. सहवीर थापाको संस्थापक समुहलाई उच्च सम्मानका साथ स्मरण गर्दै हार्दिक धन्यवाद छ ।

***(लेखक संघका आजीवन सदस्य एवम् सचिव हुनुहुन्छ ।)***



# सशस्त्र प्रहरी परिवार महिला संघ एक परिचय

**– श्रीमती लक्ष्मी श्रेष्ठ पोखरेल**



सशस्त्र प्रहरी बल नेपालमा कार्यरत राष्ट्र सेवक सशस्त्र प्रहरी कर्मचारीहरुका श्रीमतीहरुले आफ्ना श्रीमानहरुको सम्वेदनशील सुरक्षा कार्यमा सक्दो सहयोग र हौसला प्रदान गर्दै आफुहरु पनि मानवीय रुपमा सामाजिक सेवा गर्ने अभिप्रायले सशस्त्र प्रहरी बल नेपालका प्रथम संगठन प्रमुख स.प्र.म.नि.कृष्ण मोहन श्रेष्ठकी धर्मपत्नी श्रीमती नुडुप श्रेष्ठको अगुवाई र नेतृत्वको संस्थापक समूहबाट प्रचलित कानुन अनुसार मिति २०५९ साल आषाढ १७ गते सशस्त्र प्रहरी परिवार महिला संघ नामको मुनाफारहित सामाजिक संस्थाको स्थापना भएको हो ।

यस संघमा सशस्त्र प्रहरी बल नेपालका वहालवाला कर्मचारीहरु परिचरदेखि महानिरीक्षकसम्मका श्रीमतीहरु विना भेदभाव पदाधिकारी एवम् सदस्यहरुको रुपमा रहेर संघलाई कानुन बमोजिम नवीकरण गराउँदै व्यवस्थित रुपमा संचालन गरी स्थापनाकालदेखि हालसम्म देशका विभिन्न स्थानमा पुगेर मानवीय एवम् सामाजिक रुपमा निरन्तर सेवा प्रदान गर्दै आईरहेको छ ।

आफ्नो स्थापना कालदेखि नै सशस्त्र प्रहरी परिवार महिला संघले विभिन्न समय तथा स्थानमा आईपर्ने प्राकृतिक प्रकोप जस्ता बाढी पहिरो, भुकम्प आगलागि तथा अन्य आपतविपतमा पीडितहरुलाई आर्थिक सहयोग तथा राहत सामाग्रीहरु वितरण गर्ने कार्य गर्दै आईरहेको छ । त्यसैगरी देशका विभिन्न स्थानहरुमा आवश्यकताको पहिचान गरी एवम् माग भई आएका खण्डमा संघको स्रोत साधनले भ्याएसम्म विभिन्न स्थानहरुमा नेपाल ए.पी.एफ. अस्पतालको प्रत्यक्ष प्राविधिक सहयोगमा स्वास्थ्य शिविर सञ्चालन एवम् रक्तदान कार्यक्रम सञ्चालन गरी समाजसेवामा आफूलाई अगाडि बढाउँदै लगिरहेको छ । यसरी शिविर सञ्चालन गर्दा दुर्गम भेग तथा पिछडिएका क्षेत्रहरुलाई प्राथमिकतामा राखी सञ्चालन गर्दै आईरहेको छ ।

यस सशस्त्र प्रहरी परिवार महिला संघले कर्तव्य पालनाको शिलशिलामा शाहदत प्राप्त गर्नुहुने अमर सशस्त्र प्रहरी, घाईते एवम् दीर्घरोगी सशस्त्र प्रहरी कर्मचारीहरुका सन्ततीहरुको हौसला बृद्धि एवम् आर्थिक सहयोग भन्ने सेवाभाका साथ शैक्षिक छात्रवृत्ति प्रदान गर्ने, सशस्त्र प्रहरी कर्मचारीहरुका परिवार तथा एकल महिलाहरुको वृत्ती विकास, आयआर्जन गरी आत्मनिर्भर बनाउने उद्देश्यले सीपमूलक तथा रोजगारमूलक तालिम जस्तै सिलाई कटाई, मैनबत्ती निर्माण, अचार बनाउने, च्याउ खेती तथा ब्यूटी पार्लर अनुशिक्षण तालिमहरु सञ्चालन गरी निजहरुलाई स्वाबलम्बी तथा आत्मनिर्भर बनाउने दिशामा सेवा दिँदै आइरहेको छ । यस्ता किसिमका कार्यक्रमहरु क्षेत्रीयस्तरमा समेत सञ्चालन गरिँदै आइरहेको छ ।

त्यसैगरी सशस्त्र प्रहरी परिवार महिला संघले सामाजिक सचेतनाका कार्यक्रमहरु जस्तै धुम्रपान मध्यपान नगरौं, लैङ्गिकमैत्री वातावरण बनाउँ, नारीलाई आदर सम्मान गरौं, कुरितीमा परिवर्तन गरौं, शिक्षामा जोड दिउँ, सभ्य समाजमा सकारात्मक सोच अपरिहार्य लगायतका जनचेतनामूलक प्रभातफेरी कार्यक्रमहरुको आयोजना गर्दै आइरहेको छ । जसबाट सभ्य समाज निर्माण अभियानमा सशस्त्र प्रहरी परिवार महिला संघले अहम् भूमिका निर्वाह गरेको महसुस गरेको छ ।

हालका समयमा आएर नेपाल सरकार एवम् विभिन्न संघ संस्थासँगको सहकार्यमा बागमती सर-सफाई अभियानमा सहयोग होस् भन्ने उद्देश्यले सशस्त्र प्रहरी परिवार महिला संघले प्रत्येक महिनाको पहिलो शनिबार बागमती सर-सफाई अभियानमा समेत सक्रिय रुपमा कार्य गर्दै आइरहेको छ । स्थापना कालदेखि समाजका विभिन्न क्षेत्रमा सेवाभावले सक्रिय कार्य गर्दै आइरहेको यस सशस्त्र प्रहरी परिवार महिला संघले आगामी दिनमा अझ बढी सक्रियताका साथ समाजसेवामा अग्रसर भई कार्य गर्ने कुरामा कटिबद्ध रहेको छ ।

***लेखल : सशस्त्र प्रहरी परिवार महिला संघकी कोषाध्यक्ष हुनुहुन्छ ।***

DURO PLY®

Royale Touché
LUXURY LAMINATES

*Sanjay Madhogadiya*

**ANNU PLY COMPLEX**

Tripureshwor, (Teku Road), Kathmandu, Nepal.
Tel.: 4260705, 4223772

Commercial Plywood, W.P. Plywood, Sunmica, Mahacol, Block Boards & Formica




**सेवाहरू :**

शुद्ध बँदेल, बँगुर, धराने कालो बँगुर, चिकेनको आइटम,
बफको आइटम, मटनको आइटम पाइनुका साथै
क्याटरिङ्ग सर्भिस, होम डेलिभरी, सेमिनार र पार्टी व्यवस्था छ ।



# नारी सम्वद्ध प्रसङ्गहरु

– सपना पौडेल
अडिट म्यानेजर

नेपाली समाजमा नारी सधैं उत्पीडनमा पर्दै आएको सन्दर्भ र यसका सम्बोधनका लागि बेला बखत सामाजिक, आर्थिक तथा कानुनी सुधार पक्षमा धेरै पहल र बहसहरुका नतिजा आए पनि उत्साहप्रद देखिदैन । पितृसत्तात्मक समाजमा यस्तै हुने भनी आफैलाई दोषी देख्नुले हिनताबोध र समर्पण मात्र हात लाग्ने गरेको छ । राजनीतिक भाषा प्रयोग गर्नेहरु पुँजीवादमा बलात्कारका घटनाहरु सामान्य हुन् भन्न पछि पर्दैनन् । विकसित र सभ्य भनाउँदा राष्ट्रहरुमा समेत अपराध हुन्छन् भनैं नेपालमा बलात्कारका घटना हुदैंमा बबाल मच्चाउनको अर्थ छैन भन्ने मनशाययुक्त भाषणहरु पनि मिडियामा आउने गरेका छन् । तर, ती मुलुकहरुमा मृत्युदण्डको प्रचलन रही आएको विषयमा मौन रहेर आधा सत्य मात्र सार्वजनिक हुने गरेको पाइन्छ ।

नेपाल बीर योद्धाहरुको देश रही आएको छ । यस भूमिमा सीता, भृकुटी आदि पुजनीय आदर्श नारीहरुको जन्मले हामी गौरवान्वित भएका छौं । देवी सरस्वती, लक्ष्मी र दुर्गा भवानीका उपासना प्रत्येक वर्ष अधिकांश नेपालीको घरमा हर्ष उल्लासपूर्ण ढंगबाट मनाउछौं । आदर्श र नैतिकता हाम्रो संस्कारमा बसेको छ । महान् तपस्वी, साधक र योगीहरु साधना निम्ती नेपालभूमिमा स्वर्ग देख्छन् । भगवान गौतम बुद्धको यो पवित्र भूमिमा कलंक लाउन किन तम्सिन छन् अपराधी प्रवृत्ति लिएका प्राणीहरु सबैको चिन्तनको विषय बन्न पुगेको छ ।

सभ्य समाजमा नारीको स्थान सुरक्षित र सम्मानयोग्य मानिएको हुन्छ । झ्याल, ढोका र पर्खालले बनेको भवनलाई घर बनाउन नारीको महत्व हुन्छ । देश विकासका लागि महिला सहभागिता अनिवार्य हुन्छ । पुरुषलाई सफलता दिलाउनमा नारीको अग्रणी योगदान रहेको जो कोही महापुरुषदेखि सर्वसाधारण संसारिकहरुको मान्यता रहेको पाइन्छ । पुराण, किम्वदन्ती, इतिहास र अद्यावधिक दैन्दिन व्यवहारमा यो सत्यता छर्लङ्ग छ । अपवादका रुपमा नारीको जन्म परिवारमा प्राथमिकता पर्दैन । आमाको गर्भमा भ्रूणको लिंग पहिचान गरी संसारको उज्यालो देख्नबाट नारीलाई बञ्चित गरिन्छ । यस्ता गैरकानुनी गर्भपतनका कारण एक सर्वेक्षणका अनुसार नेपालमा पुरुषको संख्याभन्दा महिलाको अनुपात कुनै समय अधिक रहेको तथ्याङ्क रहेकोमा २०७१ मा प्रति सय पुरुषमा महिला संख्या चौरानब्बे र श्रीलंकाको प्रति सय पुरुषमा महिला संख्या अन्ठानब्बे रहेको थियो । लैङ्गिक हिंसा विरुद्धको वर्ष सन् २०१० जसरी नेपाल सरकारले अरु अझ सशक्त कार्यक्रमहरु ल्याउन आवश्यक भएको समयको मांग बनेको छ ।

महिला सहभागिताको विषयमा कुनै पनि क्षेत्रमा राजनीति वा रोजगार सर्वत्र प्राथमिकता महिलालाई हुनुपर्ने प्रसङ्ग उठछन् तर व्यवहारमा त्यसो पाइदैंन । संसदको अभिलेख २०७२ अनुसार नेपालका महिला सभासदहरुको संख्या १७७ रहेकोमा १२४ जनाले पुरुष, ५० जनाले महिला निजी सचिव (पिए) राखेका र तिनजनाले कुनै राखेका थिएनन् । महिलाको छनौटमा महिला पछि पारिन्छ भने विषय गम्भीर हुन्छ । निजामती सेवाको राष्ट्रसेवक कर्मचारीहरुमा महिला सहभागितालाई प्रोत्साहन मिले जस्तै नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरीले महिला सहभागितामा बृद्धि गर्दै लगेको लोकतान्त्रिक परिपाटीमा स्वागतयोग्य कदम हो ।



कथा

# विडम्बना

-विष्णुलाल श्रेष्ठ
तनहुँ ।

बिहानीपख कुहिरो अलिक हटे पछि बाटो तीरको झ्यालको पर्दा खोलेँ तैपनि कुहिरो छ्याङ्ग भैसकेको थिएन । भरखरै खुलेको कच्ची सडकको किनाराबाट माघे सक्रान्तिको मेला भर्न जाने लोग्ने मान्छे र स्वास्नी मान्छेहरूको ताँती एक किसिमले रमिता हेरी रहुँ जस्तो थियो । पँधेरोमा पानी भर्न जानेहरूको डफ्फा भने कमै देखिन्थ्यो । आज त म पनि घाट नुहाउन जानुपर्ने हो तर रेश्मा अहिलेसम्म आईपुगेकी छैनन् । बाटोमा देखिने ताँती र आउनु-जानुको क्रमलाई हेर्नआज मैले घर धन्दाको झन्झटबाट पन्छिएको छु । पूर्वबाट उदाउने घामको किरणले बार्दलीको तुषारोलाई ओभानो बनाउँदै जान्छ । हुलमा कताकती हिँडिरहेको युगल जोडी देख्दा कल्पनाको कुनतन्द्रामा डुब्न पुगेछु -'ए मोरी कमला, एतिखेरसम्म केको बिछ्याउनामै गुडुल्की राखेको, बाहिर हेरन कतिवटा डफ्फा घाटमा पुगिसके', भन्ने रेश्माको अत्तालिँदो स्वरले अचानक झस्किन पुग्छु ।

यति कुरा भन्न नपाउँदै रेश्मामलाई झ्यालको नजिकै तान्छे । -उ......! त्यो सडक छेउको बकैनाको बोटनेर हेर त कमला, त्यहाँ तिमी ३ जना मान्छे हिँडिरहेको देख्छौ हैन ? अलि कुहिरो हटेर उज्यालो पसिसकेको सडकको किनारामा ३ वटा आकृति साऱ्है मन्दगतिमा हिँडिरहेको प्रष्टै देखिन्थ्यो । मैले भनेँ-हो रेश्मा, यिनीहरू त कोही परिचितझैँ लाग्छन् । ल, तिमी पनि कस्तो मान्छे, हेरन उ... त्यो अगाडि हिँड्ने चाहिँ भूपाल हो, पछाडि बायाँपट्टिको उनैकी पत्नी सुशिला हुन् र दायाँपट्टिको तिमीले चिनिनौ ?अहँ मैले त ठम्याउन सकिनँ । नयाँ दुलही जस्तो भएर नचिनेको हो कि । होत भूपालकी कान्छी नवदुलही....! -के ? भूपालकी नयाँ दुलही ! तिमी ठट्टा गर्दैछौ रेश्मा । अनित के ठट्टा गर्नु भएको कुरालाई !आफू ले त सबै हेरेर आएको ।

हँ ! तर ठट्टा होईन, वास्तविक हो । भूपालले अर्की विवाह गरेछ । आज रातभरिको अनौपचारिक विवाह विधि र साङ्गोपाङ्गो यथार्थ रूपमा रेश्मा बयान गर्दै जान्छे । कुनै भोज भतेर र निम्तो विना नै देवी रमणले आज अर्की लक्ष्मी भित्र्याएछन् । कस्तो अचम्म ! कसैलाई केही थाहा छैन । तर सुशिला यो सबै जान्दछे । सुशिला माथि यत्ति ठूलो बज्रपात आउने कुरा कसैले सोचेका थिएनन् । भित्र भित्रै औडाहा भएपछि झ्यालका सबै पर्दाहरू खोलिदिन्छु । यतिखेर ती तीनवटा आकृति धेरै पर पुगिसकेका छन् । तैपनि मेरो अन्तर हृदयमा त्यही बकैनाको बोटनेरको मन्दगति मात्र जीवन्त छ । चुपचाप कल्पनामा कुरा खेलाउँदै रेश्माको व्याख्यान सुनिरहन्छु, सुशिलाको अनुपम उदारतालाई के भनेर उपमा दिउँ । -त्यसो भए तिनीहरु घाट नुहाउन हिँडेका ! -हैन, भूपालको अफिसमा बिदा सकिएर विराटनगर जान लागेको, शुसिला नव दम्पतिलाई

बाटोसम्म पुऱ्याउन आएको रे ! ओहो ! शुशिलाको यो कस्तो आर्दशता हो !

रेश्मा गइसकेपछि एकोहोरो मन लिएर यताउता डुल्छु, कतै काममा पटक्क हातलाग्दैन । म फेरि झ्यालनेर बस्न जान्छु र बकैनाको बोटतिर आँखा तन्काउँछु । परबाट उही सुशिला फर्किरहेकी एउटा मात्र आकृति देख्छु । उनी सरासर बकैनाको बोटबाट सिधै मेरो घरनेरको गल्छैँडो भएर माथि लाग्छे । हतार-हतार म तल ओर्लन्छु । जम्काभेट हुन्छ, म सहानुभूति प्रकट गर्न उदास भएको बखत उनको अनुहारमा किन यति विधि कान्ति ! कस्ती हँसिली ? म छक्क पर्छु, मनभित्र कतै व्यथा नलुकेको जस्तो कति उज्यालो ! आफैँ माझन डाहा लागेर आउँछ । म वास्तविकता सोध्न सक्दिन र उनी बताउन सक्दिनन् । तैपनि म बलै बुझ पचाउन खोज्छु-कता पुगेर आएकी सुशिला यति बिहानै ? -बैनीलाई त्यहीँ परसम्म पुऱ्याएर आएकी । उफ् ! यिनी के उही पहिलेकी चञ्चले सुशिला हुन् ! अझै पनि अनुहारमा केही परिवर्तन र विषाद् छैन । म केही ठम्याउन सक्दिन । दुईचार वटा कुराको सीलसिला पछि उनी उकालो लाग्छीन् । म चुपचाप त्यही गोरेटोलाई पछ्याउन पुग्छु जहाँ तीनको जिन्दगीको कथाको शुरुवात हुन्छ ।

आजभन्दा ३० वर्ष अघि संयोगको कुरा हो, आजैका दिन बाजागाजा र जन्तीको बीचमा ताम्दानको रातो चदुँवा भित्र सुशिला भूपालकी दुलही भएर यही बाटो उकालो लागेकी थिईन् । दायाँ बायाँका गल्छैँडा र कुइनेटाहरूबाट धेरै मानिसले सम्पन्न परिवारको त्यो अनमोल प्रेम विवाह हेरेका थिए । बुहारी भएर भित्रिए पछिका अनेकन इच्छा आकांक्षाहरु पूरा हुन सके पनि यो घर अनि समाजको निमित्त तीनले आफ्नो कोख भने भर्न सकिनन् । त्यो उनको भनौं या ईश्वरको दोष ! यो कस्तो विडम्बना ! हुन त विवाह भएको वर्ष दिन पछि लोग्ने भनाउँदो जागिर खान शहर हिँडेको थियो । वर्षमा मुश्किलले एक पटक आउँथ्यो वा आउँदैनथ्यो पनि अथवा किन आउँदैनथ्यो उनै जान्दछन् । सुशिलाले लोग्नेसँग शहर जाने रहर कहिलै पूरा गर्न सकिनन्/पाईनन् । सन्तान नहुनु पूर्वजन्मको अभिशाप त पक्कै होईन तर यो अन्धो समाज र जिम्मेवार मान्छेले कहिल्यै राम्रोसँग सोच्न सकेनन् । भित्रभित्रै जलेर बाहिर मुस्कान छर्न खोज्ने सुशिलाजस्ती आदर्श नारीको सम्मान आजको खाँचो भए पनि समाजले अझै त्यो सम्मान दिनसकिरहेको छैन । ३० वर्ष बितेर पनि सन्तानको सुख देख्न नपाउनु कानुनले श्रृजेको बित्ताभरको परिधिमा फुक्का हुन चाहने समाजले नारी समानता र स्वतन्त्रताको अर्थलाई बिटुल्याउन खोजेझैँ प्रतीत हुन्छ ! बदलिँदो परिस्थितिमा सन्तानको रापले पोलिँदा एउटा नारीको हृदयमा कसरी कुठाराघात गर्नसक्दा रहेछन् आजका मान्छे !

जिन्दगी जिउनुको क्रममा संसारको रिती स्थिति यस्तै न हो, वर्षदिन पछि म धेरै टाढा पुगिसकेकी हुन्छु । आफ्नै पारिवारिक परिवेश, परिस्थिति र बाध्यताले आफू जन्मेको ठाउँसम्म पुग्न फुर्सद पाउँदिन । ६/७ वर्षको लामो अन्तराल पछि काम विशेषले म एकदिन तानसेन पाल्पा पुगेकी हुन्छु । तानसेनको एउटा घरेलु व्यवसायमा

तानको अगाडि ८/१० जना महिलाहरू राखेर प्रशिक्षण दिईरहेकी एक सौम्य नारी देख्दा अचानक सुशिलालाई सम्झन पुग्छु । उनै सुशिला हुन् कि जस्तो पनि लाग्यो । नजिकबाट देख्दा त्यति अपरिचित किन हुन सकिन्थ्यो र ! आश्चर्य ! सुशिला आज यति टाढा कहाँबाट ? कहिले आयौ ? किनआयौ ? के गर्दै छौ ? भेट हुना साथ सोधेँ । मेरा धेरै प्रश्नहरुको उत्तर दिनुको साटो उनी मुस्कुराईरहेकी हुन्छिन् । ३० वर्ष अघिको संघर्षपूर्ण क्षणमा देखेको अनुहारको लाली अझै त्यस्तै लाग्छ । कोही असह्य वेदनालाई छातीभित्र दबाएर समाजमा उत्कृष्ट नागरिक बन्न अरुलाई समेत प्रोत्साहन दिईरहेका हुन्छन् । सारा प्रश्नहरुको उत्तर दिँदा पनि मर्म स्पर्शी वेदनाहरू सजिलैसँग अनुहारमा छिपेको भानहुन्थ्यो । त्यतिखेर निरश जिन्दगी बिताउनु परे पनि लोग्नेको वचन र भरोसा सुशिलालाई निकै लागेको थियो । तर त्यहाँ पनि अर्को विश्वासघात हुन्छ, ४ वर्षसम्म लोग्ने एक पटक पनि घर फर्केर आउँदैन । चिट्ठी लेख्छे तर कुनै जवाफ आउँदैन । घरका अन्य परिवारबाट समेत उपेक्षापूर्ण व्यबहार भए पछि तिनी असह्य वेदनाले छटपटिन्छिन् ।

सुशिलाको स्वच्छ तर निश्चल नारी अन्तर हृदयमा एउटा ज्वालामुखीको विष्फोट हुन्छ-'ए उठ, जाग नारी' त्यसपछि एउटा निर्णय लिन्छे- अब त नारी पनि आफ्नै स्वतन्त्र अस्तित्वमा बाँच्न सक्छे । अन्तमा, एकदिन सुशिलात्यो घर अनि समाजलाई त्यागेर तानसेनको घरेलु उद्योगमा काम गर्न आईपुग्छे । दिन, महिना र वर्ष पछिको अनवरत प्रयासले आज सुशिला सानै भए पनि आफ्नै व्यवसायको श्रृजना गरेर आफु जस्तै अरु कैयन महिलालाई युग सुहाउँदो जीवन्त मार्गदर्शन गराउन सक्षम छिन् । एकातिर मलाई उनको विगत दिनहरुको सम्झनाले विह्वल बनाएको थियो भने अर्कोतिर नारी जागृतिको युगान्तकारी क्षणमा सुशिलाको यो प्रयास देख्दा हर्षविभोरले ज्यादै पुलकित भएकी हुन्छु । केही बेरसम्मको कुराकानी पछि म बिदा हुन्छु । ढोकाबाट निस्किन साथ म फेरि सुशिलातर्फ एकपटक फर्कने चेष्टा गर्छु तर उनी तुरुन्तै आफ्नो काममा व्यस्त हुन्छिन् । म अनमन्यस्कभावले आफ्ना पाईलाहरु अगाडि बढाउँदै जान्छु, कुनाकाप्चाका कपडा बुन्ने तानहरूको आवाज सजीव भएर यी कर्नपटमा विस्तारै मलिनहुँदै जान्छन् ........।

अस्तु !

(कथाकार विश्वशान्ति क्याम्पस काठमाडौंका प्राध्यापक हुनुहुन्छ ।)

## चुट्किला

**शिक्षक : विद्यार्थी भाइबहिनीहरू हो ! तिमीहरू सबैले आफ्नो कापीमा रेलको चित्र बनाओ ।**

*(केही क्षणपछि शिक्षक विद्यार्थीहरुको कापी हेर्दछन्)*

*उनले एउटा केटाले ठूलो बट्टा बनाएको देख्छन् ।*

**शिक्षक : तिमीले कापीमा रेलको चित्र कहाँ बनायौ नि ?**

**विद्यार्थी : सर, मेरो रेलको चित्र त बट्टाभित्र छ ।**



# नेपालको संविधान र मुलुकी देवानी संहिता (ऐन) मा नारीको सम्मान

–श्रद्धादेवी मानन्धर
सिनियर डाटा विश्लेषक

नेपाली कानुनले छोरा र छोरीमा कुनै विभेद छैन भनेको छ। तर, यथार्थमा कागजी लिखत र व्यवहारमा धेरै अन्तर देखिदैं आएको सन्दर्भमा केही आशलाग्दा उपलब्धि नयाँ मुलुकी देवानी संहिता ऐनले दिएको प्रसँग टड्कारो रुपमा दृश्यमान भएको छ। छोरीले बाल्यकालदेखि विवाह योग्य उमेरसम्म परिवारमा सधैं दोस्रो दर्जाको व्यवहार भोल्दै आएको कटुसत्य जगजाहेर छ। बेलाबखतमा नारी अधिकार सम्बन्धी चर्का भाषणहरु सार्वजनिक हुँदै बिलाउँदै बर्षायामको पानीको भेलमा पानीका फोका साबित भएका छन्। समस्त धर्मग्रन्थहरुमा नारीको इज्जत गर्न प्रेरणादायी श्लोक र वाणीका भण्डार फगत मृग मरीचिका तुल्य भौतिक अस्तित्वविहीन खोक्रा आश्वासन सरह बिलिन हुन्छन्।

वर्तमान शासन व्यवस्थाको नयाँ संविधान र नयाँ कानुनको संहिताले अपूर्व ऐतिहासिक प्रावधान नेपाली नारी जगतलाई ल्याई दिएको छ। यसबाट राज्य र जनताको कल्याणकारी सोचले मुर्तरुप पाउने भरपर्दो माध्यमको सृजना भएको छ। छोरीले आफु शिशु छँदाको अवस्थादेखि घरमाआमालाई सघाउन भान्साको सानोतिनो काममा सहभागी हुँदै दाजुभाइ, दिदीबहिनीहरुको रेखदेखमा पनि अहम् भूमिका निर्वाह गर्दै आएको हुन्छ। खानपिन, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत क्रियाकलापहरुमा समेत सदैव पछि पारिने उसको नियति रहँदै आएको छ। सफासुग्घर रहने, चिल्लोमिठा व्यन्जन खाने, राम्रा पहिरन लाउने, दशैंतिहार आदि चाडपर्वमा रमाउने क्रियाकलापहरुमा छोरा पछिका पालो पर्खाइमा रहँदै आएकी नेपाली चेलीहरुको मुहारमा अबखुशीका ज्योती भाल्किने छन्।

२०७५ भाद्र १ गतेबाट मुलुकी देवानी संहिता ऐनले छोरीलाई पैत्रिक सम्पत्तिमा छोरा सरहको बराबर हकदार हुने व्यवस्था गरेको छ। यस्ता कानुनी अधिकारले महिलालाई निसहाय र परनिर्भरशील हुनुपर्ने बाध्यताको जन्जिरबाट मुक्ति दिलाएको छ। धार्मिक पुस्तकहरुमा सीमित नारी शक्तिका प्रतिक लक्ष्मी, सरस्वती र दुर्गा भवानीका साकार रुप नेपाली नारीवर्गले अनुभूति गर्न पाउने छन्।

मुलुकी (संहिता) ऐनको परिच्छेद १० को अंशबन्डासम्बन्धी व्यवस्थाको दफा २०५ मा सगोलको सम्पत्ति अंशबन्डा गर्ने प्रयोजनका लागि पति, पत्नी, बाबु, आमा, छोरा, छोरी सबै अंशियार मानिनेछन् र दफा २०६ मा प्रत्येक अंशियार अंशको समानहकदार हुनेछन् उल्लेख छ। अन्तरिम संविधान २०६३ मा पनि छोरीले पैत्रिक सम्पत्ति पाउने उल्लेख भए तापनि कार्यान्वयन पक्षमा अन्य सहायक कानुनको कमि भएको कारण लागु हुन सकेको अवस्था थिएन। विगतका संविधानहरुमा समेत नारी अधिकारको पृष्ठपोषणका प्रयास भए तापनि कागजी घोडाभन्दा बढी केही हुन सकेन। मुलुकी ऐन २०२० मा अविवाहिता छोरी ३५ वर्ष उमेर नाघे पछि मात्र अंशको हकदार हुने प्रावधानको कमजोरी पक्षको सुधार गर्दै अन्तरिम संविधान २०६३ मा छोराछोरी दुवैको बराबरी हक लाग्ने बनेको थियो। अन्ततः यो प्रयास २०७५ मा फलीभुत भएको छ।

नेपाली पितृसत्तात्मक समाजको नितान्त सुधारोन्मुख यो राज्यको कल्याणकारी कानुनी प्रणाली वास्तवमा अरु छिमेकी मुलुकहरुका लागि पनि अनुकरणीय हुनेछ। साथै यसको आलोचना पनि प्रशस्त हुने सम्भावना जीवन्त रहने छ। यस्ता समतामूलक न्यायले छोराको एकल अधिकारमा कुठाराघात गरेको हुनाले दाजुबहिनी र दिदीभाइबीच मधुर सम्बन्ध नरहने बरु प्रतिद्वन्दीको रुपमा एक आपसमा प्रतिस्पर्धा हुने तर्क अगाडि आउने छन्। बैज्ञानिक आविष्कारदेखि चन्द्रलोक पुग्न महिला पछि परेका छैनन्। युद्धको मैदानमा भारतीय भाँसी बिराङगना महारानी लक्ष्मीबाईदेखि साहित्य रचनामा नेपालकी पारिजातलगायत राजनीतिमा प्रत्यक्ष योगदान गर्ने जनकपुरकी राजकुमारी सीता र नेपाली राजकुमारी भृकुटीको ज्वलन्त दृष्टान्तका साथै बेलायतको राजपरिवारमा छोराका स्थानमा महारानी भिक्टोरिया र वर्तमान महारानी एलिजाबेथ द्वितीयाले राज्यसत्ता धानेको इतिहास साक्षी छ।

अतः परिवार, समाज र राष्ट्रनिर्माणका निम्ती सदा भैं नेपाली नारीहरु आ-आफना स्थानबाट तत्पर रहदैं नयाँ मुलुकी देवानी ऐनको स्वागत गर्दछौं।



## सशस्त्र प्रहरी बल

-ओम प्रकाश
सप्रसह
साँस्कतिक तथा बाद्यबादन
गुल्म (साँस्कृतिक)
स.प्र.बल, नेपाल प्र.का. ।

यो देश यो बर्दी यहि नै हो हाम्रो शान
यी जनता यो धर्ती यही नै हो हाम्रो ज्यान
थोपा थोपा बन्न सक्छ देशको निम्ती रातो रगत
ठाडो शिर कालो नयन गरि हेरे हाम्रो जगत
